# अध्याय- एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाल विभिन्न जातजाति, भाषा, धर्म र सांस्कृतिक विविधताले भरिएको देश हो । यही विविधता नै नेपाल राष्ट्रको विशिष्ट पहिचान हो । यहाँ बसोवास गर्दै आएका विभिन्न जनजातिहरूमध्ये ५९ समूह जनजातिहरू पर्दछन् (२०५९, वर्ष २०,अङ्क ११, भाद्र, आन्तर्राष्ट्रिय मञ्च) ।

संस्कृति र इतिहास यस्ता तत्त्व हुन जसले राष्ट्र, समाज र जातिलाई अमर तुल्याइदिन्छन् । नेपालमा रहेका विभिन्न जनजातिहरूमध्ये थारू जाति पनि एक हो । अरु जातिको पनि आफ्नै संस्कृति छ । विभिन्न जनजातिहरूको समष्टिगत रूप नै नेपाली संस्कृति हो । कुनै विशेष संस्कृति लोप हुनु नेपाली संस्कृतिको लोप हुनु हो । नेपालको वि.सं २०५८ को राष्ट्रिय जनगणना अनुसार नेपालको कुल थारूहरूको जनसंख्या १५,३३,८७९ रहेको जसमध्ये पुरुष ७५८९५५ जना छन भने महिला ७७४९२४ जना रहेका छन् । अर्थात कुल जनसंख्याको ५.८६ प्रतिशत थारूहरूको जनसंख्या रहेको छ (केन्द्रीय तथ्याङ्क विभाग, २०५८) । जनसंख्याको हिसाबले पनि थारू जनजाति सबैभन्दा ठूलो जनजाति हो । भाषागत आधारमा २०५८ को जनगणना अनुसार नेपालमा कुल १३,३१,५४६ जनाले थारू भाषा बोल्दछन् ।

नेपाल आर्य र मङ्गोल हाँगाका विभिन्न जनजाति बसोवास गर्दछन् । हिमाली क्षत्रेमा शेर्पा, थकाली पहाडमा ब्राह्मण क्षेत्री राई, लिम्बु, तामाङ, चेपाङ्ग मगर, गुरुङ नेवार र तराई क्षेत्रमा थारू, धिमाल, यादव बसोवास गर्दछन् (जनजाति उत्थान प्रतिष्ठान, २०५३) ।

तराई क्षेत्र बढी उर्वर भएको र भौतिक पूर्वाधार सजिलै निर्माण गर्न सकिने भएको कारणले विभिन्न जातिहरू यहाँ बसाई सराई गर्न पुगे । अझ प्रजातन्त्रको स्थापनापछि देशमा सुरु भएको आधुनिकीकरणको प्रक्रियाले यस क्षेत्रमा सामाजिक क्षेत्रमा व्यापक परिवर्तन आई शैक्षिक, यातायात तथा सञ्चारको द्रुततर विकास हुन

जाँदा बसाईसराइको चाप पनि अत्यधिक पर्न थाल्यो । जसले गर्दा यस क्षेत्रमा मुख्य आदिवासीको रूपमा चिनिने थारू जातिको मौलिक परम्परा एवम संस्कृतिमा पनि परिवर्तनको प्रभाव देखिन थाल्यो (घिमिरे, २०४४) ।

थारूहरू बसेका तराईको क्षेत्रलाई थारूवान वा थारूहत भन्ने चलन उहिलेदेखिकै हो । विभिन्न आदिवासी जनजातिले परम्परादेखि बसोवास गरिआएको ठाउँलाई खसान, मगरात, किराँत, लिम्बुवान भन्ने प्रचलन भए जस्तै थारूहत पनि थारूहरूको प्रदेश हो । थारू जातिलाई अनादिकालदेखि नै तराईका जङ्गलमा बसी आएका मानिस  भनिन्छ । त्यसैले त उनीहरू आफ्नो माटोसँग छुट्टिन नसक्ने गरी तराईको भू-भागसँग विभिन्न रूपमा गाँसिएका छन् । आजसम्म कुनै पनि थारूले न सीमापारिको भारतलाई नजिकको ठान्छ न पहाड उक्लेर आफ्नो भाग्य जमाउन नै खोजेको छ । भारत स्वतन्त्र हुँदा त्यहाँका थारूहरूलाई भारत सरकारले अनुसूचित जाति अन्तर्गतको सुविधा प्रदान गरे पनि नेपालका थारूहरू भारततर्फ रत्तिभर पनि आकर्षित भएन् (चौधरी , २०६४) ।

नेपालको उत्पत्तिसँगै नेपालमा थारू जातिको उत्पत्ति भएको भन्नुमा दुईमत नहोला । त्यसैले थारू जातिलाई नेपालको आदिवासी भनेको हो । यो जातिको आफ्नै भाषा, संस्कृति, इतिहास र आफ्नो अलग पहिचना छ । यो जाति नेपालमा मलेरिया पचाई बसोवास गर्ने योग्य तथा उर्वरा जमिन बनाई खाद्यान्न उत्पादन गर्ने परम्परा सुरु गरेका हुन् । यो जातिको सम्बन्ध जमिन, जङ्गल र प्राकृतिक स्रोत साधनमाथि रहिआएको हुँदा खोतीमाथि मात्र निर्भर रहेको यो जातिमा अन्धविश्वास अशिक्षा रुढिवादी भएको कारणले आर्थिक, सामाजिक, सांस्कृतिक तथा शैक्षिक क्षेत्रमा पछाडि परेको छ (चौधरी, २०६४) ।

थारूहरू पहिले राजपुतहरूका नोकर थिए । राजपुतका मेवाउका एकजना महाराजालाई राणा भन्ने गरिन्थ्यो । बाह्रौ शताब्दीतिर उक्त स्थानमा मुसलमानहरूले आक्रमण सुरु गरेकारले घरका आइमाईहरूलाई सुरक्षा गर्न दलबलका साथ उत्तर पहाडका जङ्गलहरूमा पठाइयो । लामो समयसम्म पनि आफ्ना पतिहरू नफर्केकाले

उनीहरूले त्यहाँ निम्न जातिका पुरुषहरू र आफ्ना नोकरचाकरलाई पतिको रूपमा स्वीकार गरेर जन्मेका सन्तान नै थारू कहलिए (शर्मा, २०४४) ।

रूपन्देही जिल्ला सौ फर्साटिकर गा.वि.स. मा थारू जातिको परापूर्व कालदेखि नै बसोवास भएको क्षेत्र हो । यो शोधकार्य समाजशास्त्रीय अध्ययन भएकाले यसमा थारू जातिको सामाजिक सांस्कृतिक अवस्थाको अध्ययन गर्नुकोसाथै सहरीकरण तथा औद्योगिककरणले यहाँका थारूहरूको जीवनमा के-कस्ता प्रभाव र परिवर्तनहरू ल्याएको छ भन्ने विषयमा केन्द्रित रहेको छ ।

## १.२ समस्याको कथन

परापूर्व कालदेखि तराईको सुख्खा, जर्जर र घनावनस्पतिले ढाकिएको अवस्थामा रहेको भूमिलाई उर्वर भूमिमा परिणत गर्नुमा थारू समुदायको ठूलो परिश्रम खर्च भएको छ । यद्यपि समाजमा मानवीय अन्तरसम्बन्धको जालो हो । परिवार, विवाह, नाता, धर्म, सामाजिक संस्था हुन् । यिनै सामाजिक संस्थाहरू मिलेर नै समाज बनेको हुन्छ । यी संस्थाहरूले सामाजिक आवश्यकता पूरा गरिराखेका हुन्छन् । थारू समुदायमा मनाइने विभिन्न संस्कारहरू, चाडपर्वहरूको आफ्नै विशेष खालको भूमिका रहेको हुन्छ ।

वि.सं २०२१ पछि हरेक क्षेत्रमा सक्षम मानिएका बाह्य क्षेत्रबाट आएका थारूहरूले सोझा, इमानदार, अशिक्षित रूपमा रहेका थारूहरूलाई हरेक क्षेत्रमा आफ्नो पकड जमाउन सफल भए जसको फलस्वरूप परम्परादेखि प्रयोग गर्दै आइरहेको भूमि गुमाउनुको साथै उनीहरूले लादेको संस्कृति अँगाल्नु पऱ्यो । त्यसैले पनि होला हिजोसम्म सुखी जीवन बिताइरहेका कतिपय थारूहरू आज भूमिहिन भएर कमैया, कमलहरीको रूपमा जीवन बिताउनु परिरहेको छ । यसरी हिजोसम्मका सम्पन्न थारूहरू कसरी आज भूमिहिन , सुकुम्बासी, कमैया बन्न पुगेका छन् भन्ने कुरा पत्याउन कठिन भएको अवसथामा यस विषयको बारेमा अध्ययन अनुसन्धान गर्नु आजको आवश्यक देखिन्छ ।

लुम्बिनी अञ्चल रूपन्देही जिल्ला सौ फर्साटिकर गा.वि.स. मा बसोवास गर्ने थारू समुदायको विगत १० वर्षदेखि यताको सामाजिक सांस्कृतिक अवस्थाको स्थिति

कस्तो छ ? के कस्तो व्यवहारहरूले निरन्तरता पाइरहेको छ र के कस्ता परिवर्तनहरू देखापरेका छन् भन्ने विषयलाई समस्याको रूपमा राखी अध्ययन एवम् विश्लेषण गरिएको छ । अध्ययन गर्ने क्रममा आदिवासी थारुको आगमन, रहनसहन, भेषभूषा, चाडपर्व, पेसा तथा सङ्गठनात्मक परिवर्तनहरूलाई पनि अध्ययन गरिएको छ । तसर्थ यो अध्ययनअनुसन्धान प्रस्ताव निम्न प्रश्नरुमा केन्द्रित रहेको छ ।

क) थारू समुदायले कस्ता-कस्ता चाडपर्वहरू मनाउँदै आएका छन् ?

ख) उनीहरूको जन्म, मृत्यु र विवाहमा के कस्ता संस्कारगत कार्यहरू गर्दछन् ?

ग) थारूहरूको संस्कृतिले उनीहरूको जीवनमा कस्तो प्रभाव पारेको छ ?

घ) यिनीहरूको मौलिक संस्कृतिमा यिनीहरूको विगत दसवर्षदेखि यता के -कस्ता परिवर्तनरु देखापरेका छन् ?

ङ) अन्य जातिहरूसँग भएको सम्बन्धले यिनीहरूको सामाजिक संस्कारमा के-कस्तो परिवर्तन ल्याएको छ ?

## १.३ अनुसन्धानको उद्देश्य

हरेक अनुसन्धानको उद्देश्य रहेको हुन्छ । यस अध्ययनको मुख्य उद्देश्य थारू जनजातिको सामाजिक सांस्कृतिक अवस्था र परिवर्तनका पक्षहरूको अध्ययन गर्नु रहेको छ । यसर्थ यो उद्देश्य पूरा गर्नका लागि निम्न उद्देश्यहरू राखिएको छ ।

क) थारू जातिको सामाजिक तथा सांस्कृतिक अवस्थाको अध्ययन गर्नु ,

ख) थारूहरूको परम्परागत सामाजिक सांस्कृतिक जीवनमा आएको परिवर्तनहरू पहिचान गर्नु ।

## १.४ अनुसन्धानको महत्व र सान्दर्भिकता

समाजशास्त्रीय वा मानवशास्त्रीय दृष्टिकोणमा समाजमा रहने जनजातिहरूको अध्ययन एउटा महत्वपूर्ण अध्याय हो । यस्ता अध्ययनहरूले स्थानीय समाजको स्वरूप, जनजातिहरूको भूमिका, सामाजिक तथा आर्थिक स्थितिको जानकारी गराउनुको साथै अल्पसंख्यक जनजातिहरूको संरक्षण र विकासका लागि पथ प्रदर्शनको काम गर्दछ ।

हरेक जनजातिका आफ्ना मौलिक संस्कृतिहरू छन् । प्रत्येक संस्कृतिले राष्ट्रिय गौरवको प्रतिनिधित्व गर्नुको साथै समाजलाई व्यवस्थित रूपले सञ्चालन गर्न

महत्वपूर्ण भूमिका खेलेका हुन्छन् । आधुनिकीकरणको प्रभावमा मौलिकतालाई बचाई राख्दै परिवर्तनशील समाजमा समायोजन हुन सक्नु नयाँ पीढिलाई चुनौतिको विषय हो । पूर्खाले आर्जेको मूल्य र मान्यता लोप हुन नदिन समसामयिक वैज्ञानिक खोजहरूको आवश्यकता पर्दछ र यस्ता खोजहरूले सामाजिक मुल्य र मान्यताहरूलाई बचाई राख्न सजग गराउँछन् । यसर्थ यस अध्ययन गर्नुको महत्व यस प्रकार छ -

क) अध्ययन क्षेत्रका थारू समुदायको सामाजिक सांस्कृतिक तथा आर्थिक पक्षको स्थिति थाहा पाउनुका साथै परिवर्तनहरू के कस्ता भए थाहा पाउन सकिन्छ ।

ख) यो अध्ययनबाट जनजातिहरूको अध्ययन अनुसन्धानमा चासो राख्ने स्वदेशी, विदेशी अनुसन्धानकर्ताहरूलाई सहयोग हुनेछ ।

ग) यस अध्ययनबाट भविष्यमा थारू जातिको बारेमा बुझ्न चाहने व्यक्ति, संस्था, योजनकर्ता आदिलाई सहयोग मिल्नेछ ।

घ) यो अध्ययनबाट थारू जनजातिका विभिन्न चाडपर्व, संस्कार र प्रथाहरूको बारेमा जानकारी प्राप्त गर्न सकिनेछ ।

ङ) थारू समुदायमा लक्षित गरेर बनाइने कार्यक्रमहरू सञ्चालनको योजना निर्माण कार्यमा सहयोग गर्नेछ ।

च) मौलिक संस्कृतिको जानकारी प्राप्त हुनेछ ।

## १.५ अध्ययनको सङ्गठन

यस सौ फर्साटिकर गा.वि.स. को थारू जातिको सामाजिक सांस्कृतिक अवस्था र परिर्वतन एक समाजशस्त्रीय अध्ययन शीर्षक भएको शोधपत्रलाई सात भागमा वर्गीकरण गरिएको छ । यसअन्तर्गत अध्याय एकमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अनुसन्धानको उद्देश्य, अनुसन्धानको महत्व र सान्दर्भिकता र अध्ययनको सङ्गठनको ढाँचालाई स्पष्ट हुने गरी चर्चा गरिएको छ । त्यसैगरी अध्याय दुईअन्तर्गत सान्दर्भिक साहित्यको पुनरावलोकन, अध्याय तीनमा अनुसन्धान विधि, अध्ययन क्षेत्रको छनोटको औचित्य, तथ्याङ्कको प्रकृति र स्रोत, समग्रता र नमुना छनोट, तथ्याङ्क सङ्कलन विधिहरू, अन्तर्वार्ता, अवलोकन, प्रश्नावली, प्रमुख जानकार व्यक्तिहरूसँगको अन्तर्वार्ता, द्वितीय स्रोत, तथ्याङ्क विश्लेषण प्रक्रिया अध्ययनको सीमा

समावेश गरिएको छ। अध्याय चारमा अध्ययन क्षेत्रको चिनारीको बारेमा छोटकरीमा विवरण प्रस्तुत गरिएको छ । अध्याय पाँचमा सौ फर्साटिकर गा.वि.स. मा बसोवास गर्ने थारू जनजातिहरूको आर्थिक तथा सामाजिक स्थितिका सूचक प्राप्त तथ्याङ्कहरूलाई तालिकीकरण गरी व्याख्या र विश्लेषण गरिएको छ। त्यसैगरी अध्याय छ मा थारू जातिको विभिन्न संस्स्कारगत कार्यहरूमा आएको परिवर्तनको बारेमा उल्लेख गरिएको छ । अध्याय सातमा समग्र अध्ययनको सारांश र निष्कर्ष उल्लेख गर्नुका साथै सन्दर्भ सामग्रीको सूची पनि समावेश गरिएको छ

# अध्याय दुई

# सान्दर्भिक साहित्यको पुनरावलोकन

## २.१ ऐतिहासिक पक्ष

नेपालको विभिन्न क्षेत्रमा बसोवास गर्ने जातजातिहरूको सांस्कृतिक, सामाजिक, आर्थिक अवस्थाको अध्ययन त्यति पुरानो छैन । वि.सं. २००७ मा राणाशासनको अन्त्य भएपछि नेपालमा समाजशास्त्रीय मानवशास्त्रीय अध्ययनको सुरुवात भएसँगै स्वदेशी तथा विदेशी समाजशास्त्री तथा मानवशास्त्रीहरूले खोजमूलक कार्यहरू गरेको पाइन्छ । यसै क्रममा नेपालमा सर्वप्रथम डोर्फले (१९६४) मा शेर्पा समुदायको अध्ययन गरेका थिए । नेपालीले (१९६५) मा पाँगामा बसोवास गर्ने नेवारहरूको आर्थिक, सामाजिक र सांस्कृतिक पक्षबारे अध्ययन गरेका थिए । नेपालको समाजशास्त्रीय, मानवशास्त्रीय अध्ययन गर्ने स्वदेशी तथा विदेशी विद्वान्‌हरूमा ओटनर (१९७८), क्याप्लन (१९७२), क्याप्लन एल (१९७०), विस्ट (१९९१,२०३९), रेग्मी (१९९२), शर्मा(१९७७), मोनलार ( १९८१) आदि हुन् ।

नेपालमा थारू जनजातिको अध्ययन गर्ने पहिलो श्रेय पाउने माननवशास्त्री डोरबहादुर विष्ट हुन् । उनले आफ्ना दुईवटा पुस्तक 'People of Nepal 1980' र सबै जातको फुलबारी -२०३९ मा नेपालमा बसोवास गर्ने विभिन्न जातिहरूको ethnographic विवरण दिने क्रममा थारू जातिसम्बन्धी खोजमुलक विवरणमा भनेका छन्- “थारूहरूको बनोटमा देखिने मङ्गोलियन आकृतिको प्रत्यक्ष असर हालसालको नयाँ कुरा हुन सक्दैन्, किनभने पश्चिम पहाडमा खस आर्यहरू आई पुग्नु भन्दा अघि मात्र मङ्गोलियन आकृतिका मानिसहरूसँग पश्चिम तराईमा बस्ने थारूहरूको सर्म्पक भएको हुन सक्दछ । खस आर्यहरू यस क्षेत्रमा बस्न थालेपछि कोही पनि मङ्गोलियन आकृतिका मानिस सुदूर पश्चिम पहाडमा देखिएका छैनन् । त्यो समयलाई पछ्याउन खोज्ने हो भने त्यसै पनि हामीले ३००० वर्ष जति पछाडि फर्कनु पर्नेछ । अनि त्यस बेलादेखि थारूहरूलाई तराइमा बसी आएको मान्ने हो भने राजपुत आईमाईका सन्तान भन्ने केवल ५०० वर्ष अघि मात्र हुन सक्ने घटनाक्रमसँग थारू जातिको उत्पत्तिलाई गाँस्न मिल्दैन (विष्ट,२०५५: ८८-८९) ।

थारूहरू पिछडिएका जाति हुन् जो प्राचीन जङ्गलमा शिकार गर्ने र कन्दमुल जम्मा गरेर जीवननिर्वाह गर्ने एकान्तवादी थिए । अत्यधिक जनसंख्यामा पढलेख गर्न सक्ने किसानहरू त्यति बेला कुशल किसान थिए र आवादकर्ता थिए र अहिले पनि छन् । उनीहरूको काम त्यति कुशलताका साथ अरुबाट सम्भव थिएन । थाहरूहरू बस्ती बसाल्ने र गाउँको विकास गर्ने समुदायका रूपमा परिचित थिए । तराईका यी विधिहरूबाट त्यति बेला मात्रै आर्थिक उपलब्धी हासिल गर्न सकिन्थ्यो । ठूलाठूला खेतबारीहरू र जङ्गलबाट प्राप्त हुने अन्य उत्पादनहरूले राजकाज चलाउन अत्यावश्यक राजश्वको ठूलो भाग उपलब्ध गराउन सकिन्थ्यो थारूहरूका मुखिया तथा नेताहरूले राजदरबारलाई पुऱ्याएको सेवावापत भु-दान बकस पाउँथे र ती थारू किसानहरूले उत्पादन गरेको बालीबाट उठेको कर नै राजाहरूको आयको थियो ( चौधरी, २०६४) ।

थारूहरू नेपालका आदिवासी हुन् । नेपालको अधिकांश सिंचाई सुविधा भएको भूमिमा थारूहरू बसोवास गर्दै आए । तिनीहरूले औलो प्रभावित तराई क्षेत्रको भूमि आवाद गरेर तथा विभिन्न बालीहरू उब्जाएर राजधानीदेखि धेरै टाढा बसोवास मात्र गरेनन् । सरकारी राजस्वमा योगदान गर्न पनि सफल भए । यसबाहेक शान्तिपूर्ण र आदिवासी थारू समुदायको एउटा आफ्नै भेषभूषा र संस्कति तथा देवी देवता थिए । जब तिनीहरूको जीवनपद्धति खतरामा पऱ्यो त्यतिबेला तिनीहरू एक ठाउँबाट अर्को ठाउँमा बसाइ सर्न पनि हिच्किचाएनन् । करिब २०० वर्ष पहिले जतिबेला सरकारले नवलपरासी जिल्लाका थारूहरूको परम्परागत संस्कृतिमा हस्तक्षेप गर्न थाले तब तिनीहरूले आफ्ना भिटीगुन्टा कसे र मुगलानतिर लागे । त्यसपछि त्यो जिल्लाको भूमि मानव विहिन भयो । सरकारी ढुकुटीमा आम्दानी कम भयो । त्यतिबेला सरकार के कुरामा चिन्तित थियो भने नवलपरासीको औलोग्रस्त भूमिमा थारूबाहेक अरु कोही बस्न सक्दैनथ्यो र वि.सं १८६२ र ६४ मा क्रमश: जयनन्द थनैत र टीका पञ्चियारका नाउँमा दुईवटा लालमोहर जारी गरिए । जसअनुसार थारूहरूलाई आफ्नो भूमि फर्काउन त्यहाँ बस्ती बसाउन र जङ्गल फाँड्न सहयोग गर्न आदेश दिइयो (पञ्जियार, २०५५) ।

संस्कृतिका “स्थाणू” वा ‘स्थारू’ शब्दको अर्थ थारू मानेका छन् यसैलाई आधार मान्ने हो भने अंग्रेजबाट (एंगलो), चिनिया (सिनो), भारत (इण्डी) भने जस्तै संस्कृत शब्दहरू (भान), स्थल (थल) मान्न सकिन्छ संस्कृत व्याकरणमा सबै धातु (पुलिङ्ग) एक बचनमा थर्वा बहुवचनमा  थर्वाण स्त्री लिङ्गमा थर्वणी मानेर नेपाली भाषामा थर्वाबाट थारू, थर्वाणीबाट थरुनी भनिन्छ । थारू भाषामा थर्वालाई धेरै जनाएकोले एक ठाउँबाट अर्को ठाउँमा सर्ने स्थायी घरबास बनाएर नबस्ने खालका भन्ने अर्थ लगाउन सकिन्छ भनेर उल्लेख गरेका छन् ( गौतम, २०४४) ।

## २.२ थारु जातिको उत्पत्ति

थारू जातिको उत्पत्ति मुख्य गरेर मङ्गोल समूहबाट भएको हो । रेग्मी (२०३५) थारू जातिको उत्पत्ति कहिले र कहाँबाट भएको हो भन्ने खोजीको क्रममा थारू जाति किराँत नै हुन र पहाडमा रहेका किराँत बोली बोल्ने मङ्गोलबाट आर्य भाषा ग्रहण गरी अलग जाति बनेको हो भन्ने मत केही विद्वान्हरूको रहेको छ (शर्मा, २०४४) ।

थारू जातिको वर्ग विभाजनलाई प्रष्ट्याउन शर्माले पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म पाइने अनेक थरका थारूहरूको नाम यस प्रकार दिएका छन्- कठरीया, कन्कटा, कोविला, खरल, खवास, खस, खाँ, खुनाहा, खौरिया, गच्छदार, चित्तौनिया, चौधरी जोगी, ढगरिया, तावेदार, थन्ढार, दनुवार, ढंगोरा, ढाङ्ग, बढिया, परियार, बर्दिया, बह्ननिया, बाठ, बाटर, बोक्सा, बोर, भगत, भटगनिया, मझौरा, मर्दनिया, महन्त, मठटाउता, माझी, मोरङ्गीया, रजुडिया, राजाघरैया, राजघटिया, राना, राजी, रौतार, लम्फुझवा, ताजपुरिया, विरवास, सर्दार, सुनहा, सोलरिया र हेमजलिया (शर्मा, २०३९) ।

नेपाल तराई भित्री मधेश खोज, जङ्गलका बीच बसोवास गरिरहेको आदिबासी थारू नेपालका आदिम जातिमध्ये पर्दछन् । वन्यजन्तु हुने वनका बीचमा बसेर खेती गर्ने र विकसित संसारदेखि अलग बस्ने भएकाले अन्य जाति भन्दा यिनीहरू पछौटे भए (विष्ट, १९७२) ।

वैज्ञानिक तर्कअनुसार पनि औलो रोग पचाउन लागि त्यस वातावरणमा ३-४ हजार वर्षसम्म घुलमिल हुनुपर्दछ । तराई क्षेत्रमा पहिले व्यापक रूपमा औलो पाइन्थ्यो

र तर थारू जातिहरूमा जति मात्रामा यो रोग लाग्नु पर्ने थियो त्यति मात्रामा नलाग्नुको कारण यिनीहरू धेरै लामो समयदेखि तराईको औलोको वातावरणमा घुलमिल भइसकेकोले नै हो , त्यो समयमा अन्य जातिहरूलाई दण्ड दिनुपर्दा तराईमा पठाउने गरिन्थ्यो (चौधरी, २०५५) ।

औलोको उन्मुलन भन्दा अगाडि थारू जातिको अन्य जातिसँग खासै अन्तरसम्बन्ध थिएन । औलो उन्मुलन तथा भूमिसुधार कार्यक्रम लागू भएपछि बसाइसराई आएका अन्य जातिसँगको अन्तरसम्बन्ध बढ्न थालेको हो । यी कार्यक्रमबाट सोझा, इमानदार तथा नियम पालन गर्ने प्रवृत्ति भएका थारू जातिलाई खासै फाइदा पुग्न सकेन तथा यसको फाइदा चलाख , हेपाहा प्रवत्ति भएका पहाडिया जातिले लिए । चलाख पहाडिया जातिले जमिनदारसँगको मिलेमतोमा अन्य थारूहरूले गर्दा कतिपय थारूहरूले आफूले कमाउँदै आएको भूमिसमेत गुमाउन पुगी आफूले बसेको ठाउँबाट नेपालको पश्चिमतर्फ बसाइ सरेर गएको पाइन्छ (रजौरे, इ.सं. १९७७) ।

तराईको कठिन वातावरणले थारूहरूको जीवनपद्धतिलाई बाह्य वातावरणले प्रभावित पार्न सकेन । नेपालका जनताहरूमा थारूहरू नै त्यस्ता जाति थिए जसले सदियौ देखि औलोसँग भिड्ने शक्ति आर्जन गरिराखेका थिए जसले गर्दा तिनीहरू तराईको विषाक्त तथा रोगगस्त वातावरणमा पनि आफ्नो जीवनचर्यालाई कायमै राख्न सफल भए । बीसौँ शताब्दीको मध्यतिर औलो उन्मुलन कार्यक्रम सञ्चालन गर्नु अघि पहाडका वासिन्दाहरूले लामखुट्टे कै कारणले तराईमा बसोवास गर्न चाहेनन् । निश्चय नै तिनीहरूका लागि वर्षौभरि तराईमा बसोवास गर्नु भनेको मृत्युदण्डको सजाय भोग्नु सरह थियो । यद्यपि जब पहाडतिरका वासिन्दाहरूले तराईलाई परित्याग गरे तब परिश्रमी थारूहरूले तराईका घना जङ्गलहरूलाई गाउँबस्ती र खेतबारीमा परिणत गरे । जङ्गलका बाघहरू, चितुवाहरू, सर्वहरू हात्तीहरू साथै जङ्गलका दुष्ट प्राणीहरू पनि थारूहरूका दिनप्रतिदिनका एक हिस्सा थिए (चौधरी, २०६४) ।

## २.३ सामाजिक सांस्कृतिक पक्ष

थारू जातिमा संयुक्त परिवारको परम्परा रहेको पाइन्छ । परिवारमा आमाको स्थान माथि रहेको र एक पत्नी प्रथा रहेको कुरा थाह पाइन्छ (शर्मा , २०३९) ।

कोशीका थारू समुदायमा सुर्खेतको वा दाङ्गको थारू परिवारमा जस्तो एउटा केटा वा केटीलाई साटासाट गरी विवाह गर्ने प्रचलन देखिँदेन । सुर्खेततिर एउटा परिवारमा केटीको विवाह गर्नु पर्‍यो भने उतापट्टिको केटीलाई पनि केटीतर्फको दाजुभाइमध्ये जसले भए पनि एकजना केटाले विवाह गर्ने चलन छ (रेग्मी, २०३५) ।

थारूहरूको मुख्य पेसा कृषि हो । उनीहरू अत्यन्तै मेहनती हुन्छन् । थोरै थारूहरू जमिन्दार भए पनि अधिकांश थारूहरू मोही किसानको रूपमा पाइन्छन् । जमिन नभएका थारूहरू अँधियामा जमिन्दारको जग्गा खनजोत गरी जिविका चलाउँछन् । यस्ता गरिब थारूहरू सधै जमिन्दारको निगाहमा बाँच्नु पर्ने हुनाले जमिन्दारको ठुलो शोषणको शिकार भएको पनि पाइन्छ (उप्रेती, २०५४) ।

थारू जातीय संस्कृति आज आएर आफ्नो किसिमको मिश्रित संस्कृत हुन गएको छ । यस भित्रका पुराना राम्रा कुराको संरक्षण र अन्धविश्वास हटाउन आवश्यक छ । आजको परिवर्तीत र विकसित सामाजिक क्रियाकलापहरूमा सरिक भइ आर्थिक तथा सांस्कृतिक गतिविधिहरूमा लाग्ने तर्फ “थारू कल्याणकारी सभा’ ले गम्भीरता पूर्वक सोच्नु आवश्यक छ (घिमिरे, २०५२) ।

थारू पुरुषहरू प्रायजसो एक प्रकारको झुलवा (भौटा) इष्टकोट र धोती लगाउँछन् । कुनै थरुनीहरूलाई पछाडितिर मुजामुजा परेको र अगाडि फुर्का भएको जामा लगाउने गर्छन नत्र एउटै कपडा काँधमा बाँधेर घुँडासम्म छोड्दन् । वठिनी ( अविवाहित) हरूले चोलो लगाए भने पछिल्तिर  तुना बाँध्ने र विवाहित (गोही) हरूले अगिल्तिर तुना बाँध्ने गरेको पनि पाइन्छ । यस्तै हातखुट्टामा गोदना खोपेकोबाट पनि विवाहिताहरू छुट्टिन्छन्, बठिनीहरू हत्तपत्त खोपाउँदैनन् । यिनीहरूका गहनामध्ये कुरा (कुल्ली) ठेडिया (पाखुरामा लगाउने एक किसिमको बाजु) , हैसुली (घाँटीमा लगाउने), पछेल्ली -हातमा लगाउने) , दरकी (कानमा लगाउने, कँधन -पेटी), चत्थावानोक्साखाले -नाकमा लगाउने ) आदि छन् (शर्मा, २०३७:४५) ।

थारूरुको परम्परागत नृत्यहरूमध्ये झुमरानाच, झमरा, सोरठी, जटाजाटिन, माधवलाल, गोपीया, भरथरीसाखिया आदि उल्लेखनीय छन् (शर्मा, २०३७) ।

थारू समुदायका पुराना बुढापाकाहरूले खोज गर्दा उनीहरूका अनुसार यो संस्कृति भाषा पहिले प्राचीन कालदेखि नै मौलिक रूपमा चल्दै आएको परम्परा हो र अहिले आएर विस्तारै विस्तारै विभिन्न संस्कृतिको मिसावटले गर्दा हाम्रो संस्कृति ओझेलमा भई लगभग लोप हुने अवस्थामा पुगिसकेका छन् । 'स्थविर' स्वभाव पहिलेदेखि नै थारू जातिमा अन्तरनिहित थियो तर जब हिन्दूहरूले नेपालमा आफ्नो कब्जा जमाई अनि सोझा थारु जातिहरूलाई फकाई, लोभ देखाई, धम्की देखाई दही र घ्युमा साटेर सम्पूर्ण तराईका मलिला फाटका जग्गाहरू कब्जा गरे अनि थारू जाति स्वतः हिन्दू भई उसको कला, संस्कृति, भाषा, रहनसहजनदेखि लिएर हरेक आफ्नो आफ्नो मौलिक व्यवहारहरू मिसिन बाध्य भयो । तसर्थ थारूहरू पछाडि परेर हिन्दूको कमैया -दास भई व्यर्थ जीवन बाँच्न बाध्य भएका हुन् (चौधरी, २०६४) ।

थारूहरू एक्ला -एक्लै र टाढा -टाढा बस्न मन पराउँदैनन् । आ-आफ्ना जमिनमा घर बनाएर बस्ने प्रचलन पहाडतिर अन्य जातिमा पाइन्छ तर त्यो यहाँ पाइँदैनन । अधिकांश वन, नदी नजिक पारेर धिरिप्प बाक्ला गाउँहरू बसेका हुन्छन् । यिनीहरूको एक परिवारको एउटा देखि लिएर ६-७ वटा सम्म घर हुन्छन् । मान्छे , गाई, गोरु, भन्सा, घाँस-भुसा, पाहुना आदिका लागि अलग अलग घर बनाउने परम्परा यिनीहरूमा पाइन्छ । सर्प र कीराको डर हुने हुनाले पश्चिम तथा मध्य तराईमा रसीले बुनेका चारपाईमा सुन्छन् भने अन्नपात राख्न माटाका कलात्मक डेहेरी, सरसामान राख्न र ओसार्न ढकियाको प्रयोग गर्दछन् । गाउँलेहरूले आपसमा सल्लाह गरी एकजना मुखिया (बडघर) चुन्दछन् । गाउँमा कुनै समस्या झै-भगडा परे सोही बढघरको घरमा कचहरी बोलाई समस्याको समाधान गर्दछन् । विस्तारै थारू समुदायमा भूमिपतिहरूको दख्खल बड्न थाल्यो । जमिनदारले थारूहहरूको "समूह भावना" नाजायज फाइदा उठाउन थाले । बडघरलाई आफ्नो इच्छाले चुनेको भए पनि उसले आफ्नो जमिन्दारीको आडमा अनुचित फाइदा उठाउन थाल्यो कैयौं पुस्तासम्म डर, धाक र धम्कीको आडमा बेठ, वेगरी लिएर सित्तैमा काम गराउने , व्याजको स्याज लिने जस्ता परिपाटीले थारू जतिको आर्थिक अवस्था ज्यादै नाजुक हुँदै गयो ।

अन्यत्रबाट आएमा जमिनदार र आफ्नै थारू जमिनदारको चर्को दवाव सहँदै आएका थारूहरू आफूलाई स्वतन्त्र मान्छेको रूपमा सोच्न गाह्रो मान्नछन् (घिमिरे, २०५२) ।

## २.४ आर्थिक पक्ष र परिवर्तन

थारूहरू सोझा लाजमान्ने तथा सरकारी अधिकारबाट अलग्गिएका जाति हुन् । थारूहरू व्यवसायिक रूपमा आर्थिक पक्षमा सबल छैनन् । आफूले उत्पादन गरेको अन्नबाट मदिरा बनाउने कार्यले गर्दा उनीहरू सदैव ऋणमा परिरहेका छन् । पहाडबाट आउने चलाख मानिसले उनीहरूलाई खाद्यान्न किन्न पैसा दिने र सो पैसाको चर्को व्याज लिने गर्नाले उनीहरूको आर्थिक स्थिति विग्रदै गएको पाइन्छ । ऋण तिर्न नसकेको कारण पहाडी मानिसले उनीहरूको जग्गा हडप्न थाले र कतिपय थारूहरू जग्गा विहिन हुन पुगेको पाइन्छ (प्याकुरेल, १९८२: ११)

थारू जातिहरू परम्परागत रूपमा कृषक हुन् । त्यसमध्ये कतिपय कृषक थारूहरू आर्थिक रूपले सपन्न छन् । दाङ, देउखुरीका अधिकांश थारूहरू जमिनदारबाट पनि शोषित र पीडित छन् । जमिनदारको दासका रूपमा रहेका यी थारूहरूको किनबेच पनि गरिन्छ । यस्ता दास तथा कमैयाहरू भूमिहीन भएको कारणले जमिनदारको दयाको पात्र भएर बाँचिरहेका छन् । आफ्नो विभिन्न गर्जो टार्न जमिनदारसँग लिएको ऋणको बोझमा दबेर दिनप्रतिदिन उनीहरूको अवस्था नाजुक बन्दै गइरहेको छ (विष्ट, १९७२) ।

थारू समुदायमा महिलाहरू मेरुदण्डको रूपमा रहे पनि पितृसत्तात्मक समाज भएको हुनाले महिलालाई अंश दिइदैन । उनीहरूको व्यक्तिगत सम्पत्ति भनेको विवाह पश्चात माइतीले दिएको पेवामा कुखुरा, हाँस, बाखा, परेवा, गाई तथा आफ्नै मेहनतबाट कमाएको रूपैया र आफ्ना गहना हुन् । अलवा उनीहरूको आफ्नो भन्नु केही पनि हुँदैन (रजौरे, १९७७) ।

नेपालको तराई भागमा बसोवास गरिरहेका थारूहरू कृषि कार्यमा मात्र निपूर्ण नभई जङ्गली हात्ती समात्ने , तिनीहरूलाई तालिम दिने र त्यसपछि तिनीहरुलाई विभिन्न कामका लागि प्रयोगमा ल्याउनमा चर्चित छन् । तिनीहरूसँग हात्तीको स्वास्थ्य

र तिनीहरूको उपचार बारे पनि राम्रो ज्ञान थियो । यस सम्बन्धी तथ्यहरू सिराहा जिल्लामा पाइएका हात्तीसँग सम्बन्धित दस्तावेजहरूबाट उद्घाटित भएका छन् । नेपालमा हात्तीको इतिहासबारे अध्ययन गर्ने एउटै मात्रै ठाउँ छ, त्यो हो तराई, थारूहरू हात्तीको विषयमा सधैं कुशल जानकार रहि आएका छन् (पञ्जियार, २०५५) ।

थारू समाजमा संयुक्त परिवार अत्यन्तै बढी मात्रामा पाइन्छ तर आजको जङ्गल फडानी जग्गाको खण्डीकरण, नयाँ जग्गाको अभाव र चरनको अभावले पशुहरूको संख्या पनि घट्दै गएको तथा आधुनिकताको प्रभाव बढ्दै गएकाले ठूला संयुक्त परिवार टुक्रिन लागेका छन् (उप्रेती, २०५४) ।

# अध्याय तीन

# अनुसन्धान विधि

## ३.१ अध्ययन क्षेत्रको छनोटको औचित्य

थारू जातिहरू नेपाल अधिराज्यभरि छरिएर बसेका छन् । थारू जातिको आफ्नै मौलिक संस्कृति छ साथै उनीहरूको आफ्नै रीतिरिवाज विवाह संस्कार, दाहसंस्कार, चाडपर्व, पूजाआजा आदि छन् । तर यी सबैको विस्तारै विस्तारै लोप हुँदै गएको हुनाले थारू समाजको मात्रै नभएर देशको सम्पत्ति नै गुम्ने अवस्थामा छ । यस शोधको अध्ययन क्षेत्र लुम्बिनी अञ्चलभित्र पर्ने रूपन्देही जिल्लाको सौ फर्साटिकर गा.वि.स. लाई लिइएको छ । यस शोधपत्रमा सौ फर्साटिकर गा.वि.स. लाई शोधकर्ताले छनोट गर्नुको पछाडि निम्न कारणहरू रहेका छन् ।

- यस रूपन्देही जिल्ला सौ फर्साटिकर गा.वि.स. मा थारू जातिको बसोवास धेरै भएकोले ।
- यस अध्ययन क्षेत्र शोधकर्ताको जानकारीको क्षेत्र भएकोले ।
- थारू जातिको विभिन्न संस्कारहरूको अध्ययन गर्न रुचि भएकोले ।
- समय, अर्थ तथा अन्य जटिलतालाई मध्यनजर गर्दा शोधकर्ताको चीरपरिचित क्षेत्र भएकोले ।

## ३.२ अध्ययनको ढाँचा

यस शोधपत्रका लागि वर्णनात्मक र अन्वेषणात्मक दुबै अध्ययन विधिको प्रयोग गरिएको छ । वर्णनात्मक अध्ययन विधिबाट थारू जातिको सामाजिक सांस्कृतिक तथा आर्थिक अवस्थाको बारेमा वर्णन गरिएको छ । अन्वेषणात्मक विधिद्वारा यी जातिको विभिन्न संस्कारहरूमा आएको परिवर्तनहरू र यसको प्रभावको बारेमा अन्वेषण गर्ने प्रयत्न गरिएको छ ।

## ३.३ तथ्याङ्कको प्रकृति र स्रोत

यस अध्ययनमा प्राथमिक र द्वितीय स्रोतको प्रयोग गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत अन्तर्वार्ता आदिबाट अध्ययनको लागि चाहिने आवश्यक तथ्याङ्क सङ्कलन

गरिएको छ । द्वितीय स्रोत अन्तर्गत केन्द्रीय तथ्याङ्क विभागबाट प्राप्त तथ्याङ्क, गा.वि.स. बाट प्राप्त अभिलेख र जिल्ला विकास समितिबाट प्राप्त अभिलेखलाई लिइएकोछ । लेखकहरूले लेखेका पूर्वप्रकाशित पुस्तकको आधारमा तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.४ समग्रता र नमुना छनोट

रूपन्देही जिल्ला सौ फर्साटिकर गा.वि.स.को कुल जनसंख्या ७,९७३ मध्ये थारू जातिको जनसंख्या २८८९ रहेको छ । सम्पूर्ण जनसंख्याको कुल घरधुरी संख्या १,३९५ भएकोमा थारू परिवारको कुल घरधुरी ४६० रहेको छ । सबै थारू घरहरूको अध्ययन गर्न समय र स्रोतको सीमितताले नसकिने हुँदा यस गा.वि.स. का ९ वटा वडाहरूमध्ये हरेक वडाबाट ६-६ घरधुरीलाई उद्देश्यमूलक नमुना छनोट विधि अनुसार अध्ययनका लागि छनोट गरिएको छ । यसरी हरेक वडाबाट ६/६ घरधुरी छनोट गर्दा जम्मा ५४ घरपरिवारलाई अध्ययनका लागि लिइएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन विधिहरू

यस शोधकार्यमा अनुसन्धानकर्ता स्वयम. आफैले स्थलगत अध्ययन गरी निम्न विधिहरू प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत निम्न विधिहरू छन् :

### ३.५.१ प्राथमिक स्रोत

#### ३.५.१.१ अन्तर्वार्ता

अनुसन्धान एम् शोधकार्यका लागि प्राथमिक तथ्याङ्क सङ्कलनको लागि यो महत्वपूर्ण विधि मानिन्छ । यस अन्तर्गत आफैले तयार पारेको प्रश्नावलीको आधारमा थारू जातिको सामाजिक, सांस्कृतिक संस्कार, पारिवारिक बनोट, पेसा वा व्यवसाय सम्बन्धी बढी भन्दा बढी तथ्याङ्क सङ्कलन गर्न सकिने, बुझिने, सरल र स्पष्ट भाषामा प्रश्नावली तयार गरी यस प्रश्नावलीबाट थारू जातिको विभिन्न पक्षहरूको जानकारी सङ्कलन गरिएको छ ।

#### ३.५.१.२ अवलोकन

अवलोकन विधिबाट अनुसन्धानकर्ताले आफूले देखेको तथा अनुभव गरेको तथ्यहरू सङ्कलन गरिने हुँदा सो तथ्याङ्कहरूको गुणात्मक र बढी औचित्यपूर्ण हुने

विश्वास राखिएको छ । प्रत्यक्ष अवलोकनबाट सूचनादाताहरूले दिन नचाहेको तथ्याङ्कहरू पनि सङ्कलन गर्न सकिन्छ । यस शोधपत्रमा अवलोकन विधिद्वारा थारू जातिको दैनिक क्रियाकलापहरू जस्तै : खानपान, भेषभूषा, रहनसहन र सरसफाई जस्ता विषयहरू र त्यसमा देखिएको परिवर्तन सम्बन्धी प्रत्यक्ष अवलाकेन गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.५.१.३ प्रश्नावली अनुसुची

यस विधिअनुसार सौ फर्साटिकर गा.वि.स.मा बसोवास गर्ने थारूहरुको सामाजिक, आर्थिक तथा सांस्कृतिक पक्षसँग सम्बन्धित विषयमा प्रभाव पार्ने चरहरूको बारेमा प्रश्नावली बनाई तथ्याङ्क सङ्कलन गर्ने कार्य गरिएको छ । प्रश्नावली बनाउँदा थारु जातिको विभिन्न सामाजिक सांस्कृतिक संस्कारहरूमा गरिने कार्यहरूको बारेमा जानकारी लिई तथ्याङ्क सङ्कलन गर्नका लागि प्रश्नावली बनाइएको छ ।

### ३.५.१.४ प्रमुख जानकारी व्यक्तिहरूसँगको अन्तर्वार्ता

अध्ययनको क्रममा थारू जातिका वृद्ध तथा जानकार व्यक्तिहरूलाई मुख्य सूचनादाताको रूपमा लिएर तथ्याङ्क सङ्कलन गरिएको छ । यसरी ती वृद्ध तथा जानकार व्यक्तिहरूबाट थारु जातिको विभिन्न संस्कारहरू जन्म, मृत्यु, विवाह जस्ता सामाजिक संस्कारहरू र थारु जातिको मौलिक पहिचानको बारेमा जानकारी तथा सुचना संङ्कलन गरिएको छ ।

### ३.५.२ द्वितीय स्रोत

यस शोधपत्रमा प्राथमिक स्रोतका साथै द्वितीय स्रोतबाट पनि तथ्याङ्क सङ्कलन गरिएको छ । थारू जाति सम्बन्धी स्वदेशी तथा विदेशी लेखकले लेखेका पुस्तक लेख, रचना, पत्रपत्रिका, केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्क, गाउँ विकास समिति र जिल्ला विकास समितिबाट प्राप्त तथ्याङ्कलाई द्वितीय स्रोतको रूपमा लिइएको छ । यसरी द्वितीय स्रोतबाट थारु जातिको उत्पत्ति ऐतिहासिक पक्ष साथै जनसंख्या आदि तथ्याङ्कहरूको जानकारी हासिल गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

यस शोधपत्रलाई व्यवस्थित बनाउन आवश्यक परेको ठाउँमा सांख्यिक विधिलाई प्रयोग गरिएको छ । मुख्यतयाः विभिन्न तालिकाहरूको, तथ्याङ्कहरूको स्रोत, शोधकर्ताको स्थलगत सर्वेक्षणमा सोधिएको अन्तर्वार्तामा आधारित छन् । तथ्याङ्क सङ्कलन कार्य सकिएपछि संख्यात्मक तथ्याङ्कहरूलाई तालिकमा देखाइएको छ । गुणात्मक प्रकारको सूचनाहरूलाई आवश्यकताअनुसार व्याख्या र वर्णन गरी तथ्यपरक बोधगम्य बनाउन त्यसलाई विश्लेषण र विस्तार गरिएको छ ।

## ३.७ अध्ययनको सीमा

नेपालको तराईका विभिन्न भागमा बसोवास गरिरहेका सम्पूर्ण थारूजातिको सामाजिक, सांस्कृतिक अवस्था र परिवर्तनहरूको अध्ययन गर्न समय बढी लाग्ने र साथै आर्थिक भार पनि बढी पर्ने भएको हुँदा यो अध्ययन क्षेत्रगत हिसाबले रूपन्देही जिल्ला सौ फर्साटिकर गा.वि.स. अन्तर्गत थारू समुदायको सामाजिक सांस्कृतिक अवस्था र विगत दस वर्ष यता देखिएको परिवर्तनहरूमा मात्र सीमित छ । यस अध्ययनका निम्न सीमाहरू छन् -

- यो अध्ययन सौ फर्साटिकर गा.वि.स. का सबै वडाहरूको प्रतिनिधित्व हुने गरी थारू जातिको अध्ययन गरिएको छ ।
- यस अध्ययनमा थारू जातिको सामाजिक, सांस्कृतिक पक्षको अध्ययन अन्तर्गत शिक्षा, पेसा, चाडपर्व, संस्कृति, भेषभूषा उत्पादन तथा उपभोग र स्वास्थ्य जस्ता पक्षहरूलाई समावेश गरिएको छ ।

# अध्याय - चार

# अध्ययन क्षेत्रको सामान्य परिचय

## ४.१ भौगोलिक अवस्था

रूपन्देही जिल्ला पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत लुम्बिनी अञ्चलका ६ जिल्लाहरूमध्ये सबैभन्दा घना आवादी र बढी जनसंख्या भएको जिल्ला हो । यो जिल्ला सामुन्द्रिक सतहबाट १ सयदेखि १ हजार १ सय २९ मिटर उचाइसम्म फैलिएको छ । नेपालको मानचित्रमा रूपन्देहीको फैलावट ८३.१० देखि ८३.३० डिग्री देशान्तर र २७.२० देखि २७.४५ डिग्री अक्षांशसम्म फैलिएको छ । यसको पूर्वमा नवलपरासी, पश्चिममा कपिलवस्तु र उत्तरमा पाल्पा जिल्ला पर्दछ भने दक्षिणमा भारतको उत्तर प्रदेश रहेको छ । यो जिल्लाको क्षेत्रफल १ हजार ३ सय ६० वर्ग कि.मि. रहेको छ । नेपाल अधिराज्यको झण्डै बीच भागमा पर्ने यो जिल्लाको उत्तरी भेगमा पूर्व पश्चिम महेन्द्र राजमार्ग पर्दछ (रूपन्देही जिल्ला एक  परिचय, वि.सं २०६४) ।

## ४.२ रूपन्देही जिल्लाको परिचय

विश्वमा नेपाल र नेपालीलाई चिनाउने प्रमुख पर्यटकीय स्थलहरूमध्ये गौतमबुद्धको जन्मस्थल लुम्बिनी प्रमुख हो । लुम्बिनी रूपन्देही जिल्लाको दक्षिण पश्चिममा अवस्थित छ । लुम्बिनी क्षेत्रभित्र ऐतिहासिक अशोक स्तम्भ, मायादेवीको मन्दिर, अखण्ड शान्तिद्वीप र संग्रहालय रहेका छन् । यस क्षेत्रको संरक्षण र विकासका लागि विभिन्न देशहरू लागिरहेको पाइन्छ । चीन, जापान र कोरिया जस्ता देशहरूले ऐतिहासिक, कलात्मक र आकर्षक मन्दिर, घर र गुम्बा बनाउने र यस क्षेत्रको संरक्षणमा विशेष चासो राखेको पाइन्छ । यस क्षेत्रमा बर्षेनी हजारौँको संख्यामा विदेशी पर्यटक र लाखौको संख्यामा स्वदेशी पर्यटकले भ्रमण र अवलोकन गर्ने गर्दछन्

### ४.२.१ रूपन्देही जिल्लाको नामकरण

जिल्लाको नामको पृष्ठभूमि गौतमबुद्धकी आमा मायादेवीसँग सम्बन्धित भएको विश्वास गरिन्छ । पुरातत्वविद्हरूका अनुसार मायादेवीको बोलाउने नाम रुक्मिणीदेवी थियो । रुक्मिणी देवीबाट अपभ्रंश भएर 'रोम्बनीदवी' भएको र त्यसपछि थप अपभ्रंश भइ रुमिनदेही हुँदै रूपन्देही भएको इतिहासकारहरू बताउँछन् । यसै गरी गौतमबुद्धकी आमाकै नामसँग जोडेर हालको लुम्बिनीलाई 'रुम्बिनी' भनिन्थ्यो । रुम्बिनीबाट अपभ्रंश भएर लुम्बिनी बनेको भनिन्छ (रूपन्देही विकास पत्र, वि.सं२०६५) ।

### ४.२.२ ऐतिहासिक महत्व

वि.सं २०४७ मा नेपाली र अमेरिकी वैज्ञानिकहरूको संयुक्त टोलीले यसै जिल्लाको बुटवल नगरदेखि उत्तरतर्फ सिद्धबाबा मन्दिरको पारिपट्टि पहरामा टाँसिएको आदिम मानवको बङ्गारा फेला पारेको थियो । उक्त बङ्गारा बाँदरभन्दा विकसित तथा मानव बन्ने क्रममा रहेको आदिम मानव रामापिथेकसको रहेको तथा सो आजभन्दा करिब १ करोड १० लाख वर्ष पुरानो रहेको कुरा लामो अनुसन्धान पछि पत्ता लागेको थियो । त्यसैले यो क्षेत्र मानव सभ्यताको उषाकालदेखि नै मानव बस्तीका रूपमै आवाद रहेको कुरा उपरोक्त तथ्यले पुस्टि गर्दछ । बुटबल नरवानरको एक बङ्गारा काठमाडौं स्वयम्भूस्थित प्राकृतिक विज्ञान संग्रहालयमा राखिएको छ ।

### ४.२.३ प्रमुख पर्यटकीय तथा धार्मिक स्थलहरू

यस जिल्लाका प्रमुख पर्यटकीय स्थलहरूमा मणिमुकुन्द सेन उद्यान, देवदह, हिलपार्क, जीतगढी किल्ला हुन भने दुर्गा मन्दिर, राधाकृष्ण मन्दिर, लक्ष्मी मन्दिर, बौद्ध विहार, सिद्धबाबा, पर्रोहा गा.वि.स.मा पर्ने बोलबम धाम, यचेबारी माई, सिलौटिया माई, देवीस्थान मन्दिर आदि यहाँका प्रमुख धार्मिक स्थलहरू हुन् ।

### ४.२.४ हावापानी र वनस्पति

रूपन्देही जिल्लामा उष्ण प्रदेशीय प्रकारको हावापानी पाइन्छ । यहाँको अधिकतम तापक्रम ४२ डिग्री सेल्सियस र न्यूनतम तपाक्रम ८.७५ डिग्री सेल्सियस

रहेको छ र औषत वार्षिक १ हजार ३ सय ९१ मिलिलिटर वर्षा हुने गर्दछ (रूपन्देही विकास पत्र, वि.सं२०६५) ।

### ४.२.५ नदी तथा ताल

रूपन्देही जिल्लाको उत्तरबाट दक्षिणतर्फ बहने प्रथम स्तरको नदी तिनाउ नदी हो । दोस्रो स्तरको नदीमा रोहिणी, दानव, कोठी, मानव, कञ्चन, बधेला , डण्डा र कोइलीझाङ नदीहरू पर्दछन् । यस जिल्लामा भएका तालहरूमा गैडाहवा, विष्णुपुरा, नन्दभाउजु, आदि तालहरू रहेका छन् ।

## राजनैतिक तथा प्रशासनिक विभाजन

रूपन्देही जिल्लामा २ वटा बुटवल र सिद्धार्थनगर नगरपालिका तथा ६९ वटा गा.वि.स. रहेका छन् १७ वटा इलाकामा विभाजित यस जिल्लामा ७ संसदीय निर्वाचन क्षेत्र रहेका छन् । यस जिल्ला सदरमुकाम सिद्धार्थनगर (भैरहवा) हो ।

### ४.३ सौ फार्सटिकर गा.वि.स.

नेपाल अधिराज्यको पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत लुम्बिनी अञ्चलमा पर्ने रूपन्देही जिल्लाको संसदीय निवार्चन क्षेत्र नं ३ यस जिल्लाको ६९ वटा गा.वि.स.हरूमध्ये सौ फर्साटिकर गा.वि.स. पनि एक हो । जिल्ला सदरमुकाम भैरहवा देखि १७ कि.मि. पूर्वसम्म अवस्थित रहेको यस गा.वि.स. को पूर्वमा आनन्दवन गा.वि.स., पश्चिममा मानपकडी गा.वि.स., उत्तरमा मोतिपुर गा.वि.स. र दक्षिणमा पश्चिम अमवा गा.वि.स. पर्दछ । यस गा.वि.स. मा ब्राह्मण, क्षेत्री, थार, मगर, गुरुङ, ठकुरी, दमाई, कामी, सार्की, बानिया, मुसलमान, सुनार, मुसहर, कतवार, कोरी, धामी, धोवी, तेली, नेवार, सन्यासी, यादव, कुमाल, कुर्मी , तामाङ, लोध, हरिजन आदि रहेको पाइन्छ (केन्द्रीय तथ्याङ्क विभाग, २००२) ।

## ४.४ सौ फर्साटिकर गा.वि.स. को सामाजिक अवस्था

सौ फर्साटिकर गा.वि.स. को सामाजिक संरचना विविध प्रकारको छ । यस गा.विस.मा सर्वप्रथम बसोवास गर्ने जाति थारूजाति नै भएको अनुमान गर्न सकिन्छ । सुरुमा औलोको प्रकोपले गर्दा यहाँका आदिवासी थारू जतिको मात्र बसोवास भएको यस क्षेत्रमा औलो नियन्त्रण तथा कृषियोग्य जमिन, शिक्षा, यातायात, स्वास्थ्य आदिको क्षेत्रमा विकास हुन थालेपछि पहाडतिरबाट बसाइसराइ गरेर आउने मानिसको संख्यामा वृद्धि हुँदै आएको पाइन्छ । यस गा.वि.स मा प्रायजसो गुल्मी, स्याङजा, पाल्पा, बागलुङ, अर्घाखाँची आदि जिल्लाबाट बसाई सरेर आउने मानिसको बाहुल्यता रहेको पाइन्छ ।

### ४.४.१ जनसंख्या

२०५८ सालको जनगणना अनुसार यस गा.वि.स. मा कुल १३९५ घरपरिवार संख्या रहेको छ जसमा ४१४० जना महिला र ३८३३ जना पुरष गरी जम्मा ७९७३ जनसंख्या रहेको छ । यसैगरी यस गा.वि.स.मा थारु जातिको कुल ४६० घर परिवार संख्यामा २८८९ जनसंख्या रहेको छ । यस गाविसको थारु जातिको वडागत जनसंख्यालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं १ थारू जातिको वडागत जनसंख्याको विवरण**

| वडा नं. | घरधुरी संख्या | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ७७ | ३५४ | १२.२५ |
| २ | ३७ | २९१ | १०.०७ |
| ३ | ४५ | २१५ | ७.४४ |
| ४ | ५६ | ३९१ | १३.५३ |
| ५ | ५९ | ३५५ | १२.२८ |
| ६ | ३७ | २४० | ८.३० |
| ७ | ४४ | ३४६ | ११.९७ |
| ८ | ६० | ३९४ | १३.६३ |
| ९ | ४५ | ३०३ | १०.४८ |
| जम्मा | ४६० | २८८९ | १०० |

स्रोतः रुपन्देही विकास पत्र, २०६५

माथिको तालिकामा सबैभन्दा बढी जनसंख्या वडा नं ८ मा ३९४ (१३.६३ %) जना रहेका छन् भने सबै भन्दा कम वडा नं ३ मा २१५ (७.४४%) जना रहेका छन् । यसरी यस अध्ययन क्षेत्रमा सबै वडाहरूमा थारू जतिको जनसंख्या अन्य जातिको तुलनामा बढी नै रहेको पाइन्छ ।

## ४.४.२ भाषा

यस गा.वि.स. मा बस्ने विभिन्न जातिहरूमध्ये आफ्नो छुट्टै भाषा भएका जनजातिहरूले आफ्नो घर परिवारमा मातृभाषाको प्रयोग गरे तापनि अन्यत्र भने नेपाली भाषा नै बोल्दछन् । प्रायः सबै जातिहरूले नेपाली माध्यम भाषाको रूपमा बोल्न र बुझ्न सक्दछन् । यस गा.वि.स.मा नेपाली, थारू, गुरुङ, नेवार भाषा बोल्ने जातिहरूको बसोवास रहेको छ । ब्राह्मण क्षेत्रीको बाहुल्य रहेको कारण अन्य जातजातिहरूले पनि बढी मात्रामा नेपाली भाषाको नै प्रयोग गर्ने भएकोले जातिगत भाषामा प्रभाव परेको देखिन्छ ।

## ४.४.३ रहनसहन

विविध जातिहरूको बसोवास भएको यस गा.वि.स. मा पहाडिया रहनसहनको प्रभाव बढी देखिन्छ । पहिले जातिगत संस्कृतिको स्थिति राम्रो भएकोमा हाल आएर त्यस्ता संस्कृतिहरूको जर्गेना गर्न नसकेको कारण ती संस्कृतिहरू लोप हुँदै गएको पाइन्छ । यहाँको बजार क्षेत्रमा पक्की घरहरूको बाहुल्यता पाइन्छ भने ग्रामीण क्षेत्रमा जस्ताको छाना भएका घरहरू देखिन्थे भने हाल आएर पक्की घरहरू बनाउने प्रथा बढेको पाइन्छ । यहाँका मानिसहरूको भोजनमा दाल, भात, तरकारी, माछामासु, दूध, दही, मही आदि प्रमुख रहेको छ ।

यहाँका लोग्ने मानिसहरू कमिज, पाइन्ट, लुँगी, टोपी, दौरा सुरुवाल जस्ता पोसाक लगाउँछन भने महिलाहरू साडी, ब्लाउज, कुर्ता सलवार, मेक्सी जस्ता पोसाक लगाउँछन् ।

## ४.४.४ शैक्षिक अवस्था

विकासको आधारशिला नै शिक्षा हो । नेपाल शैक्षिक विकास हुन थालेको २०४७ सालको राजनैतिक परिवर्तनपछि मात्र हो । अझै पनि पिछडिएका , सुविधा विहिन वर्ग शैक्षिक उज्यालो घामबाट वञ्चित रहेका छन् । ब्राह्मण, क्षेत्री बाहेक थारू, मगर, गुरुङ्ग र दलित जातिहरूको शिक्षासँग पहुँच उल्लेख्य छैन ।

यस गा.वि.स. मा ४ वटा प्राथमिक विद्यालयहरू रहेका छन् भने १ वटा नि.मा.वि., २ वटा मा.वि. रहेका छन् । यसै गा.वि.स. मा नै स्नातक तहसम्मको पढाइ हुने यज्ञोदय बहुमुखी क्याम्पस छ । जुन निजी स्तरमा सञ्चालित छ । यसै गरी यहाँ २ वटा उच्च मा.वि. र ४ वटा मा.वि. तहसम्म पढाइ हुने बोर्डिङ्ग स्कुलहरू रहेका छन् । यस गा.वि.स.को साक्षर जनसंख्या ५७.८३ प्रतिशत रहेको छ । जसमा महिला ४८.५५ प्रतिशत रहेका छन् भने पुरुषको ६७.६५ प्रतिशत साक्षरता दर रहेको छ (केन्द्रीय तथ्याङ्क विभाग, २००२) ।

## ४.४.५ स्वास्थ्य

स्वास्थ्य नै मानिसको प्रमुख धन हो । यस गा.वि.स. मा एउटा स्वास्थ्य चौकी रहेको छ भने ग्रामीण बजार रहेको क्षेत्रमा केही औषधी पसलहरू छन् जसले गर्दा साधारण बिरामी भएको बेला सजिलै औषधी पाउन सकिन्छ । राम्रो उपचारको लागि सदरमुकामसम्म जानुपर्ने भएकाले औषधी उपचार खर्चिलो भएको पाइन्छ। शिक्षाको विकासले हाल घर घरमा शौचालय बनाउनेतर्फ ध्यान गएको पाइन्छ ।

## ४.३.६ सञ्चार

सौ फर्साटिकर गा.वि.स. मा केही वर्ष अगाडिबाट टेलिफोन सेवा उपलब्ध छ। यहाँ बजार क्षेत्रमा टेलिफोन सेवा छ भने गाउँ गाउँमा मोवाइल र सि.डी. एम. ए. फोन प्रत्येक घर घरमा रहेको छ । यस गा.वि.स. का अधिकांश घरहरूमा रेडियो र टेलिभिजन जस्ता सञ्चारका साधनहरू उपलब्ध छन् ।

### ४.३.७ खानेपानी

सफा पिउने पानी नै स्वास्थ्य जीवनको आधार हो । यस गा.वि.स. का प्रायजसो भागमा जमिनमुनीको पानीको स्रोत नै खानेपानीको प्रमुख स्रोत हो । प्राय जसो घरमा ट्युबेल बाट खानेपानीको आपूर्ति गरिएको छ । जमिनमुनिको पानी सोझै तानेर पिउनका लागि प्रयोग गरिएको छ ।

### ४.३.८ शान्ति सुरक्षा

पहिला शान्तिसुरक्षाको स्थिति त्यति राम्रो नभएको यस गा.वि.स. मा केही वर्ष अगाडिबाट प्रहरी चौकीको स्थापना भएकोले शान्ति सुरक्षाको स्थिति राम्रो हुँदै आएको पाइन्छ । गाउँघरका सानातिना झगडा तथा सामाजिक कुरीतिहरूलाई प्रहरी प्रशासन तथा गा.वि.स.मा नै मिलाउने गरिन्छ । गा.वि.स. बाट पनि सम्बन्धित निकायको आपसी सहयोगमा शान्ति सुरक्षा कायम गराउने कार्य भएकोले अनियन्त्रित जुवातास, मदिरापान, चोरी डकैती जस्ता असामाजिक क्रियाकलापहरू केही मात्रामा नियन्त्रित हुन पुगेका छन् ।

## ४.५ सौ फर्साटिकर गा.वि.स. को आर्थिक अवस्था

यस गा.वि.स. का वासिन्दाहरू मुख्य गरी कृषि पेसालाई अँगालेको पाइन्छ भने सहायक पेसाको रूपमा व्यापार, नोकरी, पशुपालन, बैदेशिक रोजगार आदिलाई पनि अँगालेको पाइन्छ । कृषि कार्य गर्नको लागि चाहिने सिँचाइको सुविधा पर्याप्त मात्रामा भएको हुनाले अपेक्षाकृत रूपमा कृषिबाट पर्याप्त उत्पादन लिन सकेका छन् । यस गा.वि.स. मा यातायात र व्यापार पनि राम्रो सुविधा रहेको छ । यस गा.वि.स. मा ठूला उद्योग तथा कलकारखाना नभए पनि ग्रिल उद्योग, अटो वर्कसप, काठ चिरान मिल, धान, मकै, गहुँ र तोरी पेल्ने मिल, इटा उद्योग आदि रहेका छन् । जसमा स्थानीय बासिन्दाहरूले काम पाइरहेका छन् ।

## ४.६ सरकारी तथा गैरसरकारी संस्थाहरू

यस गा.वि.स. मा इलाका हुलाक कार्यालय, स्वास्थ्य चौकी, अस्थायी प्रहरी चौकी, दूध सङ्कलन गर्ने डेरी, निर्धन उत्थान वैंक, भृकुटी विकास वैंक, गणपति सरकारी संस्था, महिला विकास संस्था, पशुपति बहुउद्देश्यीय सहकारी संस्था, ग्रामीण विकास वैंक, आइ्स क्लव फर्साटिकर, विश्व ज्योति युवा क्लव, भूपू सैनिक सङ्गठन जस्ता सरकारी तथा गैरसरकारी संस्थाहरूले साक्षरता, स्वास्थ्य र सरसफाइ, सीपमुलक तालिम, वचत तथा ऋण लगानी गर्ने र जनचेतना जगाउने जस्ता कार्यहरूमा महत्वपूर्ण भूमिका खेल्दै आएका छन् ।

# अध्याय – पाँच

# तथ्याङ्कको प्रस्तुति र विश्लेषण

## ५.१ जनसंख्या

रूपन्देही जिल्लामा रहेको यस सौ फर्सातिकर गा.वि.स. मा बसोवास गरिरहेका कुल जनसंख्या ७९७३ मध्ये थारूहरूको जनसंख्या २८८९ रहेको छ । यस गा.वि.स. को सबै वडाहरूमा थारू जतिको बसोवास रहेको छ । यस शोधकार्य गरिएको क्षेत्र यस गा.वि.स. का ९ वटै वडाहरू लाई नमुना लिएर गरिएको छ। प्रस्तुत अध्ययनमा नमुना लिइएका थारू जतिका ५४ घर परिवारको जनसंख्या तालिकामा देखाइएको छ।

**तालिका २ : उमेर र लिङ्ग अनुसार अध्ययन क्षेत्रका थारू जातिको जनसंख्याको विवरण**

| उमेर समूह | पुरुष | | महिला | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ०-४ | १३ | ७.१ | १० | ५.१ | २३ | ५.८ |
| ५-९ | ८ | ४.१ | २१ | ९.८ | २९ | ८.४ |
| १०-१४ | २१ | १२.८ | २८ | १५.४ | ४९ | १४.२ |
| १५-१९ | २५ | १५.२ | १७ | ९.३ | ४२ | १२.१ |
| २०-२४ | २३ | १४.० | १९ | १०.४ | ४२ | १२.१ |
| २५-२९ | १७ | १०.४ | १५ | ८.२ | ३२ | ९.२ |
| ३०-३४ | १२ | ७.३ | १७ | ९.३ | २९ | ८.४ |
| ३५-३९ | ११ | ६.७ | १४ | ७.७ | २५ | ७.२ |
| ४०-४४ | १६ | ९.८ | १३ | ७.१ | २९ | ८.४ |
| ४५-४९ | ४ | २.४ | ९ | ४.९ | १३ | ३.८ |
| ५०-५४ | ३ | १.८ | २ | १.१ | ५ | १.४ |
| ५५-५९ | ४ | २.४ | ६ | ३.३ | १० | २.९ |
| ६०-६४ | ३ | १.८ | ४ | २.२ | ७ | २.० |
| ६५+ | ४ | २.४ | ७ | ३.८ | ११ | ३.२ |
| जम्मा | १६४ | १०० | १८२ | १०० | ३४६ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६५

माथिको तालिका आर्थिक रूपले सक्षम १५ देखि ३९ वर्षसम्मका जनसंख्या धेरै रहेको देखिन्छ । अर्थात कुल जनसंख्याको ४९.१३ प्रतिशत जनसंख्या यसै उमेर समुहका मानिसहरूको रहेको छ । १५ देखि ३९ वर्षसम्मका उमेर समूहमा पुरुष भन्दा महिलाको जनसंख्या धेरै छ र भने त्यसभन्दा माथिको उमेर समूहमा पुरष जनसंख्या बढी देखिन्छ । कुल जनसंख्यामा महिला भन्दा पुरुष बढी रहेका छन् ।

## ५.२ परिवार संख्या

परिवारको सन्दर्भमा किंग्स्ले डेभिसले भनेका छन्- "रक्त सम्बन्धको आधारमा सम्बन्धित हुने व्यक्तिहरूको समूह जो एक अर्काबीचमा परस्पर नातेदार हुन्छन् भने त्यसलाई परिवार भनिन्छ । बनोटको आधारमा परिवारलाई एकल, संयुक्त र बहृत् गरी ३ भागमा वर्गीकरण गरिएको पाइन्छ । त्यस्तै संख्याको आधारमा सानो परिवार (१ देखि ५ जना) मध्यम परिवार (६-१० जना) र बहृत् परिवार (११ देखि माथि) गरी ३ भागमा वर्गीकरण गरिएको छ ।

पितृसत्तात्मक रूपमा चल्ने थारू घरपरिवार जेठो छोरा र बुहारीबाट घर चलेको हुन्छ प्रायजसो थारूहरू संयुक्त परिवारमा बसे पनि हाल पारिवारिक वैमनश्यता, आर्थिक कारण तथा आधुनिक धारणाले थारू जाति पनि छुट्टिएर एकात्मक परिवारमा बस्न थालेको पाइन्छ । यस अध्ययन क्षेत्रमा बस्ने थारू जातिको परिवारको विवरण तल प्रस्तुत तालिकामा देखाइएको छ ।

**तालिका ३ : परिवार संख्याको आधारमा पारिवारिक विवरण**

| परिवारको किसिम | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| सानो (१ देखि ५ जना) | २९ | ५३.७० |
| मध्यम (६-१० जना) | १९ | ३५.१८ |
| ठूलो (११ देखि माथि) | ६ | ११.१२ |
| जम्मा | ५४ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६५

प्रस्तुत माथिको तालिका ५ मा कुल ५४ थारू घरपरिवारमध्ये संख्याको आधारमा पारिवारिक विवरणलाई हेर्दा सानो परिवार बस्ने २९ जना (५३.७%) रहेका छन् भने मध्यम परिवारमा १९ जना (३५.१८%) र ठूलो परिवारमा ६ जना (११.१२%) रहेका छन् ।

त्यसैगरी परिवारको बनोटको आधारमा पारिवारिक विवरणलाई हेर्दा एकात्मक परिवारमा २९ जना (५३.७%) बसेका छन् भने २५ जना (४६.३%) संयुक्त परिवारमा बसेका छन् । यसरी विवाह गरी छुट्टिने र कामको सिलसिलामा बाहिर जानुपर्ने कारणले गर्दा एकल परिवारको संख्या र सानो परिवारको संख्या वर्तमान समयमा बढ्दै गएको देखिन्छ ।

अध्ययन क्षेत्रका थारु जतिको पारिवारिक संरचना बृहत्बाट सानो परिवारतर्फ र संयुक्त परिवारबाट एकात्मक परिवारतर्फ बस्न थालेका छन् । परम्परागत रूपमा बस्दै आएका संयुक्त परिवारबाट क्रमशः एकात्मक परिवारमा बसोवास गर्न थालेका छन् ।

## ५.३ शैक्षिक अवस्था

सौ फर्साटिकर गा.वि.स. मा बसोवास गर्ने थारू जातिहरूमा शिक्षाको स्तर मध्यम खालको पाइन्छ तापनि हाल शैक्षिक जागरणका कारण आफ्ना बालबच्चाहरूलाई विद्यालय पठाउने क्रम भने बढिरहेको पाइन्छ । यस क्षेत्रका थारूजातिका लागि अध्ययन गर्ने विद्यालय गाउँ नजिकै भएको कारण प्रायजसो बालबच्चाहरू विद्यालय जाने गरेको पाइन्छ । विद्यालय शिक्षाबाट वञ्चित केही महिला तथा पुरुषहरूले पनि प्रौढ शिक्षाबाट साधारण ज्ञान हासिल गरेको पाइन्छ । धेरैजसो अधवैंसे तथा बूढापाका थारूहरू भने अशिक्षित नै रहेका छन्। उच्च शिक्षासम्म अध्ययन गर्ने जनसंख्या भने निकै कम रहेको छ ।

यस अध्ययन क्षेत्रमा बस्ने ३४६ थारू जनसंख्या मध्ये ५ वर्ष भन्दा माथि उमेर समूहकोजनसंख्या ३३१ रहेको छ । ३३१ जना थारूहरू मध्ये २४४ जना थारूहरू साक्षर देखिन्छन् जसमा महिला १५३ जना र पुरुष ९२ जना रहेका छन् भने ८७ (

२६.३%) जना निरक्षर देखिन्छन् । थारू जातिको शैक्षिक स्थितिलाई तलको तालिकाहरूमा देखाइएको छ ।

**तालिकां ४ : लिङ्ग अनुसार थारू जातिको शैक्षिक स्तरको विवरण (५ वर्ष माथि)**

| शैक्षिक स्तर | पुरुष | प्रतिशत | महिला | प्रतिशत | कुल जनसंख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १-५ कक्षा | ३६ | २२.९ | ६४ | ३६.८ | १०० | ३०.२ |
| ६-१० कक्षा | ३९ | २४.८ | ५० | २८.७ | ८९ | २६.९ |
| एसएलसी/उच्च शिक्षा | ७ | ४.५ | १२ | ७.९ | १९ | ५.७ |
| आईए | ४ | २.५ | ६ | ३.४ | १० | ३.० |
| बीए भन्दा माथि | १ | .६ | ७ | ४.० | ८ | २.४ |
| साक्षर मात्र | ५ | ३.२ | १३ | ७.५ | १८ | ५.४ |
| निरक्षर | ६५ | ४१.४ | २२ | १२.६ | ८७ | २६.३ |
| जम्मा | १५७ | १०० | १७४ | १०० | ३३१ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६५

माथिको तालिका मा ५ वर्ष जेखि माथिको ३३१ जनसंख्या १ देखि ५ कक्षासम्मका पढेका जनसंख्या १०० (३०.२%) जना रहेका छन् जसमध्ये पुरुष ३६ (२२.९%) जना र महिला ६४ (३६.८%) जना रहेका छन् । एस.एल.सी. र उच्च शिक्षा सम्य अध्ययन गर्ने जनसंख्या १९ (५.७%) जना मध्ये पुरष ७ (४.५%) जना र महिला १२ (६.९%) जना रहेका छन् । बी.ए र सो भन्दा माथि अध्ययन गर्ने जनसंख्या ८ (२.४%) जना मध्ये पुरुष १ (.६%) जना र महिला ७ (४.०%) जना रहेका छन् । यहाँ रहेका ८७ (२६.३%) जना निरक्षर थारूमध्ये पुरुष ६५ (४१.४%) जना र महिला २२ (१२.६%) जना रहेका छन् । यस तथ्याङ्कबाट के देखिन्छ भने १० कक्षा सम्म अध्ययन गर्ने थारूहरूको संख्या तुलनात्मक रूपमा बढी देखिन्छ भने उच्च शिक्षा प्राप्त गर्ने थारूहरू निकै कम रहेका छन् ।

### ५.४.१ छोराछोरीलाई पढाउने चाहना

अध्ययन क्रममा ५४ जना उत्तरदतासँग छोराछोरीलाई पढाउनेबारे कस्तो धारणा छ भनी प्रश्न गर्दा प्राय: सबैले छोरा र छोरीलाई बराबरपढाउने र आफ्नो आर्थिक स्थिति तथा छोराछोरीको पढ्ने चाहना अनुसार जतिसम्म पढाउन सकिन्छ त्यतिसम्म पढाउने हो भन्ने उत्तर दिएका थिए । प्राय जसो थारूहरूले अबको जमानामा सकेसम्म उच्च शिक्षासम्म नसके कम्तिमा माध्यमिकसम्म भए पनि पढाउनु जरुरी नै छ भन्ने उत्तर दिएका थिए । छोरा छोरीलाई पढाउने चाहना सम्बन्धी धारणा बारेको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं ५ : छोराछोरीलाई पढाउने चाहनाको विवरण**

| शैक्षिक स्तर | उत्तरतादा संख्या | प्रतिशत |
|---|---|---|
| माध्यमिक विद्यालयसम्म | १३ | २४.१ |
| उच्च शिक्षा | ४० | ७४.१ |
| छैन | १ | १.८५ |
| जम्मा | ५४ | १०० |

स्रोत: स्थलगत सर्वेक्षण, २०६५

प्रस्तुत तालिकाबाट के बुझिन्छ भने अधिकांश थारू जातिमा छोराछोरी पढाउनुपर्छ भन्ने धारणको विकास भएको देखिन्छ । बिगत १० वर्ष अगाडि अध्ययन क्षेत्रका थारु जातिले छोराछोरीलाई पढाउनु हुँदैन भन्ने धारणा थियो भने हाल आएर जनचेतनाको कारणले छोराछोरीलाई पढाउनुपर्छ भन्ने धारणाको विकास भएको छ जसले गर्दा अध्ययन क्षेत्र ५४ घरपरिवारमध्ये ४० जना उत्तरदाता ७४.१% ले उच्च शिक्षा पढाउने विचार गरेका छन भने १३ जना २४.१% उत्तरदाताले माध्यमिक शिक्षासम्म पढाउने चाहना राखेको पाइन्छ ।

## ५.५ भाषा

नेपालमा रहेका विविध जातिहरूले परापूर्वकालदेखि नै आफ्नो मातृभाषाको प्रयोग गर्दै आएको पाइन्छ । थारू जातिको पनि आफ्नै किसिमको मातृभाषा रहेको छ । थारूहरूको मातृभाषा थारू रहे तापनि ठाउँ अनुसार बोलिने भाषा फरक फरक रहेको पाइन्छ । रूपन्देही जिल्लामा बोलिने भाषामा हिन्दी, भोजपुरी, मैथिली आदि भाषाको समिश्रण रहेको पाइन्छ । यस अध्ययन क्षेत्रका थारूहरूका सदस्यहरूले सम्बोधन गर्दा पुरुषलाई 'रे' र महिलालाई 'री' शब्दको प्रयोग गर्दछन् । उदाहरणका लागि पुरुषको लागि बाबा रे, दादु रे तथा महिलाको लागि दाइरी, दिदी री आदि ।

यस अध्ययन क्षत्रेका थारू जाति आफ्नो घर परिवारमा मातृभाषाको प्रयोग गर्दछन् भने अन्यत्र चाही नेपाली भाषा नै प्रयोग गर्दछन् । पहिलेका बूढापुराना थारू बाहेक अरु सबै थारूहरूले नेपाली भाषा बोल्न सक्दछन् । शैक्षिक विकास तथा अन्य जातिको प्रभावले गर्दा यस क्षेत्रका थारूजातिको आफ्नो भाषामा समेत प्रभाव परेको देखिन्छ । यस क्षेत्रका थारूजातिले दैनिक व्यवहारमा प्रयोग गर्ने थारू भाषा र त्यसको नेपाली अर्थ तल प्रस्तुत गरिएको छ ।

नाता सम्बन्धमा थारूजातिले आमालाई दाइ, बुवालाई बाबा, छोरालाई बाउ, छोरीलाई बैनी, दाइलाई दादा र भाउजुलाई भौजी भन्ने गर्दछन भने बाजेलाई बुढु र बजैलाई बुई भनी सम्बोधन गर्खछन् । भने लोग्नेलाई मरद, स्वास्नीलाई जनी बुहारीलाई पतोहिया भन्ने गर्दछन् ।

खाद्य पदार्थका नाम पनि थारू जतिको फरक खालको छ चामल चाउर, मकैलाईं कोकनी, गहुँलाई गेहुं, तोरीलाई लाही, भटमासलाई भरथर, मासलाई उरुद, मसुरोलाई मसुरी, तरकारीलाई तिउना, नुनलाई नोन र चनालाई चाना भन्ने गर्दछन् ।

यसरी अध्ययन क्षेत्रका थारू जतिले हप्ताको सातवटा बारलाई पनि फरक तरिकाले सम्बोधन गर्ने गरेको पाइन्छ । आइतबारलाई अतबार, सोमबारलाई सोम

मंगलबारलाई मंगर, बुधबारलाई बुध, विहिबारलाई बिफे, शुक्रबारलाई सुख र शनिबारलाई शनिश्चर भन्ने गर्दछन् ।

तरकारी तथा फूलफूलको नाम पनि फरक तरिकाले भन्ने गर्दछन् काउलीलाई गोभी, मुला, मुरै, भान्टा-भाँटा, मासु-गोँस, चिचिण्डो-कैंडा, फर्सी-कोंहडा, कुभिण्डो-घुसुरु, खुर्सानी-मर्चा, घिरौला-घिउडा, स्याउ-सेउ, नरिवल-गरी, आँप-आम, अम्बा-अमरुत, लिची-अलैंची, कागतीलाई लङ्गी भन्ने गर्दछन् ।

## ५.६ नातेदारी प्रचलन

रक्त सम्बन्ध एवम् वैवाहिक सम्बन्धको आधारमा स्थापित हुने सम्बन्ध नै नातेदारी हो । व्यक्ति जन्मदेखि मृत्यु सम्म विभिन्न नाता गोतामा जेलिएको हुन्छ र नातेदारी सम्बन्ध स्थायी र घनिष्ट पनि हुन्छ । यसरी नातेदारी प्रणालीलाई एउटा सम्बन्धको जालो मान्न सकिन्छ । रक्त सम्बन्धको आधारमा स्थापित नाताहरूमा बाबा, आमा, छोराछोरी, दाजु , दिदी , बहिनी आदि पर्दछन् भने विवाह गरेपछि गाँसिएका नाता सम्बन्धमा सासु, ससुरा, साली, जेठान, भिनाजु , श्रीमती आदि पर्दछन् ।

यस अध्ययन क्षेत्रका थारूहरूमा नातासम्बन्ध प्रगाढ भएको लिने, दिने कार्य नातेदारहरूबाट गरेको पाइन्छ । बच्चाको मुन्डन कार्यदेखि लिएर उल्टा दाँत तुराई, मामाबाट नै हुन्छ । साली-भाटु (भिनाजु) बीचको सम्बन्ध ठट्यौली गर्न सकिने किसिमको हुन्छ । सम्धी-सम्धिनीयाँ बीच र जेठाजु र बुहारीबीच शारीरिक रूपमा नछुने प्रचलन छ । त्यसैगरी नन्द-भाउजुमा सेवा ढोग लाग्ने प्रचलन छ । थारूहरूमा विभिन्न चाडपर्वहरूमा चेलीबेटीलाई दिइने कोशेलीले नातेदारी व्यवस्थालाई अझै बढी प्रगाढ बनाएको देखिन्छ ।

## ५.७ भेषभूषा र गरगहना

भेषभूषा र गरगहनाबाट कुनै पनि समुदायको संस्कृति झल्किएको हुन्छ साथै समुदायलाई चिनाउने, छुट्याउने कार्य समेत भएको हुन्छ । नेपालका २२ जिल्लाहरूमा बसोवास गर्दै आएका थारूहरूले प्रयोग गर्ने भेषभूषा र गरगहनामा एकरूपता नभई

भौगोलिक क्षेत्र अनुसार फरक फरक भएको पाइन्छ । रूपन्देहीका थारू पुरुषहरूको पुरानो परिहन नेङोटी (लगौटी) भंगवा (धोती), फाँड (कछाड), कमीच, चदरी आदि हुन भने नारीहरूको पहिरनमा चाँगा, चोलिया, धनेगी र नेहगी प्रमुख हुन् ।

यस शोधपत्रको अध्ययन क्षेत्रका थारू जातिका अनुसार यहाँका पुरुषहरू लंगोटी, कछाड, भोलिया, भोटो, टोपी आदि पोशाक लगाउँछन् भने आइमाईहरू नेहगी, चोलिया, घोघटी (ओड्ने) लेहेङ्गा आदि पोसाक लगाउँछन् । हाल पुरुष तथा महिलाहरूको परम्परागत पोसाकमा परिवर्तन भई पुरुषहरूले कमिज, पाइन्ट, टिसर्ट आदि लगाएको पाइन्छ भने महिलाहरूले सारी, ब्लाउज, कुर्तासलवार, म्याक्सी, लुङ्गी आदि लगाएको पाइन्छ ।

महिलाले लगाउने गरगहनाहरूमा खुट्टामा छ्यकल, कल्लीस, पाखुरामा टँडिया , चुरल, कानमा कन्सी, कन्फुल, सिलमुन्द्री झुम्का, नाकमा नथुली, फुलिया, बुलाँकी , फुली घाँटीमा हँसुली, मुँगा, चकटी (भारतीय पैसाबाट बनाएको) फुलिया हातमा चुरा, बाला, सलोनी, छनीया, पहुँची, अगेला, पछेला निधारमा टिकुली कम्मरमा चाँदीको दाँत निर्मित करधन आदि हुन् । यिनीहरूका गहना प्राय चाँदी र गिलटबाट बनाइएका हुन्छन् ।

हाल रिङ्ग तिलहरी टप, सिक्री जस्ता आधुनिक गहना लगाउन थालेको पाइन्छ । बढ्दो आधुनिकीकरण र अन्य जातिको प्रभावले जातिगत पोसाक र गरगहना लगाउने प्रचलिन निकै कम देखिन्छ । भन्नुहुन्छ यस गा.वि.स. का पूर्व अध्यक्ष श्री कीसुन चन्द्र चौधरी साथै पोशाक र गहनाको आधारमा थारू जातिलाई पहिचान गर्न पनि गाह्रो हुन्छ । यस क्षेत्रका थारू जातिले हातमा खोपाउने कार्य (गोदना) पनि हाल प्राय हटिसकेको छ ।

## ५.८ खानपान

यस अध्ययन क्षेत्रका थारूहरू बढी मात्रामा खानपिनमा मोजमस्ती गरेकाले आर्थिक स्तर उच्च भएका थारूहरूको पनि जीवनस्तर खस्कदो अवस्थामा रहेको छ बढी मामत्रामा पाहुनालाई जाँडरक्सी र मासुबाट सत्कार गर्दै आइरहेका यस क्षेत्रका

थारूहरूको दैनिक खापानमा भात, दाल, तिउना, साग, माछा, मासु, घोघी, जाँडरक्सी आदि हो । यहाँका थारू जातिले मुसा पनि खाने गर्दछन् भने माछा यिनीहरूको प्रिय भोजन हो । मासुको लागि खसी ब्राखा, हाँस, कुखुरा , परेवा, भेडा, सुगुर आदि प्रयोग गर्दछन् । खाजाको रूपमा रोटी, चिउरा, मकै, भात आदि खान्छन् धोघी र माछा मार्नको लागि नजिकको पोखरी, कुलो, ताल, खोला आदिमा जाने गर्दछन् ।

हाल आएर यस अध्ययन क्षेत्रका थारूहरूको खानपानमा परिवर्तन भएको छ । यहाँका थारूहरू घरमै उत्पादन गरेको जाँडरक्सी भन्दा बजारमा पाइने भोडका, बियर, कोकाकोला आदि पेय पदार्थहरूलाई विभिन्न चाडपर्व, विवाहमा बढी महत्व दिएर प्रयोग गरेको पाइन्छ ।

## ५.९ महिलाको स्थिति

यस अध्ययन क्षेत्रको थारू समाज पुरुष प्रधान भए पनि घरायसी कामकाजमा पुरुष भन्दा महिलाको योगदान नै बढी देखिन्छ । शिक्षा, स्वास्थ्य, रोजगारी, राजनीति आदि क्षेत्रमा महिला वर्ग निकै पछाडि परेका देखिन्छन । विद्यालयको साधारण शिक्षा तथा केही मात्रामा प्रौढ शिक्षा लिने महिलाबाहेक अधिकांश महिलाहरू निरक्षर रहेका छन् । उच्च शिक्षा हासिल गर्ने महिलाको संख्या ज्यादै न्यून रहेको छ । भान्छाको काम, बालबच्चा स्याहारसुसार गर्ने , सरसफाइको काम, पशुपंक्षीको रेखदेख गर्ने काम देखि लिएर पुरुष सरह नै खेतीपातीको काममा सहभागी हुने कार्यमा महिलाहरू लागेका देखिन्छन् । यहाँका महिलाहरू पुरुष सरह नै निकै मिहेनती देखिन्छन् । घरको भित्तामा विभिन्न आकारको चित्र बनाउने काममा थारू महिला निपूर्ण नै हुन्छन् । घरव्यवहारका काममा निर्णयकर्ता र सल्लाहकारको भूमिका निभाउने कार्यमा महिलाको पनि प्रमुख भूमिका रहेको हुन्छ ।

महिलाहरूले जतिसुकै मिहिनेतका साथ योगदान गरे पनि उनीहरू हरेक क्षेत्रमा पछाडि परेको महसुस गर्दछन् । यस क्षेत्रका महिलालाई पुरुष वर्गबाट राम्रै व्यवहार गरिने भए तापनि समाजमा महिला उन्नतिका लागि खुलेर लाग्ने आँट भने निकाल्न

सक्दैनन् । आज भोलि केही जागरुक महिलाहरू मिलेर महिला उत्थानका लागि महिला समूह गठन गर्ने तथा चेतनाको विकास गर्ने काममा सक्रिय हुँदै आएका छन् ।

## ५.१० परिवारनियोजन

दुई सन्तान ईश्वरको वरदान भन्ने उखान थारू जातिमा कमैमात्र लागू भएको पाइन्छ । अधिकांश थारू जातिमा परिवार नियोजनको ज्ञान नभएको कारण धेरै सन्तान भएको पाइन्छ । यस अध्ययन क्षेत्रका थारू जातिमा प्रायजसो ५/६ जना बालबच्चा भएको पाइन्छ । यस क्षेत्रका पुराना बूढापाका थारूहरू परिवार नियोजन गरेको पाइँदैन भने हालका साक्षर पिढीमा भने परिवार नियोजन गरी थोरै बच्चा जन्माउने धारणाको विकस हुँदै आएको पाइन्छ ।

अध्ययन क्षत्रेका उत्तरदाता थारूहरूको परिवार नियोजनको स्थितिलाई हेर्दा परिवार नियोजन गर्ने ५० (९२.६%) जना र नगर्ने ४ (७.४%) जना रहेका छन् । यसै गरी उमेर समूह अनुसार स्थायी र अस्थायी परिवार नियोजन गर्ने र उत्तरदाताहरूको विवरण यस प्रकार छ -

**तालिका नं. ६ : उमेर समूह अनुसार परिवार नियोजन**

| उमेर समूह | परिवार नियोजनको प्रकार | | | | | |
|---|---|---|---|---|---|---|
| | स्थायी | | अस्थायी | | जम्मा | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १५-३९ | १० | ३७.० | ७ | ३०.४ | १७ | ३४.० |
| ४०-५९ | १४ | ५१.९ | ११ | ४७.८ | २५ | ५०.० |
| ६० भन्दा माथि | ३ | ११.१ | ५ | २१.७ | ८ | १६.० |
| जम्मा | २७ | १०० | २३ | १०० | ५० | १०० |

स्रोत: स्थलगत सर्वेक्षण, २०६५ ।

माथिको तालिका अनुसार १५-३९ वर्ष उमेर समूहका महिला र पुरुषहरूमध्ये स्थायी परिवार नियोजन गर्ने १० जना ३७.०% र अस्थायी परिवार नियोजन गर्ने ७ जना ३०.४% रहेका छन् भने ४०-५९ वर्ष उमेर समूहका उत्तरदाता थारुहरूको परिवार नियोजनको स्थितिलाई हेर्दा १४ जना ५१.९% स्थायी गर्ने र ११ जना ४७.८%

अस्थायी परिवार  नियोजन गर्ने यसले गर्दा समाजमा थारु जातिको जनसंख्या वृद्धिदर विगत  १० वर्ष यता कम देखिएको छ ।

## ५.११ स्वास्थ्य , सरसफाई र खानेपानी

यस अध्ययन क्षेत्रका थारू जातिको घर प्राय: गुजमुच्च परेर रहेको र घर नजिक नै कुखुरा, हाँस पाल्ने भए तापनि वरिपरिको वातावरण भने सफा नै देखिन्छ । विशेष गरी वर्षायाममा चाहिँ फोहर हिलो धेरै हुने गर्दछ । यहाँका थारू जातिले आफ्नो घर क्षेत्रमा नै शौचालय बनाएको पाइँदैन । उनीहरू नजिकको कुलो, खेत आदिलाई नै शौचालयको रूपमा प्रयोग गर्दछन् । कुनै कुनै सम्पन्न तथा शिक्षित थारूले भने शौचालय निर्माण गरेको पनि पाइन्छ । बढ्दो उपचार केन्द्र तथा शिक्षाको प्रभावले गर्दा विरामी पर्दा धामीझाँक्री कहाँ नगएर सोझै अस्पताल लैजाने क्रम पनि बढिरहेको पाइन्छ । खानेपानीको लागि कुवा, इनार र धारा भन्दा ट्युवेल नै प्रयोग गर्दछन् ।

अध्ययन क्षेत्रका थारू जातिमा उपचार गर्ने पद्धतिबारे तल तालिकामा प्रस्तुत गरिएको छ

**तालिका ७ : स्वास्थ्य उपचार गर्ने विधि सम्बन्धी विवरण**

| विधि | संख्या | प्रतिशत |
|---|---|---|
| धामीझाँक्री | ५ | ९.३ |
| बैद्य औषधी | २ | ३.७ |
| अस्पताल | १७ | ३१.५ |
| हेल्थपोष्ट | ३० | ५५.५ |
| जम्मा | ५४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६५ ।

माथिको तालिकामा ५४ जना उत्तरदतामध्ये धामीझाँक्रीलाई प्राथमिकता दिने ५ जना, बैद्यको औषधी गर्ने २ जना, अस्पतालमा गएर औषधी गराउने १७ जना रहेको पाइयो भने सबै भन्दा धेरै अर्थात ३० (५५.६%) मानिसहरू उपचारको लागि हेल्थपोष्टमा जाने गर्दछन् भन्ने देखिन्छ ।

यसरी हेर्दा बिरामी हुँदा बिरामी हुँदै झारफुक र धामी झाँक्रीसँग उपचार गराउने थारुहरू हाल आएर सामाजिक परिवर्तनसँगै जनचेतनाको कारणले गर्दा हेल्थपोष्ट र अस्पतालमा गएर उपचार गराउन थालेको देखिन्छ ।

अध्ययन क्षेत्रका थारू जातिमा घरमा भएका सानो नानीहरु तथा गर्भवती महिलाहरूलाई खोप दिने गर्नुभएको छ कि छैन भन्ने प्रश्नमा सम्पूर्ण उत्तरदाहरूले खोप दिने गरेको बताएका छन् भने खोपहरूमा डीपीटी, पोलियो, दादुरा हेपाटाइटिस र टीटी रहेका छन् ।

अध्ययन क्षेत्रका उत्तरदता थारूहरूले गर्भवती महिलालाई सुत्केरी गराउँदा ३० (५५.६%) ले सुडेनीको लैजाने गर्दछन् भने ५ (९.३%) जनाले नर्स, १ (१.९%) जनाले डक्टर र १८ (३३.३%) जनाले घरको मानिसद्वारा सुत्केरी गराउने गरेको पाइयो । यसबाट के देखिन्छ भने गर्भवती महिलालाई घरमै सुत्केरी गराउने प्रचलन कायमै रहेको देखिए पनि ५५.६ प्रतिशतले भने गर्भवती महिलालाई सुत्केरी गराउँदा सुडेनीको सहयोग लिने गरेको देखिन्छ ।

खानेपानीका लागि भने ५४ जना उत्तरदाता थारूहरूले सबैजनाले ट्युवेलको पानी नै खानका लागि प्रयोग गरेको देखिन्छ ।

## ५.१२ सामाजिक संस्कार

संस्कार भन्नाले मानव जीवनमा आफूलाई विभिन्न धार्मिक एवम परम्रागत विधिद्वारा शुद्धिकरण गरिने प्रक्रिया हो । आदिवासीको रूपमा परिचित यस अध्ययन क्षेत्रका थारूहरूमा पनि आफ्नै प्रकारका विभिन्न सामाजिक संस्कारहरू छन् जसको क्रमशः तल चर्चा गरिएको छ ।

### ५.१२.१ गर्भधारण

रजश्वलालाई सामान्य रूपमा लिने गरेका यस अध्ययन क्षेत्रका थारूहरूले ब्राह्मण, क्षेत्री जस्तो अशुद्ध भएको मान्ने नगरिए तापनि केही कार्यहरू जस्तै जाँड रक्सी पार्ने र धार्मिक कार्यमा थारू महिलाहरू भाग लिदैनन् । थारू जातिका स्त्रीहरूले

गर्भधारण गरेपछि त्यसैको अवसरमा कुनै उत्सव, समारोह जस्ता कार्यहरू गरिएको पाइदैन । त्यस्तै बाखा, गोरु, घोडा आदिलाई बाँधेको डोरी नाघ्न हुँदैन भन्ने मान्यता रहेको छ । त्यसै गरी ग्रहण लागेको बेलामा गर्भवती महिलाले हेर्नु हुँदैन वा बाहिर निस्कनु हुँदैन अशुभ हुन्छ भने धार्मिक विश्वास पनि रहेको छ । गर्भधारण भएको अवस्थामा गर्भवतीको लागि भनेर छुट्टै भिटामिन युक्त खानपिनमा केही विचार पुऱ्याइएको भए तापनि बच्चा नजन्माउँदासम्म प्रायजसो सासुको चपेटामा परेर घरायसी लगायत कृषि कार्यमा गाह्रो कार्य समेत गर्ने प्रचलन रहेको छ ।

## ५.१२.२ जन्म संस्कार

महिना पुगेपछि जब गर्भवती महिलालाई व्यथा लाग्न थाल्छ त्यसपछि उनलाई छुट्टै घरमा लगेर राखिन्छ । धेरै समयसम्म व्यथा लागेमा कोइली चराले खाएर झरेको आँपको कोया खान दिइन्छ भने कसैलाई जुटको केही टुक्रा कपालमा बाँधि दिन्छन् । त्यसपछि पनि बच्चा नजन्मिएमा सुडेनीको सहायता लिइन्छ । सुडेनीको सहायताबाट पनि बच्चा जन्माउन नसकेमा मात्र नजिकको स्वास्थ्य केन्द्र वा उपलब्ध स्वास्थ्य संस्था वा स्थास्थ्यकर्मीको सहयोग लिइन्छ । बच्चा जन्मेपछि नाभी काट्ने काम हुन्छ । साल काटिसकेपछि बच्चा तथा आमालाई नुहाई दिने काम गरिन्छ । सुत्केरीलाई जुन ठाउँमा राख्ने हो त्यहाँ पोत्ने काम सकिएपछि ५ मुठी धान र दुवो राखिन्छ । त्यसपछि सुत्केरी बच्चा लिई त्यस स्थानमा छ दिनसम्म घरमा बस्नु पर्दछ । सुत्केरी बसेको घरमा चुल्हो बनाई त्यसमा आगो बालिएको हुन्छ , जसबाट बच्चा र आमालाई सेक्ने काम (घस्ने वा तेल लगाउने) गरिन्छ । पाँच दिनसम्म सुत्केरी घरबाट बाहिर ननिस्की बसेपछि छैटौं दिनमा सुत्केरीलाई बाहिर ल्याउने काम हुन्छ । यो दिनलाईछैठ वा छठियार भन्दछन् । त्यस दिन बिहान घर आगन लिपपोत हुन्छ । सुत्केरीलाई नुहाउने काम हुन्छ । नाउद्वारा सुत्केरीको हात खुट्टाका नङ काट्ने काम हुन्छ । यो समुदायका अधिकांश संस्कारहरूमा नाउको उपस्थिति अनिवार्य हुन्छ । उक्त नाउलाई काम सघाए वापत आ-आफ्नो आर्थिक स्थिति अनुसार चामल, पैसा तथा लुगाफाटो पनि दिने गर्दछन् । यसै दिन बेलुका सुत्केरीलाई नजिकैको पोखरी वा तालमा डुबाउन लगिन्छ । इनार डुबाउन लैजादा गाजल, दियो, अगरबत्ती, धान, दुवो तथा सिन्दुर लिएर

जान्छन् । इनारको एक छेउमा पोतेर त्यहाँ ५ मुठी धान र दुवो राखिन्छ त्यसपछि इनारमा सिन्दुर तथा गाजल छिटिन्छ र सुत्केरीलाई पोखरी डुबाई सकेर घरमा ल्याइन्छ ।

घरमा आएपछि सुत्केरी हात खुट्टा धोएर मात्र घर भित्र पस्दछन् । बेलुका घर भित्र र आगनमा देवतालाई बत्ती बाल्नुपर्दछ । त्यसपछि सुत्केरी बसेको घरमा जहाँ बच्चालाई सुताइएको हुन्छ त्यहाँ ५ वटा सिन्दुरको टीका लगाई त्यसको ठीक तल ५ वटै गाजलको टीका लगाएर बत्ती बालेपछि बच्चालाई स्याहार्ने स्त्रीले बच्चा त्यही राखी हे ! छै.ठ परमेश्वरी यो नानीलाई विद्या देऊ, हाँस खेल गराऊ , रुन्चे भगाऊ , भनेर प्रार्थना गरी वरिपरि पानी छरि दिन्छन् । यिनीहरू नवजात शिशुको छैठौ दिनमा भावीले भाग्य लेख्छ भन्ने कुरामा विश्वास गर्दछन् । एवम प्रकारले छैटी कर्म समाप्त हुन्छ । ६ दिनपछि सुत्केरी चोखिएको माने पनि १२ दिनसम्म घरको काम गर्दैनन् । सुत्केरी महिलालाई सूठो, भेली र दूध पकाएर दिनको २ पटक खुवाउने र शरीरमा तेल लगाई मालिस गरिदिने चलन छ ।

### ५.१२.३ नामकरण

थारु जातिमा नाम राख्ने पनि कुनै निश्चित नियम हुँदैन । घरको कुनै पनि व्यक्तिले नवजात शिशुको नाम राख्ने गर्दछ । खास गरी शिशुको नाम शिशु जन्मेको बार जस्तै आइतबार जन्मेको रवि, मंगलबार जन्मेको मंगला, बुधबार जन्मेको बुधनी त्यस्तै महिनाको नाम अनुसार फागुनमा जन्मेको फगुवा, पुषमा जन्मेको पुष्पलाल, रङ्गको आधारमा काली, उजरी, गोरिया आदि नाम राख्ने गरिन्छ । बच्चा जन्मेको ठाउँ, घटना देवी देवताको नामबाट पनि नवजात शिशुको नाम राख्ने गरिन्छ ।

### ५.१२.४ फुला चलाई (रजश्वला)

यहाँका थारू जातिमा रजश्वलालाई बार्ने चलन छैन तर पनि रजश्वला (फुला चललई) भएको बेला देवताको थानमा जानु हुँदैन भन्ने विश्वास पाइन्छ । जुन बाहुन क्षेत्रीको समाजमा बसेको हुँदा उनीहरूकै संस्कारबाट लिएको हुनसक्छ ।

## ५.१२.५ चुडा कर्म

बालकको ५ देखि १० वर्ष भित्रमा चुडा कर्म (कपाल काट्ने) विधि गर्ने चलन छ । चुडाकर्म विधिलाई छुट्टै नगरिकन घरमा भए गरिएको पूजा उत्सव वा विवाहको दिनमा साइत जुराई पनि यो कार्य गर्दछ् । यो विधि गर्दा विहान घर लिपपोत गरी सफासुग्घर पारिन्छ । चुडाकर्म गर्ने बालकले नुहाएर नाउद्वारा कपाल काट्ने गरिन्छ । नाउले कपाल काट्दा आमाले सो कपाल आफ्नो आचलमा थाप्नु पर्दछ । सम्पन्न परिवारले कपाल काट्दै गर्दा देवता घरमा स्थापित गरी संसारी माई देवीलाई बोका काटेर बली दिई निमन्त्रणा गरी बोलाइएका छिमेकी वा नातेदारहरूलाई भोज ख्वाउँदछन् । कपाल काटी सकेर बोका बली दिएपछि बालकलाई नयाँ लुगा फेराइन्छ । भोज खाइसकेपछि राति नाच गान तथा भजन कीर्तन पनि गरिन्छ ।

## ५.१२.६ विवाह संस्कार

मानवीय आवश्यकता पुरा गर्नका लागि समाजद्वारा स्थापित एक महत्वपूर्ण संस्थाको रूपमा विवाहलाई लिन सकिन्छ । विवाह भनेको समाजको सांस्कृतिक मूल्य-मान्यतामा आधारित दुई विपरित लिङ्गहरू बीचमा वैद्य यौन सम्बन्ध कायम गर्न तथा सामाजिक आर्थिक सम्बन्धमा सम्मिलित हुने अधिकार पाएको महत्वपूर्ण सामाजिक संस्था हो ।

थारू समाजमा पनि विवाहलाई जीवन संस्कारको महत्वपूर्ण घटनाको रूपमा लिइन्छ । यस गा.वि.स.का थारू जातिमा पनि विभिन्न प्रकारको विवाह प्रचलन चलेको पाइन्छ । प्रमुख विवाहका प्रचलनहरू निम्न रहेका छन् -

### क) मागी विवाह

थारू जातिमा सबैभन्दा खर्चिलो विवाह हो । केटा पक्षबाट केटी पक्षका अभिभावकहरूसँग कन्या मागेर बाबुआमाको राजी खुशीमा गरिने विवाहलाई नै मागी विवाह भनिन्छ । विवाहको सम्बन्धमा यस क्षेत्रका वृद्ध जानकार श्री चन्द्र शेखर चौधरी भन्नुहुन्छ -यो विवाह गर्दा केटा पक्षबाट एकजना लमीलाई केटीको घरमा केटी

माग्न पठाइन्छ । कुरा मिली सकेपछि केटीको अभिभावक केटाको घर हेर्ने जान्छन् । केटापक्षबाट केटीपक्षलाई भोज खुवाई विवाहको मिति तोकिन्छ ।

दुबैतिर विवाह गर्ने मिति निश्चित भएपछि लमी मार्फत तीनजना पुरुष दुलहीको घरतर्फ जन्छन् । दुलहीको घर पुग्नुभन्दा पहिले नजिकैको कुनै घरमा बस्दछन् र दुलही तिरबाट निम्ता आएपछि मात्र दुलहीको घरमा जान्छन् । घरमा पुग्नुभन्दा पहिले दुलहीको आमाले गडुवा (झारी) ले पानी छर्केपछि टिका लगाई दिन्छन् र जन्ती पर्सने काम हुन्छ । जन्ती पर्सदा दुलहीको आमा तथा दिदीबहिनीले दुलाहालाई मूल ढोकाको अघिल्तिर उभ्याएर सिलौटोको लोहोरो तथा मदानीले शरीर वरिपरि घुमाउने तथा आगोमा तोरी पड्काउने काम गर्दछन् । दुलाह पक्षबाट दुलहीको आमालाई १६ हात नैनासुत वा मार्किनको कपडा दिने गरिन्छ जसलाई 'खेरसार' भनिन्छ । यो कार्य भएपछि मात्र भोज खुवाउने कार्य गर्दछन् । खानपिनपछि दुलाह र दुलहीको गोडा धोएर टिका लगाइदिन्छन् र गच्छे अनुसारको दान उपहार दिन्छन् । कन्यादानपछि दुलहा दुलहीले सातपटक विवाह मण्डपको परिक्रममा गर्ने , दुलाहले दुलहीलाई सिन्दुर हाल्ने जस्ता परम्परागत विधि गर्दछन् । दुलहीको साथमा एक दुई जना आइमाईहरूसँगै जाने गर्दछन् । घर पुग्ने बेला मागर ( मंगल) गीत गाउने तथा घर प्रवेश गर्दा दुवारपाठ (ढोका पूजा) गर्ने गर्दछन् । दुलहीको साथमा गएका आइमाइलाई उनीहरूको साथी छुटाएर लागेकोमा केही पैसा केटातिरबाट दिनुपर्ने हुन्छ जसलाई सङ्छोडावन (साथी छोड्नु) भनिन्छ । दुलाहको घरमा खसी सुँगुर , बङ्गुर काटेर भोज खुवाइन्छ । बेलुका जन्ती गएकामध्ये दुलाह तर्फका केटाहरूलाई गोडामा तेल लगाई रक्सी, चुरोट, सुपारी खान दिइन्छ । भोलिपल्ट विहान केही पैसा राखी दुलहीको मुख हेर्ने चलन छ । विवाह सम्पन्न भएको ३ दिनपछि दुलहीको माइतबाट गाउँका दुई तीन जना भलाद्मी सहित दुलहीको बुवा दुलहीलाई लिन जान्छन् जसलाई 'लेलहारी' (लोकन्ती फर्काउने) भनिन्छ ।

**ख) उडरी (जारी विवाह)**

आमाबुवाको सल्लाह बिना अर्काकी श्रीमती तथा अविवाहित छोरीलाई भगाएर वा चोरेर लैजाने प्रथालाई उडरी विवाह भनिन्छ । यहाँका वासिन्दाहरू अनुसार पहिले यस किसिमको विवाहको प्रचलन निकै चलेको पाइन्थ्यो । यस प्रकारको विवाहमा केटाले केटीलाई भगाएर लगेपछि अन्य गाउँमा लगेर राख्छन् । जुन गाउँमा लगेको हो त्यहाँ भएमा सबै घरमुली आएर सोधखोज गर्दछन् । केटी अविवाहित रहिछ भने गाउँको जमिनदारसँग सोधपुछ गरी आफ्नो घरमा भित्राउन सक्छन भने विवाहित आइमाइ भएमा जारी वापत रु.१०० पुरानो लोग्नेलाई तिर्न लगाउँछन् । तल्लो जातको केटी ल्याएको छ भने पहिला भोज खादैनन तर सामान्य दण्ड जरिवाना गरेपछि मात्र भोज खाने गर्दछन ।

**ग) सट्टा विवाह**

आफ्नो छोरी अर्काको छोरालाई दिने र आफ्नो छोराको विवाह त्यसतर्फको छोरीसँग गर्ने विवाह नै सट्टा विवाह हो । दाजुको मृत्यु भई भाउजुसँग देवरको विवाह गर्ने इच्छा भएमा मताही भोज खुवाएपछि मात्र सट्टा विवाह हुन सक्दछ । सट्टा विवाह निम्न आय हुने थारूहरूमा बढी लोकप्रिय भएको पाइन्छ । यस क्षेत्रका थारूमा भाउजु विवाह पनि गर्ने प्रचलन रहेको पाइन्छ ।

**घ) धरुवा (घरज्वाई विवाह )**

थारू समाजमा पेटमा बच्चा रहेदेखि नै तेरो छोरीलाई मेरो छोरा दिन्छु भनी कबुल गर्दछन् । केटाकेटीको उमेर पुगेपछि केटीको बाबुले केटालाई मेरो घरमा हिँड, म तिमीलाई छोरी दिन्छु भनेर आफ्नो घरमा लैजान्छ । केटाले केटीको घरमा ५/७ वर्ष बसेर काम गर्नुपर्छ । यसरी कतिपय गरिब केटाले आफूलाई मन परेको केटीको बाबुको घरमा हलो जोत्ने, खेती गर्ने काममा सहभागी हुने र पछि सोही घरको केटीलाई विवाह गर्ने प्रथालाई नै घर ज्वाई विवाह भनिन्छ । केटाले राम्ररी कमाउन सक्ने भएपछि आफू स्वेच्छाले अन्यत्र गएर बस्न सक्दछ ।

**ङ) अन्य विवाह**

थारू जातिमा प्रचलनमा रहेका अन्य विवाहरूमा बालविवाह, विधवा विवाह, बहुविवाह आदि हुन् । आधुनिक शिक्षाको प्रभावले गर्दा आजकल थारूहरूमा प्रेमविवाह, अन्तर्जातीय विवाह आदि पनि व्यवहारमा ल्याउन थालेको देखिन्छ । यस अध्ययन क्षेत्रका थारू जातिमा विशेष गरी मागी र उजुरी विवाह प्रचलनमा भए तापनि प्रेम विवाह (उडरी) अन्तर्जातीय विवाह, विधवा विवाह तथा बहु विवाह पनि छिटफुटमात्रामा भएको देखिन्छ भने बाल विवाहको प्रचलन चाहिँ प्रायः हटिसकेको छ ।

## ५.१२.७ अन्तरजातीय विवाहप्रतिको धारणा

थारू समाजमा आफ्नोबाहेक अन्य जातिसँग विवाह गर्ने प्रचलनलाई राम्रो मानिदैन । पहिलेका बुढापाकाहरू यसप्रकारको विवाह प्रचलनको विरोध गर्दछन् भने हालका केही शिक्षित थारू युवाहरू समयअनुसार अन्तर्जातीय विवाह गर्नु पनि राम्रो हुन्छ भन्ने धारणा व्यक्त गर्दछन् । अन्तरजातीय विवाहप्रतिको धारणालाई तलका तालिकामा देखाइएको छ ।

**तालिका ८ : अन्तरजातीय विवाह सम्बन्धी धारणा**

| धारणा | संख्या | प्रतिशत |
|---|---|---|
| राम्रो | १५ | २७.८ |
| नराम्रो | २८ | ५१.९ |
| ठीकै | ११ | २०.४ |
| जम्मा | ५४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६५

माथिको तालिका अनुसार ५४ जना उत्तरदतासँग अन्तर्जातीय विवाहप्रतिको धारणाबारे सोधिएको प्रश्नमा १५ (२७.८%) जनाले राम्रो २८ (५१.९%) जनाले नराम्रो र ११ (२०.४%) जनाले अन्तर्जातीय विवाह ठीकै हो भन्ने जवाफ दिएका छन् ।

अध्ययन क्षेत्रमा बुढापाका उत्तरतादाले आफ्नो संस्कृति तथा परम्पराभन्दा अलग कुरा भएकोले अन्तरजातीय विवाहलाई नराम्रो हो भन्ने धारणा व्यक्त गरेका थिए भने

नयाँ युवा पुस्ताले भने सिनेमाको प्रभाव, अन्य जातिको प्रभाव, शिक्षाको प्रभाव, राजनीतिको प्रभाव आदि कारणले गर्दा अन्तरजातीय विवाहलाई समयअनुसार उपयुक्त हो भन्ने धारणा राखेको पाइन्छ ।

## ५.१२.८ छोराछोरीको विवाह गर्ने उमेर सम्बन्धित धारणा

प्रायजसो थारू समाजमा सानै उमेरमा छोराछोरीको विवाह गरिदिने प्रचलन रहेको हुन्छ । अध्ययन क्षेत्रमा ५४ जना उत्तरदातामध्ये अधिकांश उत्तरदाताले छोराछोरीको विवाह २० वर्ष पछाडि गरिदिने विचार व्यक्त गरेका थिए । आजभोलि शिक्षाको प्रभाव, अन्य जातिको सर्म्पक तथा छोरीलाई पनि विद्यालय पठाउने प्रचलनले गर्दा छोराछोरीको विवाह गर्ने समय पनि फरक पर्दै गएको पाइन्छ । यस क्षेत्रका थारू जातिमा रेडियो, टेलिभिजन तथा विभिन्न संघसंस्थाहरूको प्रचारप्रसारबाट उनीहरूप्रति यस किसिमको चेतनाको विकास भएको विश्वास गर्न सकिन्छ ।

## ५.१२.९ मृत्यु संस्कार

यस गा.वि.स. का थारू जातिमा मृतकलाई गाड्ने, जलाउने वा नदीमा बगाउने चलन रहेको पाइन्छ । कुनै घरमा मृत्यु भएमा सो घरको छोरा बाहिर गएको छ भने अनिवार्य आउनुपर्दछ, मृत्यु संस्कार कार्य गर्न पुरोहितलाई बोलाईन्छ । गुरौले मरेको मानिसले प्रयोग गरेको सामानमा भूत, मसान मन्साएर मरेको मानिससँगै पठाइदिने गर्दछन् । यसो गर्नुको कारण भूत प्रेत अन्य मान्छेमा नसरोस् भन्ने हो । लासलाई घाटमा लैजाने बेला सर्वप्रथम जेठो छोराले बोक्छ त्यसपछि अन्य सबै छोराहरूले बोक्नुपर्दछ । छोराहरूले बोकेपछि ज्वाइहरूले बोक्दछन् त्यसपछि मात्र गाउँका मानिसहरूले बोकेर नदीमा लैजान्छन् । यहाँका थारू जातिको मृत्युसंसकार गर्ने ठाउँ तिनाउ नदी हो । नदीमा पुऱ्याएपछि आर्थिक स्थिति राम्रो भएकाले लासलाई जलाउने गर्दछन् भने आर्थिक स्थिति कमजोर भएकाले लासलाई गाड्ने गर्दछन् । सानो बच्चा मरेको भएमा गाउँ नजिकैको खोलामा लगेर गाड्ने गर्दछन् । लासको संस्कार गरेको दिनबाट नै क्रिया बस्दछन् । १३ दिने दाजुभाइले दूध ल्याउने गर्दछन् । किरिया बसेको मानिसले फलाम हालेर बनाइएको लठ्ठी , लोटा, पटुका, २ वटा लगौटी, भात

पकाउने भाँडा आदि सँगै लिएर बस्दछन्, फलाम वा कौटी भएको खज्इको लठ्ठी लिनुको कारण भूत प्रेत नलागोस भन्ने हो । किरिया बस्दा जेठो वा कान्छो छोरामध्ये एक जना मात्र बस्दछन् । यहाँका थारू जातिहरू १३ दिनसम्म किरिया बस्ने गर्दछन. । अन्तिम दिन बाह्मण पुरोहितलाई बोलाएर मृत्यु संस्कार चोख्याउने विधि गरिन्छ । मरेको दिनमा छोराहरूले कपाल फाल्दैनन् तर चोखिने दिनमा मात्र कपाल फाल्दछन् । बरखी बारेको समयमा कपाल काट्दैनन । यमोशाको (औसी) दिन सकेसम्म समुद्र , गंगा तथा नसकेमा तिनाउ नदी तथा नजिकको नदी वा इनारमा नै भए पनि गएर कपाल फाल्ने परेवा काट्ने गर्दछन् र कुलदेवतालाई आसन ग्रहण गराइ हातमा कुश लिएर पितृलाई जल दिने गर्दछन् जसलाई तर्पण दिने भनिन्छ । त्यसपछि घर गएर बोका वा खसी कुलदेवतालाई चढाउने गर्दछन् ।

## ५.१३ धर्म तथा पूजाआजा

थारू जातिको उत्पत्ति बौद्ध धर्मालम्बी शाक्य वंशबाट भएको र आकृतिमा पनि मंगोलियन जस्तो देखिएता पनि धेरै समय अगाडिबाट आर्यजातिको सर्म्पकमा बसेकाले उनीहरूको पुरानो संस्कारमा परिवर्तन आइसकेको छ । थारूलाई गहिरिएर हेरेको खण्डमा यिनीहरूको परम्परागत धर्ममा हिन्दू धर्मको बढी प्रभाव र हिन्दू धर्मालम्बीहरूको सम्पर्कमा आई आफ्नो परम्परागत धर्मलाई त्यागी हिन्दू धर्म ग्रहण गरेका छन् ।

यस अध्ययन क्षेत्रका थारू जातिले पनि हिन्दू धर्म मान्ने गरेको पाइन्छ । उनीहरूले पूजा गर्ने देवताहरू शिवजी, गणेश, सत्यनारायण, दुर्गा, राम आदि हुन् । पूजाआजामा थारू जातिले गुरौको प्रयोग गर्ने गर्दछन् । लालमोहर छापिएको खान्दानी टिकाधारी गुरौलाई टिकेत वा गौवनिया गुरौ (ठूलो गुरौ) भनिन्छ भन्ने सानो गुरौलाई खरगुमी भनिन्छ । पूजाआजा र चाडपर्वको बारेमा वृद्ध जानकार रामनारायण थारुले भन्नुहुन्छ-

**क) कुलदेवता पूजा (जेठ पूजा)**

थारू जातिको प्रत्येक घरमा अनिवार्य रूपमा कुलदेवताको पूजा गर्ने परम्परा हुन्छ । थारूहरूले आफ्नो घरको उत्तरी पाखाको पूर्व खण्डमा देवता राख्ने कोठा बनाएका हुन्छन् जसलाई 'देउसार' भनिन्छ । त्यही देउसारमा कुलदेवताको पूजा गर्दछन् । यो पूजा जेठ महिनामा गरिने भएकोले यसलाई जेठपूजा पनि भन्दछन् । आफ्नो मरेका पूर्खालाई सम्झेर बेलपाती, दुवो, गाईको दूध, अबीर आदि चढाएर परेवा, कुखुरा आदिको बली दिन्छन् । कुलपूजा गर्ने समयमा आफ्नो सबै खलकहरू एकै ठाउँमा जम्मा हुने गर्दछन् । यसरी कुल पूजा गर्दा शिव पार्वती देवतालाई प्रतीक मानी पूजा  गर्ने चलन रहेको छ ।

**ख) ब्रह्मथान पूजा**

गाउँको पायक पर्ने ठाउँमा रुखमुनि ढुङ्गा तथा शिलाको स्थापना गरी ब्रह्मथान देवताको रूपमा सम्झेर गरिने पूजालाई ब्रह्मथान पूजा भन्दछन् । यस्तो पूजा गर्नका लागि वर, पिपल, सिमल, स्वामीमध्ये कुनै एक रुखको तल थान बनाएको हुन्छ । उक्त थानमा गाईको गोवरले लिपेर बत्ती बाली पूजा गर्दछन् । ब्रह्मथानको पूजा नगरेमा विपत्ती आइलाग्छ भन्ने मान्यता रहेको हुनाले औंसी वा पूर्णिमाको दिन पारेर ब्रह्मथान पूजा गर्ने प्रचलन रहेको छ ।

**ग) लवङग्यहा पूजा**

मंसिर महिना गाउँको पश्चिम एउटा खल्यानमा देवताहरूलाई देशवँधिया र कसौकाबाट पूजा गरेर कुखुरा , सुँगुर र बाखा आदिलाई बली दिएर लवङग्यहा पूजा सम्पन्न गरिन्छ । लवङग्यहा पूजामा सबै घरपरिवारका घुरमुली सदस्यहरूको उपस्थित हुन्छ । लवङग्यहा पूजा सम्पन्न भए पछाडिका दिनमा चेलिबेटीहरूलाई घरमा बोलाई नयाँबालीको साथसाथै माछा, मासु, जाँड रक्सी खुवाउने प्रचलन छ जसलाई लवाङगी खवाइना' भनिन्छ ।

## ५.१४ धार्मिक अन्धविश्वास

थारू जातिमा धार्मिक अन्धविश्वास र रुढिवादी कुसंसकारमा विश्वस गर्ने परम्परा रहेको पाइन्छ । ढुङ्गा माटोको आकृतिलाई देवताको प्रतिक मानी पूजा गर्ने तथा भूतप्रेत, बोक्सी आदिमा विश्वास गर्दछन् । बोक्सी भूतप्रेत आदिबाट वच्नका लागि विभिन्न जन्तर बाध्ने, भाकल गर्ने भूत मन्साउने आदि कार्य गर्दछन् । विरामी भएमा झारफुक र धामीझाँक्रीमा बढी विश्वास राख्दछन् । गुरौले भूत मन्साउने क्रममा चामलको दानामा हेर्दछन् र भूतलाई सम्झाउँछन् । सानो भोगमा नमानेमा ठूलै भोग दिन्छु भनी विरामीको जिउबाट भूत झिक्दछन्. । काठको सामान सिँगारेर सातवटा कोटी राखी देवताको थानबाट, घरबाट, बोक्सी तथा भूत प्रेत निकाल्ने गर्दछन् । भूतलाई घरको धुरीखामाबाट, विरामीको जिउबाट, घरका परिवारबाट झिक्नुपर्छ भन्ने विश्वास गुरौहरूमा रहेको पाइन्छ । विरामीलाई सन्चो भइसकेपछि १/२ वर्षभित्रमा कुखुरा, हाँस, बोका, सुँगुर आदिको भोग दिई वीर मन्साउनु पर्छ भन्ने अन्धविश्वास थारूहरूमा रहेको पाइन्छ । थारू जातिमा हाल यस किसिमको प्रथामा विश्वास गर्ने प्रचलनमा भने केही कमी आएको देखिन्छ । यस क्षेत्रका थारू जातिमा भूतप्रेतप्रतिको विश्वास बारेको धारालाई तल तालिकामा देखाइएको छ ।

**तालिका :९ भूतप्रेत सम्बन्धी धारणा**

| धारणा | संख्या | प्रतिशत |
|---|---|---|
| विश्वास लाग्छ | १२ | २२.२ |
| विश्वास लाग्दैन | २५ | ४६.३ |
| अलिअलि लाग्छ | १७ | ३१.५ |
| जम्मा | ५४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६५

माथिको तालिका अनुसार ५४ जना उत्तरदतामध्ये १२ जना (२२.२%) ले भूतप्रेतप्रति विश्वास लाग्छ भन्ने जवाफ दिए भने २५ जना (४६.३%) ले लाग्दैन भन्ने जवाफ दिए । त्यस्तै १७ जना (३१.५%) उत्तरदाताले भने भूतप्रेतमा अलिअलि विशवास लाग्छ भन्ने बताएका थिए । अतः अधिकांश थारू जातिमा अझै पनि भूतप्रेतप्रति विश्वास मान्ने परम्परा कायमै देखिन्छ ।

## ५.१५ चाडपर्वहरू

समाजशास्त्रीय दृष्टिकोणबाट हेर्दा छरछिमेकी, नातागोता, इष्टमित्र, आदि बीच पराकाष्ठ सम्बन्ध बनाउनको निम्ति मौसमअनुसार खानपिन र मनोरञ्जन गर्नका लागि गरिने परम्परागत संस्कृति नै चाडपर्व हो भने व्याख्या गर्ने गरेको पाइन्छ । चाडपर्वले एकातिर मानिसक चिन्ता, दुःखहरण गर्नुको साथै परम्परागत संस्कृतिलाई बचाई राख्दछ भने अर्कोतिर सामाजिक अन्तक्रिया, एकता गराउनुको साथै सामाजिक अनुशासनमा रहन सहयोग पुऱ्याउँछ । यस अध्ययन क्षेत्रका थारूहरूले मनाउने मुख्य चाडपर्वहरूमा नयाँवर्ष, नागपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, बड्की आईतबार, पीतर औंसी, दस्य, भित्तीयागौर, खिचरी, संगट, फागु (होली) पूर्णिमा आदि रहेका छन् । जसलाई छोटकरीमा तल क्रमशः चर्चा गरिएको छ -

### क) नयाँ वर्ष

नयाँवर्ष सुरु हुने वैशाख १ गतेको दिनलाई यहाँका केही थारूहरूले पर्वको रूपमा लिएको पाइन्छ । घर आँगन चोक सफा गर्ने , नयाँ लुगाहरू लगाउने, मीठो खाने, नयाँ वर्ष सुख शान्तिसँग बितोस भनी शुभकामनाहरू आदान-प्रदान गर्ने गर्दछन् । नयाँ जोस जागर र हर्ष उल्लासका साथ यो पर्व मनाउने गर्दछन् ।

### ख) नाग पञ्चमी

नाग पञ्चमीलाई यहाँका थारूहरू एउटा महत्वपूर्ण पर्वको रूपमा मनाउँछन् । यो पर्व श्रावण शुक्ल पञ्चमीको दिनमा पर्छ । पर्व आउनु भन्दा केही दिन अघिदेखि नै केटा र केटीको आकारमा कपडाका रङ्गीविरङ्गी पुतलीहरू बनाउने कार्य गरिन्छ यसरी बनाइएका कम्तिमा ४ वटा केटा र ४ वटा केटी पुतलीहरूलाई नाग पञ्चमीको

विहानै चोयाको डालो वा सुपो राखी, खानाको लागि धानको लावा र दूधसमेत राखी दिन्छन् । त्यसपछि गाउँका युवाहरूले दिनभरि काठको लठ्ठी बनाई त्यसलाई रङ्ग लगाउने र ध्वजाहरू बानी आकर्षक बनाई तयारी अवस्थामा राख्दछन् । साँझ घरमा बत्ती बाल्ने समयमा ती रङ्गीचङ्गी पुतलीको जोडीलाई डालो वा सुपोबाट निकालेर केराको लोकतोमा राख्दछन् । त्यसपछि टोलबासीहरू सबै जम्मा भएर बाजागाजा र ढोल बजाउँदै गाउँको नजिक नदी भए नदीमा र नभए ताल वा कुवामा गई केटीहरूले केराको लोकताको डुङ्गामा राखिएका पुतलीको जोडीलाई बत्ती बालेर पूजा गरी जलमाथि राखी दिन्छन् भने केटाहरूले दिनभरि तयार गरी राखिएको लठ्ठीले पुतलीको जोडीलाई पिट्ने वा डुङ्गालाई ढाल्ने गर्दछन् । त्यस समयमा बाजा धाजा सहित रमाइलो गरिन्छ । पुतलीहरूलाई सेलाएर पछि घरमा आई विहान पानीमा भिजाइएका गेडागुडीहरू केराउ, चना, मटर, भटमास आदि तेलमा फुराई माछा, मासु, रक्सीसँग खाने गर्दछन् ।

## ग) श्री कृष्ण जन्माष्टमी

श्रावण कृष्ण पक्षमा पर्ने अष्टमी तिथिलाई भगवान श्री कृष्णको जन्म दिन भएको विशवास गर्दछन् । ब्रत बस्न इच्छुक व्यक्तिहरू ब्रत बस्दछन् । खास गरी महिलाहरू गाउँको नजिक पर्ने श्री कृष्णको मन्दिरमा गई दिनभर भजन किर्तन गर्दछन् । साँझमा घरमा आएपछि अदृश्य भगवानलाई केही फलफूल चढाई प्रसाद स्वरूप आफूहरूले पनि खाई पर्व सम्पन्न गर्दछन् ।

## घ) बड्की आईतबार

अध्ययन क्षेत्रको थारू समुदायमा यसलाई महत्वपूर्ण चाड मान्दछन् । भाद्र महिनाको कृष्ण पक्षमा पर्ने हरितालिका पछि आउने आइतबारको दिनमा यो पर्व सम्पन्न गरिन्छ । यस दिन बिहान उठ्ने बित्तिकै नुहाएर सूर्य भगानको पूजा गर्दछन् । यस दिन घरका सम्पूर्ण परिवार व्रत बस्ने गर्दछन् । यो पर्व मनाउने क्रममा हरेक परिवारले आफ्ना छोरी, ज्वाई, भान्जा भान्जी, फुपु चेली सबैलाई उपस्थितिको लागि निमन्त्रणा गर्दछन् । यो पर्वमा खाने कुनै पनि परिकारमा नुनको प्रयोग गर्दैनन् ।

घरमा आउने वा आएका निम्तालुहरूलाई चिनी दिन्छन् । अन्य खाद्य परिकारहरूमा रोटी, पुरी, दूध, दहीको प्रयोग गर्दछन् । अर्को दिन विहान सिदा दान गरेपछि मात्र व्रत सकिएको विश्वास गर्दछन् ।

**ङ) पीतर औंसी**

आश्विन कृष्ण औंसीको दिनलाई यहाँका थारू समुदायले महत्वपूर्ण पर्वको रूपमा लिने गरेको पाइन्छ । पितृहरूको सम्भ्कनामा मनाइने भएकोले थारूहरू यसलाई पितर (पितृ) औंसी भन्दछन् । यस पर्वमा पनि आफ्ना नातागोता सबैलाई निमन्त्रणा गर्दछन् । पितृकार्य गर्ने कर्ताले १५ दिन पहिलेदेखि मासु खान हुँदैन । उक्त दिन नाउलाई बोलाई बिहानै कर्ताले कपाल, दाह्री, जुँघा सबै काट्छन् । महिलाहरूले घरमा सफासुग्घर लिपपोत गर्ने गर्दछन् । कर्ताले नुहाई धुवाई गरी घरको आगनमा गाईको गोवरले लिपपोत गरी पिर्का राख्दछन् । पिर्का माथि पितृको प्रतीक स्वरूप १/२ मुठा काँसको कुचोजस्तो बनाएर छाता ओढाई राखेको अवस्थामा पितृको स्थापना गर्दछन् । पिर्का माथि स्थापना गरिएको पितृलाई घरमा बनाइएका खाद्य सामग्रीका अतिरिक्त पितृले प्रयोग गर्ने सुर्ती, सुपारी, चुरोट, बिडी, ल्वाङ्ग, सुकमेल आदि वस्तुहरू चढाउँदछन् । कर्ताले आफ्नो मान्यजनहरूमध्ये कम्तिमा १ जना व्यक्तिलाई निमन्त्रणा गरी खाना खुवाउनु पर्दछन् । घरको एकजना महिलाले शुद्ध जल सेचन गरेपछि उक्त कार्य समाप्त भएको मानिन्छ । त्यसपछि सबै पाहुना र घरका व्यक्तिहरूले माछा मासु जाँड, रक्सी तथा मीठा मीठा परिकारहरू खाने गर्दछन् । थारू जातिको पितृ कार्यमा सिधा उठाउँदा माछा अनिवार्य हुन्छ । घरको महिलाले पितृ घरमा प्रवेश गरोस् भनेर मूल ढोकामा सिन्दुर र गाजल लगाउनु पर्छ । एवम् तरिकाले पितर औंसी पर्व मनाउने गर्छन् ।

**च) दशहरा (दशैं)**

दशैं हिन्दूहरूको प्रमुख चाड हो तापनि यहाँका थारू समाजमा यसलाई त्यति महत्व दिएको पाइँदैन । पितृ औंसीको १० दिनपछि पर्ने भएकोले यसलाई दस्य भनेको विश्वास गरिन्छ । प्रतिपदाको दिन जमरा राख्छन् र आफ्नो घरको देवतामध्ये कसलाई

भाकल गरिएको छ सो को लागि नवमीको दिन बोका, पाठी, कुखुरा, परेवा आदिको बली चढाउँछन् । दशमीको दिन गाउँको प्रमुख व्यक्त गुरौसँग माछाको पेरुङ्गा लिएर टीका थाप्न जान्छन् । पेरुङ्गामा माछा राखी गुरौ कहाँ जम्मा हुने र त्यही माछा, मासु, रक्सी खाई आनन्द लिने गर्छन् । थारूले दशैंलाई त्यति महत्व दिएको देखिदैन तापनि अन्य समुदायको प्रभावले गर्दा ब्राह्मण क्षेत्रीहरूले जस्तै मान्यजनहरूसँग टिका थाप्ने नातागोता सबैलाई बोलाउने  र जाँड रक्सीमा रमाउने गर्छन् ।

**छ) सोहराई  (तिहार)**

यो पर्व दशैं सकिएको १६ दिनपछि पर्ने भएकोले थारूहरूले यसलाई 'सोहराइ' पनि भन्दछन् । हिन्दू धर्मका अन्य जातिहरूले तिहारलाई यमपञ्चक भनी ५ दिनसम्म तिहार पर्व मान्ने गर्दछन् भने यहाँका थारू जातिहरू कार्तिक शुक्ल पक्ष त्रयोदशीदेखि औंसीसम्मको दिनलाई सोहराई पर्व भनी मनाउँछन् । पहिलो दिनलाई पीठकुटी भन्दछन् । किनभने त्यस दिन रोटी पकाउनका लागि पीठो कुटिन्छ । कुटिएको पीठोलाई भुटेर तातो पानीमा मुछी त्यसबाट गाई, गोरु, जाँतो, हलो आदि आकारका डल्लाहरू बनाई पानीको वाफमा पकाउने गर्दछन् । जसलाई ढिकरी भनिन्छ । दोस्रो दिन सबै गाउँलेहरू मिली माछा मार्छन् र साँझपख भुटेको पीठोलाई फूल जस्तो चारकुने आकारको बनाएर ५ ठाउँमा ५ किसिमको रोटी जस्तै गोलाकारको बनाई तेलमा भिजाएर बत्ती बाल्दछन् । बेलुका पकाएको रोटीलाई थालमा हाली वस्तुहरूलाई ल तिमीहरूको भोलि चाड छ है भन्दै रोटी देखाएर खुवाउने, तेल लगाई दिने तथा गोठमा १२ टुक्रा नकर्टको ढुङ्ग्रो बनाएर बत्ती बाल्ने गर्दछन् । तेस्रो दिन अर्थात् औंसीको बिहान गोठमा गाईवस्तुलाई सिँगारी पूजा गर्दछन् र अघिल्लो दिन बनाएर राखेको खाना दिने गर्दछन् । लक्ष्मीको पूजा गर्न आँगनमा भाले काट्ने र खाने ठाउँमा हलो राखेर कालो पोथीको बली चढाउने पनि गर्छन् । यो पर्व तीजजस्तै महिलाहरू कर्ता भई गर्ने गर्छन् । दिनभरि भोको बस्ने र रातिमा खाना खाने गरिन्छ । यसलाई सरगही भनिन्छ । दर खाँदा (सरगही) कम्तिमा ५ जनालाई साक्षी राखेर खानुपर्छ भन्ने चलन छ । व्रतको तेस्रो दिन भित्तामा महिलाहरूले चित्र लेख्दछन् । पुत्र प्राप्तिको अपेक्षा राखिएको हुन्छ र राति चन्द्रमाको पूजा गरेर व्रत तोडिन्छ ।

**ज) खिचरी (माघे संक्रान्ति)**

यहाँका थारू समुदायमा प्रचलित चाडपर्वहरू मध्ये खिचडी एक हो । माघ महिनाको पहिलो दिनमा पर्ने यस चाडमा पुष महिनामा पकाएको खाने कुरा माघ महिनामा खानुपर्छ भन्ने विश्वास गरिन्छ । पौष मसान्तसम्म बढी नै ठण्डी हुने भएकाले त्यस दिन पकाएको वासी खाए पनि हुन्छ । त्यसपछिको बासी खान हुँदैन भनी पूर्खाहरूले चलाएको नियम हो भनी विश्लेषण गरेको पनि पाइन्छ । यो पर्व मनाउँदा पौष मसान्तको बेलुका अनधी धानको चामल उसिनेर वा पकाएर केराको पात वा भोर्लाको पातमा पोका पारेर राख्दछन् र माछा, मासु, आदि भोलिपल्ट नुहाई धुवाई गरी विभिन्न देवदेवीको पूजा गरी खाने गर्छन् । कोही कोही देवघाट, रिडीजस्ता धार्मिक स्थानहरूमा स्नान गर्न पनि जाने गर्छन् । मास वा बोडीको दाल, हल्दी, अदुवा राखी चामलमा घीउसमेत राखी बनाएको खिचडी नै खानुपर्छ भन्ने चलन रहेको छ ।

**झ) संगट**

यो पर्व पनि महिलाद्वारा सम्पन्न गरिने पर्व हो । तिलको भेंडा बनाएर जेठो छोरो वा देवरलाई काट्न लगाइन्छ । माघ कृष्ण पक्ष चर्तुदशीका दिन यो पर्व सम्पन्न गरिन्छ । यस व्रतबाट पनि पुत्र प्राप्तिको अपेक्षा गरिन्छ । यस छोरा नहुनेले छोरा प्राप्तिका लागि र छोरा हुनेले छोराको सुख प्राप्तिका लागिव्रत बस्ने गर्दछन् ।

**ञ) फागु (होली) पूर्णिमा**

यहाँका थारूहरू होली पर्वलाई धुमधाम साथ मनाउँछन् । फागुन शुक्ल पूर्णिमाको दिनमा पर्ने यस पर्वलाई धार्मिक तथा मनोरजनात्मक र मार्मिक दृष्टिकोणले मनाई मनोरजन पूर्ण रूपमा लिएको पाइन्छ । यस चाडलाई यहाँ फगुवा वा होली दुवै नामले चिनिन्छ । हिरण्य कश्यपकी बहिनी होलिका मारिए पछि असत्य माथि सत्यको विजय हुन्छ भन्ने देखाउन होलिकाको प्रतीक चीर (सबै घरबाट दाउरा गुइठा उठाउने सम्यक) गादी जलाएर खरानी बनाउने भएकोले यो चाडको नाम होली रहन गएको विश्वास राख्छन् । यो पर्वको सुरुवात फाल्गुण शुक्ल पक्ष तिथिका दिन कुनै एक वाँसको लिङ्गाघना ल्याई गाउँको कुनै एक जिमीदार कहाँ लिङ्गो गाडेपछि ४ अना पैसा

र एउटा सुपारी दिनु पर्छ । त्यसपछि हरेक दिन साँझ भए पछि गाउँका केटाहरू भेला भएर गाउँमा फालिएको घुस्यान (बाटोमा छरिएको परालहरूलाई) जम्मा गरी लिङ्गो गाडेको स्थानमा ल्याई जम्मा गर्दछन् । चीर दाहको एक दिनमा अगाडि गोबरको गुइँठा मागि ल्याएर जम्मा गर्दछन् । त्यसै दिन गाउँका टुटे फुटेका धातु वा प्लाष्टिकका वस्तुहरू जम्मा गर्दछन् । चीर दाहको दिन विहान ४ बजे बाहुन ल्याएर जम्मा गरिएको घुस्यान गुँइठा र टुटे फुटेका सामानमा आगो लगाई दिने कार्य गरिन्छ । ठीक उज्यालो हुँदा त्यो चीरदाह खरानीमा परिणत हुन्छ । र त्यही खरानी टिकाको रूपमा लगाउँछन् । त्यसपछि रङ्ग अविर लगाउँदै गाउँका युवा युवतीहरू आ-आफ्नो परिवार वा समूहमा फगुवा खेल्दै घर घरमा हिड्छन् । यसरी माग्न हिड्ने टोलीलाई एक डल्ला भेली, १ कुरुवा चामल, सक्दो पैसा दिनु पर्दछ । यसरी फागुवा खेली जम्मा भएको वस्तुलाई नगदमा परिणत गराइन्छ । नगद जम्मा भएपछि सहभागी कर्ताबाट माछा किनी बाँडेर घरमा लगेर खाने गरिन्छ ।

### ट) भित्तिया गौर

यो पर्व तिहार सकिउपछि यस क्षेत्रका थारु महिलाहरूले मनाउने महान पर्व हो । यो पर्वको एक दिन अगाडि नै सरगही (दर खाने) चलन छ । सरगहीमा माछा, मासु खानेहरूले माछा, मासु खान्छन् भने नखानेहरूले खीर, पुरी, तरकारी खान्छन् । त्यसपछि भोलिपल्ट बिहान सबेरै उठेर नहाइधुवाइ गरेर दिनभरि पानी पनि नखाइकन व्रत बस्दछन् । यो दिनेको बिशेष महत्व रहेको छ । विवाहित महिलाहरूले आफ्नो पतिको दीर्घायुको कामना गर्दछन् भने अविवाहित महिलाहरूले अशल पति पाउनका लागि व्रत बस्दछन् । यस पर्वमा विशेष गरी चन्द्रमाको पूजा गर्ने चलन छ दिनभरि व्रत बस्ने र बेलुका चन्द्रमा उदाएपछि पूजा गरेर आफ्नो व्रत समाप्त गर्दछन् । यसमा बिहान प्रसादको रूपमा ढिकरी बनाउँछन र सबै साथीहरू मिलेर ढिकरी खाएर रमाउने गर्दछन् ।

माथिको उल्लेखित चाडपर्वहरू बाहेक यहाँको थारू समुदायका आफ्ना मौलिक पर्व तथा अन्य समुदायले मनाउने चाडपर्वहरू पनि मनाउने गरेको पाइन्छ ।

हरितालिका, ऋषि पञ्चमीमा व्रत बस्ने, रक्षा वन्धन गर्ने, दशैं तिहारमा टिका लगाउने, पाखुरामा १४ वटा गाँठो भएको ((अनन्त धागो) बाँध्ने , गाई पूजा गर्ने, पिण्डदान गर्ने, काशी जाने , वार्षिक रूपमा श्राद्ध गरी पितृको सम्भना गर्ने असारे एकादशी, बड्की (ठूलो) एकादशीमा नवमी आदिलाई पनि पर्वको रूपमा लिने, राष्ट्रिय पर्वहरूलाई चलन चल्ती अनुसार मनाउने गरेको पनि पाइन्छ ।

## ५.१६ गीत तथा नाच

अध्ययन क्षेत्रका थारू जातिमा प्रचलित गीत तथा नाचमा झुम्डा नाच, सोरठी झर्रा, विरजाभार, रामायण, महाभारत, अल्हारुदल, रानी सरङ्गा नाचहरू छन् भने गीतहरूमा बिरहनी, फगुवा (होलीमा गाउने), बरहसमासा (बाह्र महिना गाउने) रमझुमडी, सोरठी (धान रोप्दा गाउने) गीतहरू हुन् । तर आजभोलिका युवायुवतीहरूले यस्ता गीत तथा नाचलाई त्यति महत्व दिएको पाइँदैन ।

## ५.१७ राजनीति

यस अध्ययन क्षेत्रका थारूहरूले गाउँको समस्या सुल्झाउने कार्य घरघुरयाहको (धामी झाँक्री) कचहरीबाट हुन्छ । गल्ती हुन गएको पक्षबाट गाउँको नियमअनुसार दण्ड स्वरूप जरिवाना गर्ने गरिन्छ । कुनै समस्याको छिनोफानोमा गल्ती गरेका महिलाबाहेक अन्य महिलालाई कचहरीमा उपस्थित गराइँदैन अर्थात् महिलाहरूको पहुँच रहेको देखिँदैन । यसरी गाउँको समस्या सकभर कचहरीबाट समाधान गर्दछन् । तर आजभोलि राजनैतिक जनचेतनाको कारणले महिलाहरू पनि सभा सम्मेलनमा सहभागी हुने गर्दछन् । यस अध्ययन क्षेत्रका महिला पुरुष दुवै राजनीतिक पार्टीको नेतृत्व तहमा आबद्ध छन् भने १० वर्षे माओजादी जनयुद्धको प्रभावले गर्दा पनि राजनीतिप्रति चासो दिएको पाइन्छ ।

# अध्याय - छ

## सामाजिक तथा सांस्कृतिक परिवर्तन

कुनै पनि समाजको आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक अवस्थामा परिवर्तन ल्याउने माध्यमहरूमा सहरीकरण, औद्योगिकीकरण, संस्कृतीकरण, आधुनिकीकरण, विज्ञान-प्रविधिको विकास, सूचना तथा सञ्चारको विकास, यातायातको विकास आदि प्रमुख हुन् ।

परिवर्तन भनेको विस्तारै हुँदै जाने प्रक्रिया हो । रातारात परिवर्तन हुन सक्दैन । समयको अन्तरालसँगै हुने कुनै पनि क्षेत्रको परिवर्तन त्यहाँ भएका विविध विकासको परिणाम हो ।

रूपन्देही जिल्ला पश्चिमाञ्चलको एक विकसित जिल्लाभन्दा अत्युक्ति नहोला । विकासका सबै पूर्वाधारहरूको विकासले यो जिल्ला आकर्षणको केन्द्रबिन्दु बनेको छ । यस जिल्लासँग जोडिएको भारतीय सिमाना भएर धेरै मानिसहरू भारत जाने आउने गर्दछन् । यस नाकाबाट भारतको प्रसिद्ध सहर गोरखपुर नजिकै पर्ने हुनाले यहाँका धेरै मानिसहरू गोरखपुरबाट सामान झिकाई व्यापार गर्ने गरेको पाइन्छ । धेरै मानिसको धेरै सांस्कृतिक विविधता पाइनु स्वभाविकै हो । त्यसले गर्दा एक जातिको संस्कृति अर्को जातिसँग मिसिँदै जाने सम्भावना बढी हुने गर्दछ ।

सौ फर्साटिकर गा.वि.स. का थारू समाजमा पनि विभिन्न परिवर्तनहरू आएको पाइन्छ । विशेष गरी यो समाजमा सहरीकरण र औद्योगिकीकरणले विगत १० वर्ष देखि यता ल्याएका परिवर्तनलाई निम्नानुसार वर्णन गरिएको छ -

### ६.१ सामाजिक जीवनमा आएको परिवर्तन

सहरीकरण र औद्योगिकीकरणलाई सामाजिक परिवर्तनको महत्वपूर्ण तत्वको रूपमा सामाजशास्त्रीय अध्ययनमा लिने गरेको पाइन्छ । यसले थारू जातिको सामाजिक जीवनमा निम्न परिवर्तनहरू आएको पाइन्छ ।

### ६.१.१ पारिवारिक प्रथामा आएको परिवर्तन

थारूहरूमा पुस्तौँ पुस्तासम्म एकै घरमा बस्ने परम्परा भएको पाइन्छ । सबैजना कृषिमै आश्रित भएकोले धेरै जनशक्तिको पनि आवशयकता पर्दथ्यो । परिवारका सदस्यहरूमा सहयोगात्मक भावना हुने भएकोले सबै परिवार आपसमा मिलेर बस्दथे । आफ्नो इच्छा भनेको परिवारको इच्छा हुन्थ्यो । अहिले विस्तारै एकात्मक परिवारतर्फ आकर्षित हुँदै गएका थारूहरूमा आफूले कमाएको मन लागेको ठाउँमा खर्च गर्न पाउनु पर्छ भन्ने धारणा रहेको पाइन्छ । त्यसकारण संयुक्त परिवारको संख्या विस्तारै घट्दै गएको पाइन्छ ।

### ६.१.२ भाषामा आएको परिवर्तन

भाषामा यहाँका थारूहरू २ वटा भाषाबाट प्रभावित भएका छन् । विद्यालयमा पढ्नेहरू नेपाली भाषाबाट प्रभावित भएका छन् भने भारतको सिमाना नजिकै भएकोले भारतीय मूलका वासिन्दाहरूसँगको सम्पर्क, किनमेलको लागि भारततर्फ जानुपर्ने तथा स्थानीय हाटबजारमा पनि हिन्दी भाषामा बोल्ने व्यापरीहरूको संख्या बढी हुनुजस्ता कारणले थारूहरूको आफ्नो थारू भाषा हिन्दीकरण हुँदै गइरहेको पनि पाइन्छ ।

### ६.१.३ पोशाकमा आएको परिवर्तन

यहाँका थारूहरू आफ्नो परम्परागत पोशाक पुरुषको धोती, जामा, लुङ्गी, लगौटी आदि छोडेर पेन्ट, सर्ट , हाफपेन्ट, सुरुवाल र महिलाहरूले लेहङ्गा, चोली अचरा छोडेर सारी, ब्लाउज, कुर्ता, सुरुवाल, मिडी, फ्रक , स्कट लगाएको देख्न सकिन्छ । यस परिवर्तनलाई हेर्दा सहरीकरण, आधुनिकीकरणको प्रभाव मान्न सकिन्छ ।

### ६.१.४ सामाजिक संस्कार तथा चाडपर्वमा आएको परिवर्तन

थारू जातिले आफ्ना विभिन्न सामाजिक संस्कार तथा चाडपर्वहरू बडो रमाइलोसँग बाजा बजाउने तथा नाचगान सहित मनाउने गर्दछन् । यस्ता संस्कृति र चाडपर्वहरूमा विस्तारै परिवर्तन आइरहेको पाइन्छ । विभिन्न चाडपर्व र सामाजिक संस्कारहरूमा आएका परिवर्तनहरूलाई तल विस्तृत रूपमा व्याख्या गरिएको छ ।

**क) विवाह संस्कारमा परिवर्तन**

थारू जातिमा विवाह सानै उमेरमा गर्ने गरिन्थ्यो । सानो केटा-केटी हुने भएकोले एक वर्ष, तीन वर्ष वा ६ वर्षमा नेहर (गवना) गरेर घर पठाउने गरिन्थ्यो । आजकल यस्तो परम्परा विस्तारै हराउँदै गएको पाइन्छ । सानो उमेरमा विवाह गर्न हुँदैन भन्ने कुरा धेरैले थाहा पाएकोले आजकल १५-१६ वर्षको केटी र १६-१७ वर्षको केटा नभई विवाह गर्दैनन् । उमेर पुगेर विवाह गर्ने भएकाले विवाह र नेनहर एकैपल्ट गर्ने गरेको पाइन्छ । यसबाहेक विवाह गर्दा डोली, लढियाको सट्टा बस, ट्याक्टर लिएर जाने, खटियाको सट्टा दराज, प्लङ्ग दाइजो दिने चाँदीका गरगहनाको सट्टा सुनको गहना दिने जस्ता अन्य जातिको परम्पराको अनुसरण थारू समाजले पनि गर्ने गरेको पाइयो । यस अलावा थारू जातिमा अन्य जातिसँग भागेर विवाह गर्ने प्रचलन परम्परागत रूपमा नभए पनि चलचित्रको प्रभावले यस्तो चलन सुरु भएको पाइन्छ ।

**ख) जन्म संस्कारमा आएको परिवर्तन**

गर्भवती महिलाले घरमा नै बच्चा जन्माउने प्रचलनमा परिवर्तन भई अस्पताल लैजाने प्रचलन बढेको पाइन्छ । सन्तान ईश्वरका वरदान हुन् भन्ने अन्धविश्वास बोकेका थारू जातिमा हाल परिवार नियोजनप्रतिको आकषर्णले गर्दा दुई सन्तानमात्र जन्माउने प्रथालाई प्राथमिकता दिदै आएको पाइन्छ । बच्चालाई विभिन्न खोप दिने तथा विरामी परेको बेला नजिकको हेल्थपोष्ट तथा अस्पताल लैजाने प्रचलनमा वृद्धि आएको पाइन्छ । वच्चा जन्माएपछि विजोर दिन पारेर ५ वा ७ औं दिनमा न्वारन गर्ने प्रचलन रहेकोमा आजकल यस क्षेत्रका थारू जातिले पहाडीयाको सरह नै ११ औं दिनमा न्वारन गर्ने गरेको पाइन्छ । थारू जातिमा जन्मिएको बच्चाको नाम राख्दा बार, महिना आदिलाई आधार बनाएर नाम राख्ने गरिन्थ्यो भने हाल अन्य जातिको जस्तो नाम राख्ने प्रचलन बढी रहेको पाइन्छ । न्वारन गर्दा आफ्नै जातिको पुरोहितलाई प्रयोग गर्ने प्रचलनमा समेत परिवर्तन आइ ब्राह्मण पुरोहित राख्ने गरेको पनि पाइन्छ ।

### ग) मृत्यु संस्कारमा आएको परिवर्तन

थारू जातिमा विद्यमान मृत्यु संस्कारले छुट्टै विशेषता बोकेको भए पनि अध्ययनको क्रममा थारू जातिले मृत्यु संस्कारको परम्परालाई विर्सदै गएको पाइयो । लासलाई पोल्ने, पिण्डदान दिने, तर्पण दिने जस्ता संस्कारमा पहाडिया (बाहुन क्षेत्रीको) प्रभाव परेको पाइन्छ । कतिपय थारूहरूले आफ्नो बाबुआमाको मृत्यु भएमा १ वर्षसम्म बरखी बारेको पनि पाइँदैन । कतिपय थारूहरूलाई मृत्यु संस्कार बारे जानकारी नै नभएको पाइयो । वैकल्पिक रोजगारीको लागि छोराहरू विदेशसम्म जाने भएकाले आमाबुबाको मृत्यु भएमा सबै छोराहरूको अनिवार्य उपस्थिति हुनु पर्ने प्रचलन समेत हराउँदै गएको देखिन्छ । बिरामी भएर अस्पताल लगेको समयमा त्यहीँ मृत्यु भएमा परम्परागत रूपले विधि नै नगरी सतगत गर्ने गरेको पनि पाइन्छ ।

## ६.२ धार्मिक विश्वास तथा चाडपर्वमा आएको परिवर्तन

धर्ममा निकै आस्था र विश्वास भएका थारूहरूमा आजकल धार्मिक विश्वास कमजोर हुँदै गएको पाइन्छ । धार्मिक अन्धविश्वास तथा कुरीतिहरूलाई हटाउँदै जानुपर्छ भन्ने भावनामा विकास हुँदै आएको पाइन्छ । भूतप्रेत तथा बोक्सीमा अत्यधिक विश्वास मान्ने थारूहरूमा यसप्रतिको विश्वासमा कमी आएको पाइन्छ । कतिपय थारूले भूतप्रेत तथा बोक्सीमा कत्ति पनि विश्वास नरहेको धारणा व्यक्त गरेका थिए । थारू जातिले मनाउने गरेका पूजाआजामा औपचारिकता मात्र पूरा गर्ने प्रवृत्ति देखापरेको पाइन्छ । यस क्षेत्रका थारूजातिले मनाउने सन्सारी पूजा लोप भइसकेको छ । थारू जातिले मनाउने गरेका चाडपर्वहरूमा समेत परिवर्तन आएको पाइन्छ । जितियामा नाचिने नाच तथा सोहराइमा गाइने गीत प्रायः लोप भइसकेको छ । पूजाआजा, विवाह, चाडपर्व आदिमा ध्वाजापताका, टेन्ट, माइक, वैण्डबाजा जस्ता आधुनिक उपकरणहरूको प्रयोग बढिरहेको पाइन्छ । आफ्नो परम्परागत नाचगानको सट्टा सिनेमा, टेलिभिजन, रेडियो तर्फको आकर्षण बढेकोले गर्दा जातीय गीत तथा नाचहरू सुन्न र देख्न रहर नै हुने गरेको कुरा वृद्धहरू बताउँछन् । यहाँका करिब ४० प्रतिशत घरमा टेलिभिजन राखेको पाइन्छ । समय अनुसार परिवर्तन हुँदै जानुपर्छ भन्ने

मानसिकतामा विकास भएकोले गर्दा पनि थारूहरूले मनाउने चाडपर्व धार्मिक विश्वास, नाच तथा गीत जस्ता सांस्कृतिक पक्षहरूमा निकै परिवर्तन हुँदै आएको देखिन्छ ।

## ६.३ भेषभूषा तथा खानपिनमा आएको परिवर्तन

अध्ययन क्षेत्रका थारू जातिले लगाउने पहिरनमा पनि परिवर्तन आएको पाइन्छ । पहिले धोती, लगौटी लगाउने थारू पुरुषहरू अहिले सर्ट, पाइन्ट, टिसर्ट आदि लगाउँछन् भने महिलाहरूले पनि आफ्नो परम्परागत पोशाकलाई छोडेर कुर्ता सलवार, साडी, ब्लाउज, मिडी, म्याक्सी आदि लगाउन थालेको पाइन्छ । थारू युवायुवतीहरूमा नयाँ फेसनको प्रभाव परेको देखिन्छ । यस अध्ययन क्षेत्रकाथारू महिलाहरूले हात पाखुरामा खोपाउने प्रचलन प्रायः हटिसकेको छ भने उनीहरूले लगाउने परम्परागत गरगहना आजकल लगाएको देखिदैन । आधुनिक पोशाक र गरगहनाले जातीय भेषभूषा र आभूषण लगाउने प्रचलनलाई विस्थापित गरेको पाइन्छ । थारूजातिको खानपानमा पनि आधुनिक परिकार खाने प्रचलन बढेको पाइन्छ । आफ्नो घरमा भएको कृषि अनाजलाई बजारमा बेच्ने र सो पैसाले बजारको तयारी खानेकुरा किनेर खाने प्रचलन समेत विकास भएको पाइन्छ ।

## ६.४ शैक्षिक क्षेत्रमा आएको परिवर्तन

शैक्षिक चेतनाको विकासले गर्दा नै थारू जातिले आफ्ना छोराछोरीलाई विद्यालय पठाउने क्रम बढेको छ । पहिलेका पुस्ता प्राय निरक्षर रहेकोमा हालका पुस्ता भने साक्षरता र उच्च शिक्षा हासिल गर्नेतर्फ अगाडि बढेको पाइन्छ । प्रायजसो थारूहरू आफ्ना छोराछोरीलाई उच्च शिक्षासम्म पढाउनु पर्छ भन्ने धारणा व्यक्त गर्दछन् । कतिपय प्रौढहरू पनि विभिन्न संघसंस्थाद्वारा सञ्चालित प्रौढ शिक्षा कार्यक्रममा सहभागी भई साक्षर हुँदै आएको पाइन्छ । बूढापाकाको तुलनामा अहिलेका युवापुस्ताहरूमा शैक्षिक जागरण निकै वृद्धि भएको कारण सामाजिक कार्यतर्फ पनि अग्रसर भएको पाइन्छ ।

## ६.५ महिलाको अवस्थामा आएको परिवर्तन

घरेलु काममा मात्र सीमित भएर शिक्षाबाट वञ्चित महिलाहरू आजकल आयमुलक कार्यमा पनि लागेका देखिन्छन् । लज्जालु र विभिन्न कारणले समाजमा थिचिएर बस्न बाध्य भएका नारीहरू आज पुरुषको काँधमा काँध दिन र पुरुष सरह नै आफूलाई अगाडि बढाउन केही मात्रामा भए पनि सक्षम हुँदै आएको पाइन्छ । विभिन्न गैरसरकारी संस्थाहरूद्वारा सञ्चालित महिला उत्थान तथा विकास कार्यक्रममा सहभागी भई महिला समूह गठन गर्ने तथा विभिन्न सीप, तालिम आदिबाट नारीलाई अगाडि बढाउने कामप्रति जागरुक हुँदै आएको पाइन्छ । घरयासी कामकाजको निर्णयमा उल्लेख्य भूमिका निभाउने थारू महिलाहरू आफ्नो परम्परागत सोचाइ पेसा तथा घरायसी दायराबाट माथि उठेर आफूलाई समाजमा एक अभिन्न अङ्गको रूपमा प्रतिस्थापित गराउन सक्रिय हुँदै आएको पाइन्छ ।

## ६.६ बसोबासमा आएको परिवर्तन

खासगरी भुइँ तल्ले घरमा बस्न मन पराउने थारूहरूमा आजकल तले घर बनाउने प्रचलन देखिन्छ । कतिपय आर्थिक रूपले सम्पन्न थारूले पक्की घर बनाई बसेको पनि पाइन्छ । प्रायगरी खर तथा खपेटाको छाना हुने थारू जातिको घरमा आजकल जस्ता तथा टायलको छाना प्रयोग गर्ने प्रचलन निकै देखिन्छ ।

## ६.७ स्वास्थ्य तथा सरसफाइमा आएको परिवर्तन

यहाँका थारूहरू कपडा धुन खरानीको प्रयोग, नुहाउन माटोको प्रयोग गर्दथे भने चर्पीको बानी हालसालै मात्र सुरु हुन थालेको छ । आजकल सर्फ, साबुनले मात्र लुगा धुन्छन् भने नुहाउन पनि साबुनको प्रयोग गरेको पाइन्छ । ठूलो पक्की घर , टेलिभिजन, टयाक्टर र ३/४ बिगाहा जमिन भएका थारूहरूले पनि आफ्नो घरमा चर्पी नबनाएर लोटा बोक्दै खेततिर जाने गर्नाले यहाँको खेत, बाटो व्यापक रूपमा फोहोर हुने गर्दथ्यो तर अहिले आएर चर्पी बनाउनुपर्छ भन्ने चेतना भएको कारणले चर्पी बनाउन थालेपछि यस क्षेत्रको वातावरण पनि सफा सुग्घर देखिन थालेको छ ।

## ६.८ पेसा तथा व्यवसायमा भएको परिवर्तन

परम्परागत रूपमा कृषि पेसा भएका थारू जाति आजकल अन्य वैकल्पिक पेसातर्फ पनि लागेका पाइन्छन् । नोकरी गर्ने श्रमिकको रूपमा सिकर्मी, डकर्मी आदिको काम गर्ने, कपडा सिलाउने, साइकल मर्मत गर्ने जस्ता पेसा तथा व्यवसाय अँगाल्दै आएका छन् । कृषि प्रणालीमा पनि आधुनिक औजार , मल तथा बिउ आदिको प्रयोग गर्ने प्रचलन बढेको पाइन्छ । आफ्नो परम्परागत पेसा बाध्यताले मात्र गर्न परेको गुनासो राख्ने थारू युवाहरूमा कृषि बाहेक अन्य पेसातर्फको आकर्षण बढेको पाइन्छ । विदेश जाने धन कमाएर ल्याउने, गाउँबाट सहरमा गई विभिन्न पेसामा संलग्न हुने गरेका छन् ।

## ६.९ राजनैतिक चेतनामा आएको परिवर्तन

देशमा प्रजातन्त्रको पुनर्स्थापनाभन्दा अगाडि यहाँका थारूहरू राजनैतिक रूपमा सक्रिय थिएनन् भने अहिले धेरैजना सक्रिय भएको पाइन्छ । हाल यस गा.वि.स. अध्यक्ष र अन्य कतिपय वडाका वडाध्यक्षहरू र महिला सदस्यहरू थारूहरू नै भएकोले पनि उनीहरूको सक्रियता देखिन्छ । हाल रूपन्देही जिल्लाका एक सांसद श्री दुर्योधन चौधरीले यस क्षेत्रको थारू जातिको प्रतिनिधित्व गरिरहनु भएको छ । थारू जातिमा हुने जमिनदार, मुखिया, चौतारिया जस्ता पदहरूको अधिकारमा कमी भएको छ । आफ्नो भलाईको लागि जातिगत रूपमा बढी सङ्गठित हुन थालेका छन् । महिलाहरूमा पनि राजनैतिक चेतनाको विकास भएको पाइन्छ । दस वर्षे माओवादी जनयुद्धले पनि यहाँका थारु जतिमा निकै प्भाव परेको छ जसले गर्दा महिला समाजमा बोल्न डराउने थारु महिला तथा पुरुषहरू हाल आएर सङ्गठित हुन थालेका छन् भने सामूहिक रूपमा आफ्नो हक, अधिकारका पक्षमा निर्धक्कसँग कुरा उठाउन सक्ने भएका छन् । चुनावमा भोट खसाल्ने कार्यमा पहिले भन्दा बढी सक्रिय हुन थालेको पाइन्छ । परम्पारगत रूपमा रहेको स्थानीय राजनीति हाल पार्टीगत राजनीतिको कारण लोप हुँदै गएको पाइन्छ । राजनैतिक चेतनाको कारण नागरिक अधिकारको कुरा गर्न थालेको पाइन्छ । यसर्थ थारू जातिहरू विस्तारै राजनीतिमा सहभागी हुँदै गएकोले पनि यो जातिमा व्यापक परिवर्तन आइरहेको प्रष्ट देखिन्छ ।

# अध्याय - सात

## आर्थिक अवस्था

कुनै पनि देशको आर्थिक वृद्धिदर नै त्यस देशको विकासको सूचक हो । आर्थिक क्रियाकलापबाट नै मानिसले आफ्नो जीवनस्तर सुधार्न र भविष्यलाई उन्नतितिर उन्मुख गर्न सक्दछ । गाँस, बास र कपासजस्ता मानिसका आधारभूत आवश्यकताहरू बाहेक जीवनमा आवश्यक पर्ने स्वास्थ्य, शिक्षा, सुरक्षा, मनोरञ्जन, यातायात सबै कुरालाई परिपूर्ति गर्ने मुख्य स्रोत भनेको नै अर्थ हो । जीवनमा हरेक क्षणमा अर्थतन्त्रले महत्वपूर्ण भूमिका खेलिरहेको हुन्छ ।

कुनै पनि समाज कति सुखी छ र कति सम्पन्न छ भनेर हेर्नुपर्दा सबैभन्दा पहिले त्यस समाजसँग सम्बद्ध आर्थिक अवस्थालाई मूल्याङ्कन गर्नुपर्दछ । चाहे सामाजिक होस वा सांस्कृतिक, शैक्षिक, औद्योगिक एवम वैज्ञानिक क्षेत्रमा होस अर्थतन्त्रको ठूलो महत्व रहेको हुन्छ । कुनै पनि समाज वा समुदायको आर्थिक अवस्थालाई त्यहाँको भूमिको बनोट, भौगोलिक वातावरण एवम् हावा पानीले मुख्य प्रभाव पारेको हुन्छ । समुदायमा रहेका परिवारको आर्थिक स्थिति भन्नु नै उसको स्वामित्वमा रहेको चल-अचल सम्पत्ति हो । चल-अचल सम्पत्तिको स्थितिलाई परिवारका सदस्यको ज्ञान, सीप, स्वास्थ्य र उसले अपनाएको पेसाले प्रत्यक्ष प्रभाव पार्ने भएको हुनाले र आय आर्जनको आधारमा आवासको स्थिति हुने भएकोले यस अध्यायमा आर्थिक स्थितिलाई देखाउने प्राप्त तथ्याङ्कको आधारमा व्याख्या र विश्लेषण गरिएको छ ।

यस अध्यायमा रूपन्देही जिल्लाको सौ फर्साटिकर गा.वि.स. मा बसोवास गर्ने थारूहरूको घरको वनावट, पेसा, आम्दानी, जग्गाजमिन र ऋणको अवस्थालाई समेटि आर्थिक अवस्थालाई चित्रण गर्न खोजिएको छ ।

## ७.१ घरको बनावट

प्रायजसो थारू जातिको घरहरू एकैठाउँमा गुजुमुज्ज परेर रहेको हुन्छ । भूँइतले घरमा बस्न मन पराउने थारूहरूको घर प्राय एकतले खपेटाले छाएको, उत्तरदक्षिण लम्बाइ तथा पूर्वपश्चिम मोहडा फर्काइएका लिपपोत गरी सफासुग्घर बनाइएका हुन्छन् । घरको भित्तामा माटो, गोबर , भूसले लिपेको हुन्छ । घरको छाना दुईपाखे हुन्छ । हाल आएर आर्थिक रूपले सम्पन्न थारूहरूको घर पक्की छन् भने अति निम्न वर्गीय थारूहरूले झुपडीमा जीवननिर्वाह गरेको देखिन्छ । यस अध्ययन क्षेत्रमा ३ वटा वडामा थारूहरू समुहमा बसोवास गरेका छन् । थारू जातिको घर तथा छानाको प्रकार बारेको विवरण तल तालिकामा देखाइएको छ ।

**तालिका : १० थारू जातिको घर, छानो र गाह्रोको विवरण**

| प्रकार | संख्या | प्रतिशत |
|---|---|---|
| कच्ची | १९ | ३५.२ |
| पक्की | ३५ | ७४.८ |
| **जम्मा** | **५४** | **१००** |
| टिन | ६ | ११.१ |
| टायल | ३ | ५.६ |
| खपटा | ९ | १६.७ |
| खर | ६ | ११.१ |
| ढलान | ३० | ५५.६ |
| **जम्मा** | **५४** | **१००** |
| सिमेन्ट | ३४ | ६३.० |
| बाँसको टाँटी | ५ | ९.३ |
| माटोको भित्ता | १५ | २७.८ |
| **जम्मा** | **५४** | **१००** |

स्रोत: स्थलगत सर्वेक्षण, २०६५

प्रस्तुत तालिकामा ५४ जना उत्तरदातामध्ये पक्क घर हुने ३५ जना (७४.८%) र कच्ची घर हुने ९ जना (३५.२%) रहेका छन् । अधिकां थारूहरूको घर पक्की भएको तथ्य माथिको तालिकाले देखाएको छ ।

माथिको तालिकामा ५४ जना उत्तरदातामध्ये ३० जना (५५.६%) उत्तरदाताको घरको छाना ढलान रहेको छ भने खपटाको छाना हुने ९ जना (१६.७%) को रहेको छ टिनको छाना हुने ५ जना (११.१%) को रहेको छ भने खरको छाना हुने ५ जना ( ११.१%) टायको छाना हुने ३ जना (५.६५) रहेका छन् यसबाट के देखिन्छ भने परम्परागत रूपमा खर र खपेटाको छाना हुने थारूहरूको घरमा आजकल अधिकांश रूपमा ढलान गर्ने प्रचलन बढेको पाइन्छ ।

त्यस्तै ५४ जना उत्तरदातामध्ये सिमेन्टको गारो हुने ३४ जना (६३.०%) रहेको छ भने बाँसको टाँटी हुने ५ जना (९.३%) र माटोको भित्ता हुने १५ जना (२७.८%) रहेका छन् । यसर्थ अध्ययन क्षेत्रका अधिकांश थारूहरूको घर पक्की रहेको छ । यस प्रकार थारु जतिको आर्थिक स्तर निम्न हुने थारुहरूले पनि जग्गा बेचेरै भए पनि घर आधुनिक र पक्की बनाउन थालेका छन् भने परम्परागत घरहरू र पुराना तथा खरले बनाएका घरहरू यस समाजमा देखिन छाडेको पाइन्छ ।

## ७.२ पेसा

नेपाल कृषि प्रधान देश भएकोले यहाँका करिब ८० प्रतिशत भन्दा बढी जनताहरू कृषि पेसालाई अँगाली जिविकोपार्जन गरिरहेका छन् । यस अध्ययन क्षेत्रका थारूहरूले पनि परम्परागत रूपमा अँगालेको कृषि पेसामा प्रत्यक्ष र अप्रत्यक्ष निर्भर रहेका छन् । अध्ययन क्षेत्रका थारूहरूको अन्य पेसाहरूमा व्यापार व्यवसाय, नोकरी, घरेलु कामधन्दा, तरकारी खेती, श्रमिक आदि पर्दछन् । यस अध्ययन क्षेत्रका थारूजातिले अपनाएका पेसागत विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ११ : उत्तरदाता थारू जातिको पेसागत विवरण**

| पेसा | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि/पशुपालन | ३८ | ७०.४ |
| श्रमिक | १२ | २२.२ |
| नोकरी | २ | ३.७ |
| व्यापार | २ | ३.७ |
| जम्मा | ५४ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६५

माथिको तालिकामा ५४ जना उत्तरदतामध्ये अधिकांश थारूहरू कृषि पेसामा संलग्न रहेका छन् अर्थात् ३८ जना (७०.४%) ले कृषि पेसा अँगालेका छन् भने १२ जना (२२.२%) श्रमिक, २ जना (३.७%) नोकारी र २ जना (३.७%) ले व्यापार गर्दछन् । यसप्रकार समान र उत्पादन प्रणालीको आधारमा अध्ययन क्षेत्रका थारु जतिहरू परम्परागत कृषि पशुपालन पेसा बाहेक नोकरी, व्यापार, श्रमिकको क्षत्रेमा संलग्न रहेका छन् भने यसका अलावा युवा थारुहरू विदेश गएर पैसा कमाउने हुनाले पनि आर्थिक रूपमा सबल र सक्षम हुँदै गएको पाइन्छ ।

### ७.२.१ पशुपालन

यहाँका थारू जातिले पशुपालनलाई मुख्य पेसाको रूपमा अपनाएको नभए पनि प्रायजसो घरमा गाई गोरु, राँगाभैंसी, बाखा, हाँस, कुखुरा र परेवा आदि पालेको पाइन्छ । गोरु तथा राँगालाई खेत जोत्ने काममा प्रयोग गर्दछन् भने गाई भैंसी दूधका लागि र बाखा, हाँस, कुखुरा तथा परेवा मासुको लागि प्रयोग गर्दछन् । अध्ययन क्षेत्रका थारू जातिले आफ्नो घरमा पालेका पशुपक्षीको विवरणलाई तल तालिकामा देखाइएको छ ।

**तालिका :१२ पशुपंक्षीको विवरण**

| पशुपंक्षीको नाम | संख्या | प्रतिशत |
|---|---|---|
| गाई/गोरु | ३२ | २.३९ |
| राँगा/भैंसी | ६४ | ४.७९ |
| बाखा | १६० | ११.८९ |
| कुखुरा | ४१० | ३०.६९ |
| हाँस | १४० | १०.४७ |
| परेवा | ५३० | ३९.६८ |
| जम्मा | १३३६ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६५

माथिको तालिकाअनुसार थारूहरूले पालेका जम्मा पशुपंक्षी १३३६ मध्ये सबैभन्दा बढी परेवा ५३० (३९.६८%) रहेको छ । गाई गोरु २.३९% तथा राँगाभैंसी ४.७९%, बाखा ११.९८%, हाँस १०.४७ % र कुखुरा ३०.६९ % रहेको माथिको

तथ्याङ्कले सबैभन्दा बढी परेवा तथा कुखुरा, हाँस पालेको देखाएको छ । यसको कारणबारे जिज्ञासा राख्दा थारूहरू बढी माछामासु प्रेमी भएकोले यी पशुपंक्षीहरू धेरै संख्यामा पालेको हो भन्ने उत्तर दिएका थिए । परम्परागत रूपमा कृषि पेसामा संलग्न थारु जातिले गाई/भैसी दूधका लागि राँगा गोरु खेत जोत्नका लागि र बाखा, कुखुरा, हाँस मासुका लागि पालेका छन् भने परेवा भने मासुको साथै पूजा-आजा गर्दा भाकलको रूपमा बेच्ने उद्देश्यले पालेको पाइन्छ ।

## ७.३ जग्गा जमिन

यस अध्ययन क्षेत्रका थारूहरूको लागि जग्गा जमिन एक महत्वपूर्ण अचल सम्पत्ति हो जसले व्यक्तिको आर्थिक स्तर निर्धारण गर्नुको साथै सामाजिक, राजनैतिक स्तरलाई बढी विस्तार गर्नमा मद्दत पुऱ्याउँछ यस अध्ययन क्षेत्रका थारूहरूको जग्गा जमिनको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका : १३ जग्गा जमिनको विवरण**

| जग्गाको आकार कट्ठा/बिघामा | संख्या | प्रतिशत |
|---|---|---|
| भूमिहिन | ४ | ७.४० |
| घडेरी मात्र हुने | ३ | ५.५५ |
| ०-४ कट्ठासम्म हुने | ५ | ९.२५ |
| ५-९ कट्ठासम्म हुने | ६ | ११.११ |
| १०-१४ कट्ठासम्म हुने | ७ | १२.९६ |
| १५-१९ कट्ठासम्म हुने | ३ | ५.५५ |
| १-२ विघासम्म हुने | ५ | ९.२५ |
| २-३ विघासम्म हुने | २ | ३.७१ |
| ३-४विघासम्म हुने | ६ | ११.१२ |
| ४ देखि माथि | १३ | २४.०८ |
| जम्मा | ५४ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६५

माथिको तालिकाअनुसार ५४ घरपरिवारका थारूहरूमध्ये ३ (५.५६%) जना घरपरिवारसँग बसोवास गर्नलाई समेत आफ्नो जग्गा छैन भने घडेरी मात्र हुन ५ (९.२६%) जना र ४ कठ्ठा सम्म जग्गा हुन ४ (७.४०%) जना रहेका छन् । ५०कठ्ठा

देखि माथि जग्गा जमिन हुने घरपरिवारको संख्या १३ (२४.०८%) रहेको छ । यसरी भूमिहिन घडेरीमात्र हुने र ४ कठ्ठा सम्म जग्गा भएका घरपरिवारका थारूहरूले अधिया र मजदुरी गरी जीविकोपार्जन गरेको पाइन्छ । यसप्रकार भूमिहीन र थोरै जग्गा हुने थारु जतिले धेरै जग्गा हुने थारुहरूको घरमा हरूवा-चरुवा भएर बस्ने काम गर्ने र अधिया गरेर घरपरिवार चलाएका छन् आर्थिक रूपमा सबल र सक्षम थारुहरूले निम्न ज्यालामा श्रमिक लगाएर उनीहरूको श्रम शोषण गरिरहेका छन् ।

## ७.४ खाद्यान्न उत्पादन

अध्ययन क्षेत्रका थारु जातिको खाद्यान्न उत्पादनको विवतरण यस प्रकार रहेको छ ।

**तालिका नं. : १४ खाद्यन्न उत्पादनको विवरण**

| उत्पादन परिमाण | धान | | गहुँ | | मसुरो | | तोरी | |
|---|---|---|---|---|---|---|---|---|
| (क्वीन्टल) | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % |
| १-५ क्वीन्टल | ४ | ८.० | ३६ | ८३.७ | १३ | ३८.२ | ६ | ७५.० |
| ५-१० क्वीन्टल | २ | ४.० | ३ | ७.० | ७ | २०.६ | २ | २५.० |
| १०-१५ क्वीन्टल | १४ | २८.० | ३ | ७.० | १४ | ४१.८ | - | - |
| १५-२० क्वीन्टल | १० | २०.० | १ | २.३ | - | - | - | - |
| २० भन्दा बढी क्वीन्टल | २० | ४०.० | - | - | - | - | - | - |
| जम्मा | ५० | १०० | ४३ | १०० | ३४ | १०० | ८ | १०० |

माथिको तालिकामा अध्ययन क्षेत्रका थारुहरू खाद्यान्न उत्पादनलाई हेर्दा सबै भन्दा बढी धान उत्पादन गरेको पाइयो । कुल ५४ घर परिवारमध्ये भने ४३ घरपरिवारले गहुँ खेती र ३४ घरपरिवारले मसुरो खेती पनि गर्दा रहेछन् भने अध्ययन क्षेत्रका ८ घरपरिवाले तोरी खेती पनि गर्ने गरेको पाइन्छ । यसर्थ जग्गा जमिन धेरै हुने थारुहरूले धान, गोरु, मसुरो, तोरी लगाउँछन् भने जम्मा काम हुने र अधिया गर्ने थारुहरूले धान, गहु र मसुरो मात्र लगाउने गरेको पाइन्छ । जग्गा धेरै हुनेले धान बेचेर वर्षभरि खर्च चलाउने गर्दछन् भने कम जग्गा हुनेले मजदुरी गरी खर्च चलाउने गर्दछन् ।

## ७.५ भू-स्वामित्वको प्रकार

यस क्षेत्रमा थारू जातिको भू-स्वामित्वको प्रकार निम्नअनुसार रहेको छ ।

**तालिका : १५ भू-स्वामित्वको विवरण**

| भू-स्वामित्व | संख्या | प्रतिशत |
|---|---|---|
| भू-स्वामि | ३२ | ५९.२६ |
| अधियाँ गर्ने र भू-स्वामी | १३ | २४.०८ |
| अधियामात्र गर्ने | ५ | ९.२५ |
| भू-स्वामी र ठेक्का गर्ने | ४ | ७.४१ |
| जम्मा | ५४ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६५

प्रस्तुत तालिकामा आफ्नै जग्गाजमिनमा मात्र खेती गर्ने उत्तरदाताको सङ्ख्या ३२(५९.२६५) आफ्नो जग्गा तथा अधिया समेत कमाउने १३ (२४.०८५) , अधियामात्र गर्ने ५ (९.२५) जना तथा आफ्नो जग्गाको साथै ठेक्का लिएर खेती गर्ने उत्तरदताको संख्या ४ जना (७.४१५) रहेको देखिन्छ । यस तथ्याङ्कबाट के थाहा पाउन सकिन्छ भने आफ्नो जग्गाजमिनको उब्जनीले नपुग्ने किसानहरूले अन्य व्यक्ति (थारू तथा पहाडिया) को जग्गा अधिया, बन्दगी तथा ठेक्कामा लिएर आफ्नो जिविका चलाएका छन् । यसले गर्दा जग्गा जमिन धेरै हुने थारुहरूको समाजमा हैसियत उच्च हुने र जग्गा जमिन थोरै हुने अधिया, ठेक्का गर्ने थारुहरूको समाजमा हैसियत पनि निम्न हुने र आर्थिक स्तर पनि कमजोर देखिन्छ ।

## ७.६ खान पुग्ने तथा नपुग्ने स्थिति

यस क्षेत्रका कतिपय थारू परिवारसँग कम जग्गा तथा धेरै परिवार भएको र विविध किसिमका र घरखर्च चलाउन आफूले उत्पादन गरेको खाद्यान्न समेत बेच्नुपर्ने भएकाले केही थारू परिवारलाई आफ्नो उत्पादनबाट वर्षभरि खान नपुग्ने स्थिति रहेको देखिन्छ । यसबारेको विवरण तल प्रस्तुत छ ।

**तालिका १६ खान पुग्ने र नपुग्ने स्थितिको विवरण**

| स्थिति | संख्या | प्रतिशत |
|---|---|---|
| ३ महिनासम्म | १३ | २४.१ |
| ६ महिनासम्म | ५ | ९.३ |
| ९ महिनासम्म | ५ | ९.३ |
| वर्षदिन खान पुगेर बेच्न समेत पुग्ने | ३१ | ५७.४ |
| जम्मा | ५४ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६५

माथिको तालिकामा अध्यन क्षेत्रा थारू घर परिवारमा वर्ष दिन खान पुगेर बेच्न समेत पुग्ने उत्तरदाताको सख्या ३१ (५७.४% जना घरपरिवार रहेका छन् । त्यस्तै ३ महिनासम्म खान पुग्ने २४.१ % ६ मनिासम्म ९.३ % र ९ महिनासम्म खान पुगने पनि ५ जना ९.३% रहेको देखिन्छ । यसरी वर्षदिनसम्म खान नपुग्ने थारुहरूले मजदुरी काम गर्ने, दैनिक ज्यालादारीमा काम गर्ने र प्राप्त आयबाट घरखर्च गर्नुका साथै पारिवारिक खर्च चलाएको देखिन्छ ।

## ७.७ ऋणको अवस्था

यस अध्ययन क्षेत्रका ५४ जना उत्तरदाता थारू घरपरिवारमध्ये ४५ जना ( ८३.३५) ले ऋण लिएको र ९ जना (१६.७५) ले ऋण नलिएको बताएका छन् । थोरै संख्यामा ि क्षित तथा जमिनदार घरपरिवारका थारूहरूले विवाह, ब्रतबन्ध गर्न, शिक्षाको लागि तरकारी, खेती, भैंसी पालन र गोबर ग्याँस प्लान्ट निर्माण आदिको काममा कृषि विकास वैंक र वाणिज्य वैंकबाट ऋण लिने गर्दछन् भने निम्न स्तरका थारू घरपरिवारले गाउँमै छिमेकीसँग वा साहुमहाजनसँग चर्को व्याजदरमा ऋण लिएर भए पनि घरयासी व्यवहार चलाएको पाइन्छ । यस अध्ययन क्षेत्रमा थारूहरूले लिएको ऋणको विवरणलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. १७ : ऋण लिएको विवरण**

| ऋण लिने ठाउँ | संख्या | प्रतिशत |
|---|---|---|
| बैंकबाट | २० | ४४.४ |
| साहूमहाजनसँगबाट | १० | २२.२ |
| छिमेकीसँगबाट | १५ | ३३.३ |
| जम्मा | ४५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६५

माथिको तालिकामा सम्पूर्ण उत्तरदता थारूहरूमध्ये ४५ जना (८३.३%) ले ऋण लिएको त्यसमा पनि २ जना (४४.४%) ले वैंकबाट ऋण लिएका छन भने २२.२ % ले साहुमहाजनसँगबाट र ३३.३ % ले छिमेकीसँगबाट ऋण लिएका छन् । यसरी सामान्य घरखर्चदेखि विभिन्न चाडपर्वहरूमा विवाह गर्दा ऋण लिएर खर्च गर्ने र चर्को व्याजदर तिर्न नसकी छिमेकी बाहुन , क्षेत्री ले थारुहरूको जग्गा लिने र ऋण चुक्ता गर्ने हुनाले पनि र साथै वैंकको ऋण चितर्न नसक्नाले वैंकले पनि घरजग्गा लिलाम गर्ने हुँदा थारुहरू यस समाजबाट बसाइसराइ गरी अन्यत्र जान बाध्य भएको देखिन्छ ।

## ७.८ परम्परागत पेसा प्रतिको धारणा

अध्ययन क्षेत्रका थारू जातिले गर्दै आएका परम्परागत पेसा कृषिप्रतिको धारणा कस्तो रहेको छ भन्ने कुरा जान्नका लागि ५४ जना घरपरिवारका उत्तरदतासँग यस सम्बन्धित प्रश्न सोधिएको थियो । प्रायजसो उत्तरदाताले अर्थात ४७ जना (८७.०%) ले आफूले जानेको पेसा यही कृषि पेसा भएकोले राम्रै लाग्छ यस प्रति सन्तुष्टि छु भन्ने उत्तर दिएका थिए भने ७ जना (१३.०%) उत्तरदताले भने कृषि पेसा प्रति असन्तुष्ट रहेको धारणा व्यक्त गरेका थिए। यस अर्थमा की हाल कृषि उत्पादन घटेको र मल, विउ, सिँचाइ तथा प्राविधिक सहयोगको अभावले गर्दा उत्पादन कम भएको भन्ने धारणा व्यक्त गरेका थिए । आफ्ना बालबच्चालाई पनि यो पेसामा लाग्ने सल्लाह दिनु हुन्छ कि भन्ने प्रश्नमा ४६ जना (८५.२%) उत्तरदाताले चाहन्छु भन्ने उत्तर दिएका थिए भने ८ जना (१४.८%) उत्तरदाताले चाहन्न भनेका थिए किन कि दुःख धेरै आम्दानी कम हुने भएकोले यस पेसा प्रति असन्तुष्टि व्यक्त गरेका थिए ।

## ७.९ सञ्चारका साधनहरू

यस क्षेत्रका अधिकांश उत्तरदाता थारूहरूको घरमा सञ्चारका साधनहरूमा रेडियो, टि.भी. , भिडियो, मोवाइल जस्ता साधनहरू रहेका छन् । दैनिक ज्यालादारी र मजदुरी गर्ने थारूहरूको आर्थिक स्थिति मध्यम वा निम्न खालको भए पनि आजको युग र परिस्थिति अनुसार समायोजन हुनका लागि पनि यी साधनहरूको आवश्यकता रहेको हुनाले यी साधनहरूको प्रयोग आफूहरूले गर्ने गरेको उत्तर दिएका थिए ।

यहाँका थारूहरूले घरमा प्रयोग गर्ने गरेका सञ्चारका साधनहरूको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका : १८ सञ्चारका सुविधाहरूको विवरण

| सञ्चारका साधनहरू | प्रतिक्रिया | | | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | छ | | छैन | | | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| रेडियो | ४९ | ९०.७ | ५ | ९.३ | ५४ | १०० |
| टि.भी | ३८ | ७०.४ | १६ | २९.६ | ५४ | १०० |
| भिडियो | ८ | १४.८ | ४६ | ८५.२ | ५४ | १०० |
| मोवाइल | ३६ | ६६.७ | १८ | ३३.३ | ५४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०६५

माथिको तालिका अध्ययन क्षेत्रका ५४ घरपरिवाका थारूहरूको घरमा रहेका विभिन्न सञ्चारका साधनहरूमा रेडियो ४९(९०.%) जनाको घरमा, टि.भी ३८ (७०.४%) जनाको घरमा भिडियो ८ (१४.८%) जनाको घरमा र मोवाइल ३६ (६६.७%) जनाको घरमा रहेको थियो यसर्थ सबैभन्दा बढी रेडियो रहेको पाइयो । यसले गर्दा थारुहरूको समाजमा पनि ब्राह्मण क्षेत्रीको प्रभावले गर्दा विलासीताको सामानहरूको प्रयोग गर्नेतर्फ अग्रसर भएको देखिन्छ ।

## ७.१० खाना पकाउने स्रोत

यस अध्ययन क्षेत्रका ५४ घरपरिवारका थारूहरूमध्ये अधिकांशको घरमा दाउरा र गुइँठा प्रयोग गरी खाना बनाउने गरेको पाइएको छ भने कुनै कुनै घरमा गोवर

ग्यास पनि राखेको पाइन्छ । अर्थात् आर्थिक रूपले सम्पन्न थारू घरपरिवारमा ग्यासमा खाना बनाउने गर्दछन् भने निम्न र मध्यम वर्गीय घरपरिवारले भने दाउरा र गुइँठामा नै खाना बनाउने गर्दछन् । यसर्थ यस अध्ययन क्षेत्रका थारू घरपरिवारमा खाना पकाउने स्रोतहरूको विवरणलाई यस प्रकार निम्न तालिकामा देखाइएको छ ।

तालिका १९ : खाना पकाउने स्रोतको विवरण

| सञ्चारका साधनहरू | प्रतिक्रिया | | | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | छ | | छैन | | | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| दाउरा | ४४ | ८१.५ | १० | १८.५ | ५४ | १०० |
| गुइँठा | ४२ | ७७.८ | १२ | २२.२ | ५४ | १०० |
| गोबर ग्यास | १४ | २५.९ | ४० | ७४.१ | ५४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०६५

माथिको तालिकामा यस क्षेत्रका थारू घरपरिवारमा अधिकांश घरमा अर्थात् ४४ (८१.५%) जना घरपरिवारमा दाउराको प्रयोग गरी खाना बनाउने गरेको पाइयो भने ४२ (७७.८%) जना घरपरिवारले गुइँठा प्रयोग गरी खाना बनाउने गर्दछन् भने १४ (२५.९%) जना घरपरिवारले गोवर ग्यास प्रयोग गरी खाना बनाउने गर्दछन् । यसरी परम्परागत रूपमा दाउरा र गुइँठा प्रयोग गरी खाना बनाउने अध्ययन क्षेत्रका थारु जतिले हाल आएर गोबर ग्यास बनाउने प्रचलन बढिरहेको देखिन्छ ।

# अध्याय आठ

# सारांश र निष्कर्ष

## ८.१ सारांश र निष्कर्ष

जातीय र सांस्कृतिक विविधतायुक्त मनोरम थलोको रूपमा रहेको देश नेपालमा आदिमकालदेखि नै विभिन्न जातजातिहरूले बसोवास गर्दै आएको पाइन्छ । यहाँ बसोवास गर्ने विभिन्न आदिवासी तथा जनजातिहरूको आ-आफ्नै प्रकारको सामाजिक चालचलन, सांस्कृतिक परम्परा र धार्मिक रहनसहन रहेको छ । यिनै जातजातिहरूमध्ये नेपालको तराई क्षेत्रमा अज्ञात समयदेखि आदिवासीको रूपमा बसोवास गर्दै आएका थारूहरू पनि एक हुन् । शारीरिक वनावटको दृष्टिले मंगोलियन खालको देखिने यी थारूहरू मझौला कद, गहुँगोरो, हट्टाकट्टा शरीर , सोझोपन, स्वावलम्बी , मिहनेती हुन्छन् ।

रूपन्देही जिल्लामा बसोवास गर्दै आएका थारूहरूमा बढ्दो आधुनिकीकरण, शहरीकरण, विश्वव्यापीकरण, गैर थारूहरूको प्रभाव आदिले गर्दा उनीहरूको सामाजिक, सांस्कृतिक र आर्थिक अवस्थामा व्यापक परिवर्तन भएको पाइन्छ । यसै सन्दर्भमा यस जिल्लामा बसोवास गर्ने थारूहरूमध्ये सौ फर्साटीकर गा.वि.स. मा बसोवास गरिरहेका थारूहरूको सामाजिक सांस्कृतिक तथा आर्थिक अवस्थामा विगत १० वर्ष यता आएको परिवर्तनबारे जानकारी हासिल गर्ने उद्देश्यले यस गा.वि.स. लाई अध्ययन क्षेत्रको रूपमा लिइएको छ ।

यस अध्ययनमा प्रश्नावली अन्तर्वार्ता तथा अवलोकन विधिद्वारा अध्ययन क्षेत्रमा रहेका ५४ थारू घरपरिवारको अध्ययन गरी तथ्याङ्क सङ्कलन गरिएको छ । सौ फर्साटीकर गा.वि.स. को कुल जनसंख्या ७९७३ मध्ये थारू जातिको जनसंख्या १८८९ रहेको छ । पुरुषको भन्दा महिलाको जनसंख्या बढी रहेको यस क्षेत्रका थारू जातिको शैक्षिक अवस्था मध्यम खालको रहेको देखिन्छ । अधवैंसे र बूढापाका थारूहरूको

शैक्षिक स्तर निकै कमजोर देखिन्छ भने ६/७ कक्षासम्म पढेर विद्यालय छोड्ने प्रवृत्ति भएकाले छोराछोरीहरूको शैक्षिक स्तर पनि कमजोर देखिन्छ । अहिलेका थारूहरूले भने छोराछोरीलाई उच्चशिक्षा सम्म नै पढाउने चाहना राखेका छन् । संयुक्त परिवार प्रथा कायमै रहेको भए पनि आजभोलिका विवाहित युवाहरू भने एकात्मक परिवारमा बस्न रुचाएको पाइन्छ ।

आफ्नो भाषा, भेषभूषा तथा खानपान समेतमा परिवर्तनको महसुस गरेका थारू जातिमा मागी विवाह लोकप्रिय रहेको तथा पहिले अत्यधिक प्रचलनमा रहेको बालविवाह र विधवा विवाह भने हटिसकेको पाइन्छ । शैक्षिक जागरण, अन्य जातिको प्रभाव तथा बढ्दो आधुनिकीकरणले गर्दा अन्तर्जातीय विवाह, परिवारनियोजन, सरसफाइ, छोराछोरीमा समानता जस्ता सुधारात्मक दिशातर्फ थारू जाति पनि अगाडि बढेको पाइन्छ । परम्परागत रूपमा मान्दै आएको चाडपर्वहरू मनाउने तरिकामा पनि परिवर्तन आएको छ । धार्मिक अन्धविश्वास, कुरीतिहरूलाई केही माात्रमा सुधार गरी अगाडि बेढेको देखिन्छ । परम्परागत रूपमा मनोरञ्जन गर्ने तरिकामा व्यापक परिवर्तन भएर क्यासेट, टि.भी., रेडियो, फिल्म आदिबाट मनोरञ्जन गर्ने प्रवृत्ति रहेको देखिन्छ । राजनीतिप्रति त्यति चासो नलिने थारुहरू हाल आएर राजनैतिक जनचेतनाको कारणले पार्टीगत रूपमा राजनीतिमा आबद्ध भएका छन् र सक्रिय रूपमा लागिपरेका छन् । कृषि पेसामा मात्र सीमित नभई अन्य पेसा नोकरी, सिकर्मी, डकर्मी, व्यापार, सिलाउने काम, कपाल काट्ने काम, आदिमा समेत आबद्ध हुन थालेका छन् । परम्परागत रूपमा खरले छाएको फुस्रो घरमा बस्दै आएका थारूहरू वर्तमान समयमा खरको अभावले गर्दा टायल, टीन खपटाको छानो हालेर बस्नुको साथै आधुनिक किसिमको पक्की घर बनाई बस्न थालेका छन् ।

अन्तमा यस गा.वि.स. का थारूहरूको सामाजिक सांस्कृतिक तथा आर्थिक अवस्थामा शिक्षा, सञ्चार, स्वास्थ्य यातायात आदिको विकास, आधुनिक प्रयोग र राजनैतिक चेतना, गैरसरकारी संस्था आदिको प्रभावले प्रत्यक्ष, अप्रत्यक्ष, प्रभाव गरेर शिक्षा, स्वास्थ्य र आर्थिक स्तरमा कही सकारात्मक परिवर्तन भए पनि परम्परागत रूपमा अँगालेका सामाजिक, सांस्कृतिक र धर्महरूबीच भएका सकारात्मक पक्षहरूमा

जस्तो कि  विभिन्न चाडपर्वहरूमा  गाउने गीतहरू र नाचहरूमा  परिवर्तन  भई आधुनिक गीतहरू, फिल्मका गीत तथा  नाचहरूमा  नाचेर  रमाउने गरेको  देखिन्छ ।  जसले गर्दा थारुहरूको परम्परागत  सांस्कृतिक  चाड  पर्वहरू लोप हुने अवस्थामा पुगेको छ ।

## ८.२ निष्कर्ष

यस अध्ययनको मुख्य उद्देश्य रूपन्देही जिल्ला सौ फर्साटीकर गा.वि.स.मा बसोवास गरेका थारू जातिको सामाजिक सांस्कृतिक अवस्थाको बारेमा जानकारी हासिल गर्नु रहेकोले यस अनुसन्धानबाट निम्न निष्कर्षमा पुगिएको छ -

- उत्पत्तिको दृष्टिले अझै रहस्यमय रहेका थारूहरू आदिम कालदेखि नेपालको तराई क्षेत्रमा बसोवास गर्दै आएका मंगोलियन समूहका एक आदिवासी जनजाति हो । यिनीहरू अत्यन्तै सोझा, इमान्दार, मिलनसार र अरुको सम्मान गर्नुको साथै  परिश्रम गर्ने प्रवृत्तिका  छन् ।
- थारूहरूले शिव, पार्वती, सत्यनारायणको पूजा गर्ने हुनाले  हिन्दू धर्मको प्रतीकको रूपमा रहेको गाईलाई देवताको रूपमा मान्ने भएकाले यिनीहरू हिन्दूधर्मप्रति आबद्ध रहेका छन् । साथै यिनीहरू धर्मप्रति  बढी  आस्थावान रहेका छन् ।
- चारैतिर अन्य जातिको बस्तीले घेरिएर रहेका यस क्षेत्रका थारूहरूले अन्य जातिको प्रभावले गर्दा आफ्नो सामाजिक तथा सांस्कृतिक परम्परा र संस्कारहरू भुल्न थालिसकेका छन् र अन्य जातिहरूको संस्कार समेतको मिश्रित संस्कार अपनाउन थालेको पाइन्छ । यसको साथै अन्य जातिहरूसँगको सम्मिलन र समायोजनले यो जातिको खानपान, भेषभूषा, रहनसहन र बानी व्यवहारमा समेत परिवर्तन  ल्याएको छ । धामी झाँक्रीमा विश्वास गर्ने यस क्षेत्रका  थारु जति अहिले आएर बिरामी हुँदा  अस्पताल र हेल्थपोष्ट गएर उपचार  गराउन थालेको पाइन्छ ।

- खेतीपातीको कारणले आफ्नो जग्गाबाट हुने उत्पादनले खान पुग्ने थारु घरपरिवारको संख्या बढी छ भने आर्थिक रूपमा कमजोरी र खर्चको विनियोजन गर्ने ढङ्ग नभएका थारु जातिहरु आर्थिक रूपमा सक्षम हुन सकिरहेका छैनन् ।
- शैक्षिक क्षेत्रमा पछाडि परेका थारू जातिमा अहिले केहीमात्रामा भए पनि शैक्षिक चेतनाको विकास भएको कारण छोराछोरीहरूलाई विद्यालय पठाउन थालेका छन् ।
- परम्परागत पेसाप्रति सकारात्मक दृष्टिकोण राख्ने थारूहरू कृषि उपजको उत्पादनमा कमी आउने तथा त्यसमा विद्यमान मल, विऊ सिँचाइ आदिको समस्याले आर्थिक विपन्नताको चपेटामा परेर अन्य पेसा जस्तै श्रमिक, नोकरी, पशुपालन, व्यापार व्यवसाय तर्फ पनि लाग्ने गरेको पाइन्छ । विशेष गरी युवावर्गहरू कृषि कार्यमा दुःख बढी गर्नुपर्ने तर उत्पादन कम हुने गरेकोले यस पेसामा आफ्नो चाहना घटेको तथा अन्य वैकल्पिक रोजगारीको समेत अभावले गर्दा आर्थिक अवस्थामा ठूलो समस्या आएको विचार व्यक्त गर्दछन् ।
- थारू महिलाहरूमा आएको शैक्षिक चेतनाको कारण गाउँमा नै महिला समूह गठन गर्ने तथा नारी उत्थानको लागि जागरुक हुनेतर्फ अगाडि बढेको देखिन्छ ।
- चाडपर्व, विवाह, ब्रतबन्धमा अनावश्यक खर्च आदि कारणले गर्दा थारूहरू आफ्नो जग्गा गैरथारूहरूको हातमा सुम्पिदै आएका छन् ।
- थारूहरू हिन्दू धर्ममा बढी आस्था राख्नुको साथै अलौकिक शक्तिमा बढी विश्वास गरी पूजाआजा समेत गर्ने गर्दछन् ।
- राजनीतितर्फ चासो दिन थालेका छन् साथै आफ्नो जातित्व विकासको लागि सचेत भइरहेका छन् ।
- यिनीहरू आफ्नो मौलिक संस्कृति र परम्परा लोप हुँदै गएको मा चिन्तित छन् ।

# सन्दर्भग्रन्थसूची

***केन्द्रीय, तथ्याक्त विभाग*** (२०५८) काठमाडौं ।

गौतम, टेकनाथ (२०४४) ***थारु जातिको इतिहास तथा संस्कृति*** (दाङ सुसिलकुमार गौतम प्रथम संस्करण) ।

घिमेरे, देवेन्द्र (२०४४) ***थारु जातिको इतिहास र संस्कृति*** साझा प्रकाशन काठमाडौं ।

..........., (२०५२) ***थारु आदिवासी नेपाली*** ( गोमादेवी चापागाइँ प्रथम संस्करण ) ।

चौधरी, नीलमकुमार (२०५५) ***चितौंने थारुको परिचय हेल्प नेपाल एशोसियनशन,*** प्रथम संस्करण ।

चौधरी, श्रीराम ( २०६४) ***थारुहरूको संक्षिप्त अर्थ राजनीति*** ( सन्दर्भ मौखिक इतिहास सङ्कलन) समाजमा वातावरणीय शिक्षाको विकास (सीड) तुल्सीपुर , दाङ ।

चौधरी, महेश (२०६४) **नेपालको तराई तथा यसका भूमिपुत्रहरू ग्रामीण महिला विकास संस्था, दाङ** ।

चौधरी, श्रवण (२०६४) ***थारु जातिको संस्कृति र चाडपर्वहरूको छोटो परिचय,*** ( हाम्रो सम्पदा, राष्ट्रिय मासिक, वर्ष ७, अङ्क ८) काठमाडौं :

पञ्चियार, तेजनारायण (२०५५) **मेरा आफ्नै शब्दमा थारु जातिको विगतको खोजीमा, नेपाली एसियाली अनुसन्धान केन्द्र, कीर्तिपुर,** काठमाडौं ।

***वार्षिक जिल्ला विकास योजना (२०६१/२०६२) जिल्ला विकास समिति,*** रूपन्देही ।

विष्ट , डोरबहादुर (२०५५) **सबै जातको फुलबारी,** साझा प्रकाशन, काठमाडौं ।

रूपन्देही विकास पत्र (२०६५) आषाढ, वर्ष ११, अङ्क १ जिविस, कार्यालय, रूपन्देही ।

रेग्मी, ऋषि केशवराज (२०३५) ***एक स्रोत, तिनधारा,*** साझा प्रकाशन , काठमाडौं ।

शर्मा , डा. मेदिनीप्रसाद (२०४४) ***थारु जाति एक अध्ययन,*** (पूर्वाञ्चल साहित्य प्रतिष्ठान प्रथम संस्करण) विराटनगर ।

शर्मा , नगेन्द्र (२०३७) ***नेपाली जनजीवन,*** साझा प्रकाशन, (दोस्रो संस्करण) , काठमाडौं ।

शर्मा, जनकलाल (२०३९) ***हाम्रो समाज एक अध्ययन,*** साझा प्रकाशन, काठमाडौं ।

उप्रेती, लयप्रसाद (२०५४) *नेपालका विभिन्न जनजातिहरु तिनीहरुको रहनसहन, धर्म, संस्कृति,* अठराई पुस्तक भण्डार, काठमाडौं ।

## अंग्रेजी पुस्तक तथा पत्रपत्रिकाहरू

Bista, Dor Bahadur, 1972 A.D. *People of Nepal,* Ratnpustak Bhandar

CERID, 1988, *Educational Status of Tharu, a Study Report,* Kathmandu , T.U.

Harald O. SKar: 1995 A.D. *Contributions to Nepalese Studies,* Vol. 22,

Majumdar, D.N. 1942 A.D. , *Tharus and Their Blood Group; Journal of Royal Sciatic Society of Bengal;* Vol. 3

Pyakurel , Kailasnath 1982 A.D, *Ethnicity of Rural Development, A Sociological Study of Four Tharu Village* (PHD thesis) Michigan University,

Rajaure, Drona Prasad 1977. A.D., *Anthropological Study of the Tharu of Dang Deukhuri,*

Regmi, Rishi Keshabraj, 1999 A.D, *Dimension of Nepali Culture and Society*

## घरधुरी सर्वेक्षणका लागि तयार गरिएको प्रश्नावली

१. घरधुरी सङ्ख्या : मितिः

२. उत्तरदाताको पूरा नामः वैवाहिक स्थिति :

लिङ्ग : उमेर :

टोलः धर्म :

जिल्ला : गा.वि.स. : वडा नं. :

प्रमुख व्यवसायः सहायक व्यवसाय :

साक्षर : निरक्षरः

३.परिवारको सदस्य सङ्ख्या

४. पारिवारिक विवरण :

| सिं.नं. | नाम | घरमुलीसँग नाता | लिङ्ग | उमेर | वैवाहिक स्थिति | शैक्षिक स्तर | पेसा | अन्य |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |

५.शिक्षाप्रंतिको धारणाः

५.१ तपाईको विचारमा छोराछोरीलाई पढाउन आवश्यक छ कि छैन ?

क) छ ख) छैन

५.२ छोरीलाई कतिसम्म पढाउन चाहनुहुन्छ ?

क) प्राथमिक ख) माध्यमिक ग) उच्च शिक्षा

५.३ छोरीलाई पढ्न नपठाउनुको कारण के होला ?

क) घरमा काम गर्ने मानिसको अभावले

ख) विवाह गरी अर्काको घर जाने भएकोले

ग) परम्पराको विपरित हुने भएकोले

घ) आर्थिक समस्याले

ङ) अन्य कारण

६. तपाईको विचारमा छोराछोरीमध्ये कुन महत्वपूर्ण लाग्छ ?

क) छोरी ख) छोरा ग) दुबै बराबर

७. थारू समाजमा कस्तो प्रकारको विवाह गर्ने प्रचलन बढी प्रचलित छ ?

क) मागी विवाह ख) प्रेम विवाह ग) चोरी विवाह घ) अन्य

८. अन्तरजातीय विवाहप्रति कस्तो धारणा छ ?

क) राम्रो ख) नराम्रो ग) ठीकै

९. छोराछोरीको विवाह अन्य जातिसँग भएको भए सो को विवरण दिनुहोस्

क) भएको छ ख) भएको छैन (भएको भए कुन जातिमा ……)

१०. छोराछोरीको विवाह कुन उमेरमा गर्ने चलन छ ?

………………………………………………………………………………………

११. परिवारको सञ्चालन कसले गर्दछ ।

क) श्रीमान् ख) श्रीमती ग) उमेर पुगेको छोरा

१२. स्वास्थ्यसम्बन्धी ज्ञान छ कि छैन ?

क) छ ख) छैन

१३. बिरामी हुँदा प्राथमिकताका आधारमा कहाँबाट उपचार गराउनुहुन्छ ?

क) धामीझाँक्री ख) वैद्य ओषधी ग) अस्पताल

घ) हेल्थपोष्ट ङ) अन्य

१४ घरमा भएका साना नानी तथा गर्भवती महिलालाई खोप दिने गर्नु भएको छ कि छैन?

क) छ ख) छैन

यदि छ भने कुन कुन खोप दिने गर्नु भएको छ ?

| सिं नं | | | | | |
|---|---|---|---|---|---|
| खोपको नाम | | | | | |

१५. गर्भवती महिलालाई सुत्केरी गराउँदा कसको सहयोग लिनु हुन्छ ?

क) सुडेनी ख) नर्स ग) डाक्टर घ) घरको मानिस

१६. परिवार नियोजनका साधन प्रयोग गर्नु भएको छ कि छैन ?

क) छ ख) छैन

यदि छ भने कुन साधन प्रयोग गर्नु भएको छ ?

क) स्थायी ख) अस्थायी

१७. खानेपानीको मुख्य स्रोत के हो ?

क) धारा ख) इनार ग) ट्युबेल घ) अन्य

१८. घरमा चर्पी छ कि छैन ?

क) छ ख) छैन

१९. एकवर्षमा कुन कुन चाडपर्व मनाउनुहुन्छ ?

१.

२..

३.

२०. संस्कार वा चाडपर्व खर्चिला छन् छैनन् ? यदि खर्चिला छन् भने सुधार गर्न खोज्नु भएको छ छैन ?

क) छ ख) छैन

२१. थारू गैर जातिको चाडपर्व पनि मनाउने गर्नु भएको छ

क) छ ख) छैन

यदि छ भने कुन कुन मनाउनु हुन्छ ?

१.

२..

३.

२२. भूतप्रेतमा विश्वास राख्नु हुन्छ कि हुँदैन ?

क) राख्छौ ख) राख्दैनौ ग) अलिअलि राख्छौ

२३. जमिनको आकार

| सिं.नं. | जमिनको प्रकार | जमिनको क्षेत्रफल विघा/कठ्ठा | आफ्नो स्वामित्व | मोहियानी | ऐलानी | घडेरी | अन्य |
|---|---|---|---|---|---|---|---|
| १ | खेत | | | | | | |
| २ | बारी | | | | | | |
| ३ | अन्य | | | | | | |

२४ मुख्य बाली/उत्पादन समेत (मुरिमा)

| सिं.नं. | मुख्य बाली र उत्पादन | | | | | |
|---|---|---|---|---|---|---|
| १ | वर्षे | उत्पादन | हिउँदे | उत्पादन | नगदे | उत्पादन |
| २ | | | | | | |
| ३ | | | | | | |

२५. तपाईले घरमा पालेका पशुपंक्षीको विवरण दिनुहोस् ।

| क.सं. | पशुपंक्षीको नाम | सङ्ख्या |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |
| ७ | | |
| ८ | | |

२६. घरको प्रकार कस्तो छ ?
१. क) पक्की ख) कच्ची
१.२ क) छानाको प्रकार : क) टिन ख) खर ग) टायल घ) खपटा
१.३ गाह्रोको प्रकार : क) सिमेन्ट ख) बाँसको टाटी ग) माटोको भित्ता
२७. तपाईको पेसा के हो ?
क) कृषि ख) व्यापार ग) सेवा
घ) मजदुर ङ) ज्यालादारी च) अन्य
२८. तपाईको आम्दानीको मुख्य स्रोत के हो ?
…………………………………………………………………………………
२९. तपाईको आम्दानीले कतिसम्म खान पुग्छ ?
क) ३ महिना ख) ६ महिना
ग) ९ महिना घ) वर्षदिन खान पुगेर बेच्न समेत पुग्ने
३०. ऋण सापट लिने गरेको छ छैन ?
क) छ ख) छैन
यदि छ भने कहाँबाट लिनु हुन्छ ?
क) वैंकबाट ख) साहुमहाजनसँगबाट ग) छिमेकीसँगबाट
३१. आफ्नो परम्परागत पेसाप्रति सन्तुष्ट हुनुहुन्छ ?
क) छु ख) छैन
३२. आफ्नो परम्परागत पेसा छोराछोरीलाई पनि सिकाउन चाहनुहुन्छ ?
क) चाहन्छु ख) चाहन्न
३३. सञ्चारका साधनहरु के के छन् ?
क) रेडियो ख) टि.भी. ग) भिडियो
घ) टेलिफोन ङ) अन्य
३४. खाना पकाउनका लागि के को प्रयोग गर्नुहुन्छ ?
क) दाउरा ख) गुइँठा ग) ग्याँस घ) मट्टितेल
३५. थार जातिको सम्पूर्ण पक्षको विकासका लागि कुन-कुन पक्षमा सुधार गर्नु पर्ला ?
१.
२.
३.
४.

जानकारसँग गरिएको अन्तर्क्रियाको चेकलिष्ट

१. सौ फर्साटीकर गा.वि. स मा थारु जातिको आगमन
२. थारु जनजातिको उत्पत्ति र विकास
३. थारुको धर्मप्रतिको विश्वास
४. रहनसहन
५. लवाइखवाई
६. मौलिक पहिचान

७. संस्कार तथा पर्व मनाउने तरिका
८. जन्म, मृत्यु र विवाहमा गरिने प्रक्रिया
९. छोराछोरीमा हुने विभेद
१०. आय आर्जनका लागि गरिने प्रयास
११. संस्कार तथा चाडपर्वमा गरिने खर्च
१२. समाज र अन्तर सम्बन्ध
१३. सामाजिकीकरण हुने व्यवस्था
१४. सामाजिक अन्तर्क्रिया
१५. सम्मिलन र समायोजन
१६. थारु समुदायमा विगत दशवर्ष यता संस्कारहरूमा देखिएको परिवर्तन
१७. सामाजिक समस्या
१८. परिवार तथा नातेदारी व्यवस्था
१९.रीतिरिवाज र मूल्यमान्यता
२०. समाधानका उपाय
२१.गाउँको राजनैतिक जनचेतना
२२.माओवादी आन्दोलनको प्रभाव
२३.नाता सम्बन्ध
२४. नाता सम्बन्ध चिनाउने प्रचलन
२५. भोजभतेरमा देखिएको परिवर्तन

## रुपन्देहीका आदिवासी थारु जातिको सामाजिक–सांस्कृतिक अवस्था र परिवर्तनहरु
## (रुपन्देही जिल्लाको सौ फर्साटीकर गा.वि.स. को एक अध्ययन )

नेपालको विभिन्न क्षेत्रमा छरिएर रहेका विभिन्न जातीय समुदायमध्ये आफ्नो छुट्टै मौलिक विशेषता बोकेको थारु समुदाय तराईको प्रमुख क्षेत्रफल ओगटेको एक आदिवासी जाति हो । थारु जाति अति नै सोझा, इमानदार र परिश्रमी जातिको रुपमा चिनिन्छन् । रुपन्देही जिल्ला सौ फर्साटीकर गा.वि.स. तिब्र सहरीकरण भइरहेको गा.वि.स. हो । यो गा.वि.स. आफ्ना सीमावर्ती गा.वि.स. भन्दा आर्थिक रुपमा विकसित रहेको छ । जातिगत रुपमा विविधतापूर्ण रहेको यस गा.वि.स. मा ब्राह्मण, क्षेत्री, नेवार, मगर , गुरुङ, मुसलमान, यादव, बानिया, तेली दमाइ, सार्की कामी लगायत जातजातिहरु बस्दछन् । कृषिलाई प्रमुख पेसाको रुपमा लिएका यी जातिहरुमध्ये अधिकांश जातिले मातृभाषाका रुपमा नेपाली भाषाको प्रयोग गर्छन् भने केही जातिहरुले आफ्नै भाषाको प्रयोग गर्दछन् ।

यस सौ फर्साटीकर गा.वि.स. मा बसोवास गर्ने थारु समुदायको विगत १० वर्षदेखि यताको सामाजिक सांस्कृतिक अवस्थाको स्थिति कस्तो छ ? के कस्तो व्यवहारले निरन्तरता पाइरहेको छ र के कस्ता परिवर्तनहरु देखापरेका छन् भन्ने विषयमा अध्ययन एवम विश्लेषण गरिएको छ । अध्ययन गर्ने क्रममा आदिवासी थारु जतिको आगमन, रहनसहन, भेषभूषा, चाडपर्व, पेसा तथा सङ्गठनात्मक परिवर्तनहरुको अध्ययन एवम् विश्लेषण गरिएको छ ।

### अध्ययनको उद्देश्य

यस अध्यनको मुख्य उद्देश्य आदिवासी थारु जातिको सामाजिक सांस्कृतिक अवस्था र परिवर्तनका पक्षहरुको अध्ययन गर्नु रहेको छ । यस अध्ययनको विशिष्ट उद्देश्यरु निम्न रहेका छन्

१. थारु जतिको सामाजिक सांस्कृतिक अवस्थाको अध्ययन गर्नु ,

२. थारु जतिको परम्परागत सामाजिक सास्कृतिक जीवनमा आएको परिवर्तनहरुको पहिचान गर्नु ।

**अध्ययन विधिः** यस शोधपत्र तयार पार्ने क्रममा निम्न अनुसन्धान विधिहरु अपनाइएको छ ।

**(क) क्षेत्र छनोट** : सौ फर्साटीकर गा.वि.स को समाज विविधतापूर्ण भएको, रुपन्देहीको तीव्र सहरीकरण भइरहेको गा.वि.स. भएकाले र त्यसले थारु जातिको जीवनस्तरमा प्रत्यक्ष असर पारिरहेको परिप्रेक्ष्यमा यस गा.वि.स.लाई अध्ययन क्षेत्रका रुपमा छनोट गरियो ।

**(ख) अनुसन्धान ढाँचा** : यस अध्ययनमा अन्वेषणात्मक र वर्णनात्मक दुवै किसिमको अनुसन्धान ढाँचा अन्तर्गत रहेर तथ्याङ्क सङ्कलन गरिएको छ । जसमा अध्ययनको विषयमा विभिन्न प्राथमिक तथा द्वितीय तथ्याङ्कका स्रोतहरुको सङ्कलन र त्यसको विश्लेषण गरिएको छ ।

**(ग) समग्र र नमुना छनोट** : यस गा.वि.स. को कुल जनसंख्या ७९७३ मध्ये थारु जतिको २८८९ रहेको छ । सम्पूर्ण जनसंख्याको कुल घरधुरी संख्या १३९५ भएकोमा थारु परिवारको ४६० रहेको छ । यस गा.वि.स. को ९ वटा वडाहरुमा हरेक वडाबाट ६/६ घरधुरीलाई **उद्देश्यमूलक नमुना छनोट** विधि अनुसार ५४ घरपरिवारलाई अध्ययनका लागि छनोट गरियो ।

**(घ) तथ्याङ्कको प्रकृति र स्रोत** : यस अध्ययनमा गुणात्मक र संख्यात्मक दुवै तरिकाले तथ्याङ्क सङ्कलन गरिएको छ । तथ्याङ्क सङ्कलन गर्दा प्राथमिक र द्वितीय दुवै तथ्याङ्कका स्रोतहरुको प्रयोग गरिएको छ । प्राथमिक तथ्याङ्को स्रोतहरुमा प्रश्नावली, प्रत्यक्ष अवलोकन, प्रमुख जानकार व्यक्तिसँगको अन्तर्वार्ता आदि रहेका छन् । त्यसै गरी द्वितीय तथ्याङ्कका स्रोतहरुमा विभिन्न संघ-संस्थाबाट प्रकाशित लेख, पुस्तकहरु तथा पत्रपत्रिकाको अध्ययन आदि रहेका छन ।

**(ङ) तथ्याङ्क सङ्कलनका तरिकाहरु :** (अ) प्रश्नावली (आ) प्रत्यक्ष अवलोकन (इ) प्रमुख जानकार व्यक्तिसँगको अन्तर्वार्ता

**(च) विश्लेषणको तरिका** : तथ्याङ्क विश्लेषण गर्दा प्राप्त तथ्याङ्कहरुलाई साङ्केतिकीकरण, वर्गीकरण गरी अन्त्यमा तालिकीकरण गरिएको छ ।

**(छ) अध्ययनको सीमा** : यो अध्ययन सौ फर्साटीकर गा.वि.स. मा मात्र सीमित गरियो । तथ्याङ्क सङ्कलन गर्दा यस गा.वि.स. को सबै वडाहरुको प्रतिनिधित्व हुने गरी थारु जातिको अध्ययन गरियो ।

**निष्कर्ष :** यस अध्ययनको उद्देश्य अनुरुप यस गा.वि.स. मा बसोवास गरेका थारु जातिको सामाजिक, सांस्कृतिक स्थिति, पारिवारिक संरचना, रीतिरिवाज र संस्कृति, आर्थिक अवस्था साथै यसमा देखिएको परिवर्तनहरुको बारेमा निम्न निष्कर्षहरु प्राप्त भए :

- अध्ययन क्षेत्रमा चारैतिर अन्य जातिको वस्तीले घेरिएर रहेका यस क्षेत्रका थारु जातिले अन्य जातिको प्रभावले गर्दा आफ्नो सामाजिक सांस्कृतिक परम्परा र संस्कारहरु भुल्न थालिसकेका छन र अन्य जातिहरुको संस्कार सहितको मिश्रित संस्कार अपनाउन थालेको यस अध्ययनले देखाएको छ ।
- यस क्षेत्रमा अन्य जातिहरुको बसोवास, सम्मिलन र समायोजनले गर्दा थारु जातिको खानपान, भेषभूषा, रहनसहन र बानी व्यवहारमा समेत परिवर्तन देखिएको छ ।
- थारु महिलाहरुमा आएको राजनैतिक जनचेतनाको कारण गाउँमा महिला समूह गठन गर्ने तथा नारी उत्थानका लागि जागरुक हुनेतर्फ अगाडि बढेको देखिन्छ भने आफ्नो जातित्व विकासको लागि सचेत भइरहेको देखिन्छ ।